(संवत् २०८३ साल साउन मसान्तसम्म भएका संशोधन मिलाइएको)

# सैनिक सेवा नियमावली, २०६९

राजपत्रमा प्रकाशित मिति
२०६९।१०।१०

**संशोधन**

| | |
|---|---|
| १. सैनिक सेवा (पहिलो संशोधन) नियमावली, २०७५ | २०७५।३।२० |
| २. सैनिक सेवा (दोस्रो संशोधन) नियमावली, २०७५ | २०७५।१२।७ |
| ३. सैनिक सेवा (तेस्रो संशोधन) नियमावली, २०७७ | २०७७।९।२९ |
| ४. सैनिक सेवा (चौथो संशोधन) नियमावली, २०७८ | २०७८।५।१४ |
| ५. सैनिक सेवा (पाँचौ संशोधन) नियमावली, २०७९ | २०७९।६।२५ |
| ६. सैनिक सेवा (छैटौं संशोधन) नियमावली, २०८३ | २०८३।२।२१ |

सैनिक ऐन, २०६३ को दफा १४३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "सैनिक सेवा नियमावली, २०६९" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "अधिकृत क्याडेट" भन्नाले अधिकृतमा कमिशन हुन अधिकृत क्याडेट तालिमको लागि छनौट भएका व्यक्ति सम्झनु पर्छ ।

(ख) "आर्टिलरी फौज" भन्नाले युद्धको समयमा आधारभूत लडाकु फौजलाई फायर सपोर्ट दिएर सहयोग पुर्याउने विभिन्न ठूला हात-हतियार तथा तोपहरुबाट सु-सज्जित फौजलाई सम्झनु पर्छ ।

(ग) "आधारभूत फौज" भन्नाले अपरेशन संचालन गर्ने फौजलाई सम्झनु पर्छ र सो शब्दले ईन्फ्यान्ट्री, मेकनाईज्ड ईन्फ्यान्ट्री फौज समेतलाई जनाउँछ ।

(घ) "आर्म्स" भन्नाले युद्धमा भाग लिने आधारभूत फौजलाई सम्झनु पर्छ र सो शब्दले ईन्फ्यान्ट्री, आरमोर, आर्टिलरी, एयर डिफेन्स आर्टिलरी, ईन्जिनियर्स तथा सिग्नल समेतलाई जनाउँछ ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(ङ) “ईन्जिनियर्स फौज” भन्नाले युद्धको समयमा आधारभूत लडाकु फौजलाई आवश्यकता अनुसार सहयोग पुर्याउने श्रोत साधनयुक्त फौजलाई सम्झनु पर्छ ।

(च) “ईन्ट तथा सुरक्षा समूह” भन्नाले नेपाली सेनालाई चाहिने अति संवेदनशिल सूचनाहरुको संकलन र सहि विश्लेषण गरी प्रवाह गर्ने तथा भविष्यमा आउन सक्ने सम्भावित घटनाहरुको पूर्व आंकलन गर्ने समूहलाई सम्झनु पर्छ ।

(छ) “एयर डिफेन्स आर्टिलरी फौज” भन्नाले युद्धको समयमा आधारभूत लडाकु फौजलाई शत्रु वा विपक्षीको विविध हतियार तथा साधनहरुको प्रयोगबाट हुने हवाई हमलालाई निस्क्रिय वा न्यून पार्न प्रत्यक्ष प्रतिरक्षात्मक कारवाही गर्ने फौजलाई सम्झनु पर्छ ।

(ज) “ऐन” भन्नाले सैनिक ऐन, २०६३ सम्झनु पर्छ ।

(झ) “कम्ब्याट आर्म्स फौज” भन्नाले युद्धमा प्रत्यक्ष संलग्न हुने गूत्थमगूत्थाको लडाईमा सहभागी हुने आधारभूत लडाकु फौजलाई सम्झनु पर्छ र सो शव्दले ईन्फ्यान्ट्री, मेकनाईज्ड ईन्फ्यान्ट्री तथा स्पेशल फोर्स समेतलाई जनाउँछ ।

(ञ) “कम्ब्याट रिलेटेड डिउटीज्” भन्नाले लडाईमा प्रत्यक्ष रुपमा संलग्न नहुने तथा खण्ड (ण) मा उल्लेखित डाईरेक्ट कम्ब्याट डिउटीज् बाहेकका सैनिक निकायहरुले गर्ने कार्यलाई सम्झनु पर्छ र *सो शब्दले पदिक तथा मद्दती अंगहरुमा गरिने बन्दोबस्ती तथा प्रशासनिक कार्यलाई समेत जनाउँछ ।

(ट) “कार्य सम्पादन मूल्याङ्कन” भन्नाले नियम ३९ बमोजिमको विवरण सम्झनु पर्छ।

(ठ) “कार्य समूह” भन्नाले नेपाली सेनालाई सुदृढ एवं व्यवस्थित किसिमले सञ्चालन गर्ने र सकल दर्जालाई तालिम दिई पेशागत दक्षता बढाउने, अनुशासन कायम गर्ने र रेकर्ड अद्यावधिक गर्ने मुख्य जिम्मेवारी भएको समूहलाई सम्झनु पर्छ ।

⊛(ड) “कार्यालय प्रमुख” भन्नाले जङ्गी अड्डा र सो अन्तर्गतका पृतना, वाहिनी, निर्देशनालय, गण र गुल्म वा सो सरहका युनिटको प्रमुख वा पृतना तथा वाहिनीमा रहेका कम्ब्याट सपोर्ट र कम्ब्याट सर्भिस सपोर्ट अङ्गका प्रमुख तथा निर्देशनालय, शिक्षण संस्था, डिपो र अनाश्रित रुपमा कार्यसम्पादन गर्ने कार्यालयका प्रमुख सम्झनु पर्छ ।

(ढ) “जङ्गी अड्डा” भन्नाले सैनिक मुख्यालय सम्झनु पर्छ ।

(ण) “डाईरेक्ट कम्ब्याट डिउटीज्” भन्नाले देहायको निकायमा कार्यरत सैनिक व्यक्तिहरुले लडाईको समयमा अग्र भागमा गई प्रत्यक्ष रुपमा लड्ने कार्यलाई सम्झनु पर्छः-

(१) पदिक अंग तर्फका गण/गुल्महरु तथा सो सरहका निकायहरु,

---

* दोस्रो संशोधनद्वारा थप ।

⊛ दोस्रो संशोधनद्वारा संशोधित ।

(२) विशेष फौज तर्फका गण/गुल्महरु तथा सो सरहका निकायहरु,

(३) ईन्जिनियर्स अंग तर्फका गण/गुल्महरु तथा सो सरहका निकायहरु,

(४) आर्टिलरी तर्फका गण/व्याट्रीहरु तथा सो सरहका निकायहरु,

(५) हवाई सुरक्षा अंग तर्फका गण/व्याट्रीहरु तथा सो सरहका निकायहरु ।

(त) "पदपूर्ति समिति" भन्नाले नियम ८ बमोजिमको पदपूर्ति समिति सम्झनु पर्छ ।

≈(थ) "पदिक वा हुद्दा क्याडेट" भन्नाले अधिकृतमा कमिशन हुन पदिक वा विल्लादार क्याडेटमा तालीमको लागि छनौट भएको सैनिक व्यक्ति सम्झनु पर्छ ।

(द) "परिवार" भन्नाले सैनिक व्यक्तिसँग बस्ने तथा निज आफैंले पालन पोषण गर्नु पर्ने पति, पत्नी, छोरा, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु आमा वा सौतेनी आमा सम्झनु पर्छ र सो शब्दले विवाहिता महिला सैनिक व्यक्तिको हकमा निजको सासु ससुरा समेतलाई जनाउँछ ।

(ध) "प्रिन्सिपल स्टाफ अफिसर्स (पि. एस. ओज.)" भन्नाले विभागीय प्रमुखहरुलाई सम्झनु पर्छ र सो शब्दले प्रधान सेनापतिले पि.एस.ओज. भनी तोकेको उपरथी वा सो भन्दा माथिल्लो दर्जाको अधिकृत समेतलाई जनाउँछ ।

(न) "प्रिन्सिपल स्टाफ अफिसर्स समिति" भन्नाले नियम ९९ बमोजिम गठन हुने समितिलाई सम्झनु पर्छ ।

(प) "बढुवा समिति" भन्नाले नियम ३३ बमोजिमको बढुवा समिति सम्झनु पर्छ ।

(फ) "बन्दोबस्ती समूह" भन्नाले नेपाली सेनालाई शान्तिकाल वा युद्धको समयमा चाहिने आवश्यक सामानहरुको पूर्ति र व्यवस्थित किसिमले वितरण गर्ने जिम्मेवारी भएको समूहलाई सम्झनु पर्छ ।

(ब) "मन्त्रालय" भन्नाले रक्षा मन्त्रालय सम्झनु पर्छ ।

(भ) "विभागीय प्रमुख" भन्नाले जङ्गी अड्डाभित्रका बलाधिकृत विभाग, बलाध्यक्ष विभाग, कार्यरथी विभाग, प्रवन्धरथी विभाग, सम्भाररथी विभाग, निरीक्षणाधिकृत विभाग र नेपाल सरकारले विभागको रुपमा तोकेको कार्यालयका प्रमुख सम्झनु पर्छ ।

(म) "सर्पोटिङ्ग फौज" भन्नाले आधारभूत लडाकु फौजलाई युद्धमा सहयोग पुर्याउने फौजलाई सम्झनु पर्छ र सो शब्दले आर्टिलरी, एयर डिफेन्स आर्टिलरी, आर्मी एभिएसन, ईन्जिनियर्स तथा सिग्नल समेतलाई जनाउँछ ।

(य) "सर्भिसेज् फौज" भन्नाले आर्म्स् तथा आधारभूत फौजहरुलाई उनीहरुको आवश्यकता अनुसारको सेवा उपलव्ध गराउने दायित्व भएको निकायलाई सम्झनु पर्छ र सो

≈ चौथौं संशोधनद्वारा संशोधित ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

शब्दले नेपाली सेनाका सबै बन्दोवस्ती अंगहरु, डिपोहरु, जंगी असवाव खाना, सैनिक बन्दोवस्ती अड्डा र यस अन्तर्गतका यूनिट/सवयूनिटहरु र विद्युत तथा यान्त्रिक सेवा निर्देशनालय समेतलाई जनाउँछ ।

(र) "सिग्नल फौज" भन्नाले युद्धको समयमा आधारभुत लडाकु फौजलाई आवश्यकता अनुसार सञ्चार सुविधा उपलव्ध गराएर सहयोग पुर्याउने श्रोत साधनयुक्त फौजलाई सम्झनु पर्छ ।

(ल) "सिग्नल समूह" भन्नाले नेपाली सेनाको संचार क्षेत्रलाई व्यवस्थित गर्ने प्रमुख जिम्मेवारी भएको समूहलाई सम्झनु पर्छ ।

•(ल१) "सेना परिचालन" भन्नाले राष्ट्रिय सुरक्षा परिषद्को सिफारिसमा भएको सेना परिचालन सम्झनु पर्छ।

(व) "सैनिक प्रहरी" भन्नाले सैनिक प्रहरी प्रमुखको मातहतमा रही काम गर्ने सैनिक अधिकृतदेखि जवानसम्मको युनिट सम्झनु पर्छ र सो शब्दले सैनिक प्रहरी प्रमुख समेतलाई जनाउँछ ।

(श) "सैनिक व्यक्ति" भन्नाले नेपाली सेनामा भर्ना भएका सैन्य र अधिकृत क्याडेट लगायत सैनिक ऐन लागू हुने व्यक्ति सम्झनु पर्छ ।

(ष) "सैनिक सचिव" भन्नाले जङ्गी अड्डाको सैनिक सचिव सम्झनु पर्छ ।

(स) "सैन्य" भन्नाले सिपाहीमा नयाँ नियुक्ति भई सिपाही तालिमको लागि छनौट भएका व्यक्ति सम्झनु पर्छ ।

## परिच्छेद-२

## सैनिक सेवाको गठन, पदपूर्ति तथा नियुक्ति सम्बन्धी व्यवस्था

३. **नेपाली सेनामा रहने सेवा र समूहः** (१) नेपाली सेनामा देहाय बमोजिमका सेवा रहने छन्:-

(क) सैनिक साधारण सेवा,

(ख) सैनिक प्राड सेवा,

(ग) सैनिक प्राविधिक सेवा,

(घ) सैनिक हवाई सेवा,

(ङ) सैनिक विविध सेवा ।

(२) उपनियम (१) बमोजिमको सेवामा रहने समूह अनुसूची-१ मा उल्लेख भए बमोजिम हुनेछ।

• पहिलो संशोधनद्वारा थप ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

४. **<u>नेपाली सेनामा रहने पदहरुको वर्गीकरणः</u>** (१) नेपाली सेनामा रहने पदहरुको वर्गीकरण देहाय बमोजिम हुनेछः-

(क) अधिकृत तर्फः- महारथी, रथी, उपरथी, सहायक रथी, महासेनानी, प्रमुख सेनानी, सेनानी, सह सेनानी, उप सेनानी र सहायक सेनानी ।

(ख) पदिक तर्फः- प्रमुख सुवेदार, सुवेदार र जमदार ।

(ग) विल्लादार तर्फः- हुद्दा, अमलदार र प्यूठ ।

(घ) अन्य दर्जातर्फः- सिपाही र फलोअर्स ।

(२) उपनियम (१) को खण्ड (घ) बमोजिमको फलोअर्समा रहने श्रेणी विहीन पद अनुसूची-२ बमोजिम हुनेछ ।

५. **<u>पदपूर्तिको तरिकाः</u>** (१) नेपाली सेनाको साधारण सेवामा रिक्त देहायका पदहरु देहाय बमोजिम पूर्ति गरिनेछः-

| | पद | खुल्ला प्रतियोगिताद्वारा | बढुवाद्वारा | आन्तरिक प्रतियोगिताद्वारा |
|---|---|---|---|---|
| (क) | फलोअर्स | १००% | ---- | ---- |
| (ख) | सिपाही | १००% | ---- | ---- |
| (ग) | प्यूठ वा सोभन्दा माथि प्रमुख सुवेदारसम्म | ---- | १००% | ---- |
| ≈(घ) | सहायक सेनानी | ७०% | १०% | २०% |
| (ङ) | उपसेनानी र सोभन्दा माथिका पदहरु | ---- | १००% | ---- |

≈(१क) उपनियम (१) को खण्ड (घ) बमोजिम सहायक सेनानी पदमा बढुवाद्वारा पूर्ति गर्न छुट्याइएको पदमा बढुवाके लागि र आन्तरिक प्रतियोगिताद्वारा पदपूर्ति गर्न छुट्याइएको पदमा आन्तरिक प्रतियोगिताको लागि योग्य उम्मेदवार उपलब्ध हुन नसकेमा वा अन्य कुनै कारणले

≈ चौथौं संशोधनद्वारा संशोधित ।

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

बढुवाद्वारा वा आन्तरिक प्रतियोगिताद्वारा पदपूर्ति हुन नसकेमा त्यस्तो पद त्यसके लगत्तै हुने पदपूर्तिको विज्ञापनमा खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदमा समावेश गरी पदपूर्ति गरिनेछ ।

(२) उपनियम (१) बमोजिम खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदहरुको पैंतालीस प्रतिशत पदसंख्या समावेशीकरणका लागि छुट्याई सो संख्यालाई शत प्रतिशत मानी देहाय बमोजिमका उम्मेदवारहरुका वीचमा मात्र छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछः-

| | | |
|---|---|---|
| (क) | महिला | -बीस प्रतिशत |
| (ख) | आदिवासी/जनजाती | - बत्तीस प्रतिशत |
| (ग) | मधेशी | -अट्ठाइस प्रतिशत |
| (घ) | दलित | -पन्ध्र प्रतिशत |
| (ङ) | पिछडिएको क्षेत्र | -पाँच प्रतिशत |

<u>स्पष्टीकरणः</u>

(१) यस उपनियमको खण्ड (ख),(ग), र (घ) को प्रयोजनको लागि "महिला, आदिवासी/जनजाति, मधेशी, दलित" भन्नाले आर्थिक र सामाजिक रुपमा पछाडि परेका महिला, आदिवासी/जनजाति, मधेशी, दलित सम्झनु पर्छ ।

(२) यस उपनियमको खण्ड (ङ) को प्रयोजनको लागि "पिछडिएको क्षेत्र" भन्नाले मनाङ, मुस्ताङ, अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ, बाजुरा, मुगु र हुम्ला जिल्ला सम्झनु पर्छ ।

(३) उपनियम (२) को खण्ड (ख), (ग) वा (घ) बमोजिम उम्मेदवार हुने व्यक्तिले कुनै एक खण्डको समुदायको उम्मेदवारको रुपमा मात्र प्रतिस्पर्धा गर्न सक्नेछ।

तर महिलाको हकमा यो व्यवस्था लागू हुने छैन ।

(४) उपनियम (२) बमोजिम पदपूर्ति गर्ने प्रयोजनका लागि आर्थिक र सामाजिक रुपमा पछाडि परेका महिला, आदिवासी/जनजाती, मधेशी र दलित समुदायको विवरण नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिम हुनेछ ।

तर त्यसरी नतोके सम्मको लागि जुनसुकै महिला, आदिवासी/जनजाती, मधेशी र दलित समुदायलाई आर्थिक तथा सामाजिक रुपमा पछाडि परेको समुदाय मानिनेछ ।

(५) उपनियम (२) बमोजिम छुट्याइएका पदको लागि दरखास्त पेश गर्दा देहाय बमोजिमका प्रमाण संलग्न हुनु पर्नेछः-

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(क) आदिवासी/जनजातिका लागि नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानबाट आदिवासी/जनजाति भनी प्रमाणित भएको,

तर नेपाल आदिवासी/नजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित ≈स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्नेछ ।

(ख) दलितका लागि राष्ट्रिय दलित आयोगबाट दलित भनी प्रमाणित भएको,

तर राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित ≈स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नुपर्नेछ।

(ग) मधेशीका लागि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेशी भनी प्रमाणित भएको,

तर नेपाल राजपत्रमा सूचना प्रकाशित गरी संस्था नतोके सम्म सम्बन्धित ≈स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट "मधेशी" भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्नेछ ।

(घ) पिछडिएको क्षेत्रका लागि उपनियम (२) मा उल्लेख भएका जिल्लामा स्थायी बसोवास गरी सम्बन्धित जिल्लाबाट नै नागरिकताको प्रमाणपत्र प्राप्त गरेको तथा सम्बन्धित ≈गाउँपालिका वा नगरपालिकाबाट दरखास्त दिंदाका बखतसम्म सोही स्थानमा स्थायी बसोवास भएको भन्ने सिफारिस गरिएको ।

(६) उपनियम (२) बमोजिम प्रतिशत निर्धारण गर्दा एक प्रतिशत भन्दा कम घतांक (फ्र्याक्सन) आएमा त्यस्तो घतांक जुन समूहको हकमा आएको हो सो भन्दा लगत्तै पछिको समुदायमा सर्दै जानेछ ।

(७) उपनियम (२) बमोजिम समावेशीतर्फ छुट्याइएको पदमा जुन वर्षको लागि विज्ञापन भएको हो सो वर्ष हुने विज्ञापनमा उम्मेदवार उपलब्ध हुन नसकेमा

---

≈ चौथौं संशोधनद्वारा संशोधित ।



कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

वा आवश्यक संख्यामा उमेदवार उत्तीर्ण हुन नसकी आवश्यक संख्यामा पदपूर्ति हुन नसकेमा त्यसरी नपुग भएको पद संख्या सोही वर्षको ⊗खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने सोही वर्षको विज्ञापनद्वारा पूर्ति हुने पदमा समावेश गरी उम्मेदवारको छनौट गरिनेछ ।

*(२क) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि खुला प्रतियोगिताद्वारा पूर्ति गरिने रिक्त पदमध्ये पाँच प्रतिशत पदमा सैनिक तालीम वा आफ्नो कर्तव्य गर्दा गर्दै कुनै शारीरिक चोट पटक लागि सोही कारणबाट शारीरिक रुपमा अशक्त भएका र कर्तव्य पालनाको सिलसिलामा मृत्यु भएका सैनिकको यस नियमावली बमोजिमको आवश्यक योग्यता पुगेका सन्तती मध्येबाट प्रतिष्पर्धा गराई पदपूर्ति गरिनेछ । यसरी पदपूर्ति गर्न छुट्याइएको पदमा जुन वर्षको लागि विज्ञापन भएको हो सो वर्ष हुने विज्ञापनमा उम्मेदवार उपलब्ध हुन नसकेमा वा पदपूर्ति हुन नसकेमा पूर्ति हुन नसकेको पदसंख्या सोही वर्षको सोही विज्ञापनमा खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदमा समावेश गरी उम्मेदवारको छनौट गरिनेछ ।

(३) यस नियमावली बमोजिम नियुक्त साधारण सेवा तर्फका महिला सैनिकलाई कम्ब्याट रिलेटेड डिउटीज्को काममा मात्र लगाईनेछ ।

६. **पदपूर्तिको माग गर्ने व्यवस्थाः** (१) नेपाली सेनाको कुनै पद रिक्त भएमा त्यसको सूचना पद रिक्त भएको सात दिन भित्र सम्बन्धित कार्यालयले अधिकृतको हकमा सैनिक सचिव विभाग र अन्य दर्जाको हकमा कार्यरथी विभागमा पदपूर्तिका लागि पठाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम पदपूर्ति गर्ने सूचना प्राप्त भएको पन्ध्र दिन भित्र रिक्त पद बढुवाद्वारा पदपूर्ति गर्नुपर्ने भए बढुवा समितिको बैठक राख्नु पर्ने र खुल्लाद्वारा पदपूर्ति गर्नु पर्ने भए भर्ना छनौटमा लेखी पठाउनु पर्नेछ ।

तर बढुवा समितिको बैठक बस्ने समय भई नसकेको अवस्थामा आउने पहिलो बैठकमा पेश गर्न बाधा पर्ने छैन ।

(३) खुल्ला प्रतिस्पर्धाद्वारा गरिने पदपूर्ति कार्यतालिकामा निर्धारण गरे बमोजिम हुनेछ ।

७. **नेपाली सेनाको साधारण सेवाका विभिन्न पदमा नियुक्ति हुनका लागि आवश्यक योग्यताः** (१) खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने नेपाली सेनाको साधारण सेवाका देहायका पदमा नियुक्ति हुन देहायको योग्यता पुगेको हुनु पर्नेछः–

⊗ दोस्रो संशोधनद्वारा संशोधित ।

* दोस्रो संशोधनद्वारा थप ।

(क) अधिकृत क्याडेटका लागि,-

(१) नेपाली नागरिक,

(२) कम्तीमा प्रमाणपत्र तह उत्तीर्ण गरेको,

(३) प्रमाणपत्र तह उत्तीर्ण गर्नेको हकमा दरखास्त दर्ता गर्ने अन्तिम मितिसम्म अठार वर्ष उमेर पूरा भई एक्काईस वर्ष ननाघेको र स्नातक तह उत्तीर्ण गर्नेको हकमा अठार वर्ष उमेर पूरा भई चौबीस वर्ष ननाघेको,

तर कम्तीमा दुई वर्षको सेवा अवधि पूरा गरी सैनिक आधारभूत तालिम गरेका बहालवाला सैनिकको हकमा दरखास्त दिने अन्तिम मितिसम्म छब्बीस वर्ष ननाघेको हुनु पर्नेछ ।

(४) पुरुषको हकमा कम्तीमा पाँच फिट तीन इन्च र महिलाको हकमा कम्तीमा पाँच फिट उचाई भएको,

(५) पुरुषको हकमा छाती नफुलाउँदा बत्तीस इन्च र फुलाउँदा चौतीस इन्च भएको,

(६) पुरुषको हकमा कम्तीमा पचास किलोग्राम (एकशय दश पौण्ड) र महिलाको हकमा चालीस किलोग्राम (अठासी पौण्ड) तौल भएको,

(७) स्वास्थ्य परीक्षणबाट योग्य ठहरिएको,

(८) आ"खा माइनस दुई वा प्लस दुईभन्दा बढी कमजोर नभएको,

(९) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय नपाएको,

(१०) तत्काल कुनै राजनैतिक दलको सदस्य नरहेको,

(११) कुनै अपराधिक गतिविधिमा संलग्न नभएको वा नरहेको,

(१२) कुनै ध्वंसात्मक उद्देश्य भएको संस्थाको सदस्य नभएको वा नरहेको,

(१३) नेपाल विरुद्ध जासुसी गरेको अभियोगमा सजाय नपाएको,

(१४) मानव अधिकार र मानवीय कानूनको उल्लंघनमा सजाय नपाएको,

(१५) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त नभएको,

(१६) बहालवाला सैनिक व्यक्ति वाहेक अन्यको हकमा अविवाहित ।

(ख) सिपाहीका लागि,-



कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(१) दरखास्त दर्ता गर्ने अन्तिम मितिसम्म अठार वर्ष उमेर पूरा भई ⊛<u>बाईस वर्ष ननाघेको</u>,

तर फलोअर्स पदमा कार्यरत सैनिक व्यक्तिको हकमा छब्बीस वर्ष ननाघेको व्यक्ति समेत उम्मेदवार हुन सक्नेछ ।

(२) आठ कक्षा उत्तीर्ण गरेको,

(३) पुरुषको हकमा कम्तीमा पाँच फिट तीन इन्च र महिलाको हकमा कम्तीमा पाँच फिट उचाई भएको,

(४) पुरुषको हकमा पचास किलोग्राम (एकशय दश पौण्ड) र महिलाको हकमा चालीस किलोग्राम (अठासी पौण्ड) तौल भएका

(५) खण्ड (क) को उपखण्ड (१), (५), (७), (८), (९), (१०), (११), (१२), (१३), (१४), (१५) र (१६) मा उल्लेख भएको योग्यता पूरा भएको ।

(ग) फलोअर्सका लागि,-

⊛(१) दरखास्त दर्ता गर्ने अन्तिम मितिसम्म अठार वर्ष पूरा भई छब्बीस वर्ष ननाघेको,

(२) साधारण लेखपढ गर्न जानेको,

(३) पुरुषको हकमा छाती नफुलाउँदा तीस इन्च र फुलाउँदा बत्तीस इन्च भएको,

(४) पुरुषको हकमा कम्तीमा पाँच फिट दुई इन्च र महिलाको हकमा चार फिट दश ईन्च उचाई भएको,

(५) खण्ड (क) को उपखण्ड (१), (६), (७), (८), (९), (१०), (११), (१२), (१३), (१४), (१५) र (१६) मा उल्लेख भएको योग्यता पूरा भएको,

❖(६) विभिन्न ट्रेडको (सेवा समूह) लागि आवश्यक थप योग्यता मन्त्रालयको स्वीकृतिमा निर्धारण गरे बमोजिम हुने ।

(२) उपनियम (१) को खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भए तापनि ☗<u>नेपाली सेनाको जुनसुकै सेवामा</u> बहाल रहेका पदिक तथा हुद्दा पदको सैनिक व्यक्ति आन्तरिक प्रतियोगिताबाट अधिकृत क्याडेटमा छनौट हुन देहायको योग्यता पुगेको हुनु पर्नेछः-

---

⊛ दोस्रो संशोधनद्वारा संशोधित ।

❖ दोस्रो संशोधनद्वारा थप ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(क) पदिक अधिकृत क्याडेटका लागि एस.ई.ई. वा सो सरह वा आर्मी फष्ट क्लास उत्तीर्ण गरेको, र *बिल्लादार ग्रेड दुई तालीम गरेको,

(ख) हुद्दा अधिकृत क्याडेटका लागि प्रविणता प्रमाणपत्र तह वा दश जोड दुई वा सो सरह उत्तीर्ण र *बिल्लादार ग्रेड दुई तालीम गरेको र,

(ग) सात वर्ष सेवा अवधि पूरा गरेको ।

(३) उपनियम (१) क खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भए तापनि ☗नेपाली सेनाको जुनसुकै सेवामा बहाल रहेका पदिक तथा विल्लादार पदको सैनिक व्यक्ति आन्तरिक प्रतियोगिताबाट अधिकृत क्याडेटमा छनौटको लागि बढीमा तीन पटकमात्र प्रतिस्पर्धामा भाग लिन पाउने छ।

८. **पदपूर्ति समितिः** (१) नेपाली सेनामा रिक्त रहेको विभिन्न पदहरुको खुला तथा आन्तरिक प्रतियोगिताद्वारा छनौट गरी नियुक्तिको लागि सिफारिस गर्न देहाय बमोजिमको पदपूर्ति समिति रहनेछः

(क) लोक सेवा आयोगको अध्यक्ष वा आयोगले तोकेको सो आयोगका सदस्य -अध्यक्ष

(ख) मन्त्रालयको सचिव वा निजले तोकेको राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत -सदस्य

(ग) कार्यरथी -सदस्य

(घ) प्रधान सेनापतिले तोकेको सम्बन्धित विषयको बिशेषज्ञ एक जना -सदस्य

(ङ) भर्ना छनौट निर्देशनालयको निर्देशक -सदस्य-सचिव

(२) पदपूर्ति समितिले निर्धारित प्रक्रियाका आधारमा उपयुक्त उम्मेदवारको छनौट गरी नियुक्तिको लागि नियुक्ति गर्ने अधिकारी समक्ष सिफारिस गर्नेछ । यसरी छनौट गर्ने क्रममा उपनियम (१) बमोजिमको समितिले अधिकृत क्याडेट भन्दा तल्लो दर्जामा निर्धारित प्रक्रियाका आधारमा उपयुक्त उम्मेदवारको छनौट गरी नियुक्तिको लागि नियुक्ति गर्ने अधिकारी समक्ष सिफारिस गर्न लोक सेवा आयोग र मन्त्रालयको प्रतिनिधि समेत रहने गरी बढीमा पाँच सदस्यीय छुट्टाछुट्टै समिति गठन गरी अधिकार सुम्पन सक्नेछ ।

९. **पदपूर्ति समितिको काम, कर्तव्य र अधिकारः** (१) ऐनको दफा १२ र यस नियमावलीमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त पदपूर्ति समितिको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

---

☗ छैटौं संशोधनद्वारा संशोधित ।

(क) पदपूर्तिको लागि विज्ञापन गर्ने र परीक्षा सञ्चालन तथा व्यवस्थापन गर्ने,

(ख) पदपूर्तिको लागि प्रश्नपत्र निर्माण, प्रश्नपत्र परिमार्जन, उत्तर पुस्तिका परीक्षण, प्रयोगात्मक परीक्षाको व्यवस्था, गुणमापक परीक्षाको व्यवस्था, अन्तर्वार्ता लगायतका कार्यहरूका लागि सम्बन्धित निकायहरूसँग समन्वय गरी दक्ष वा विशेषज्ञको सेवा प्राप्त गर्ने,

(ग) उम्मेदवारलाई सैनिक सेवाको रिक्त पदसंख्याको आधारमा योग्यता अनुसार तालिम वा नियुक्तिको लागि सिफारिस गर्ने ।

₹(घ) सैन्य र फलोअर्स पदको पदपूर्तिका लागि तोकिएका भर्ना छनौट केन्द्रहरूबाट माग पदसङ्ख्या भन्दा बढी उत्तीर्ण भएका सबै उम्मेदवारको योग्यताक्रम अनुसारको सूची तयार गर्ने।

(२) पदपूर्ति समितिको सचिवालयको काम कार्यरथी विभाग भर्ना छनौट निर्देशनालयले गर्नेछ।

१०. **परीक्षाको किसिमः** (१) नेपाली सेनामा रिक्त रहेको सहायक सेनानी पदपूर्तिका लागि उम्मेदवारको छनौट गर्न देहायको परीक्षा लिनु पर्नेछः-

(क) वियरिङ्ग परीक्षा

(ख) प्रारम्भिक स्वास्थ्य परीक्षण

(ग) शारीरिक परीक्षा,

(घ) बौद्धिक परीक्षा (आई.क्यू.),

(ङ) लिखित परीक्षा (अंग्रेजी, नेपाली, गणित र सामान्य ज्ञान),

(च) गुणमापक परीक्षा (टेक्नीकल अफिसर, ग्रुप टेष्टिङ्ग अफिसर, इन्टरभ्युइङ अफिसर र बोर्ड कन्फरेन्स),

(छ) स्वास्थ्य परीक्षण,

(ज) बोर्ड अन्तरवार्ता ।

(२) नेपाली सेनामा रिक्त रहेको सिपाही पदपूर्तिका लागि उम्मेदवारको छनौट गर्न देहायको परीक्षा लिनु पर्नेछः-

☗(क) बियरिङ् परीक्षा,

₹(क१) प्रारम्भिक स्वास्थ्य परीक्षण,

---

₹ छैटौं संशोधनद्वारा थप ।

☗ छैटौं संशोधनद्वारा संशोधित ।



कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

₹(क२) शारीरिक परीक्षा,

(ख) लिखित परीक्षा (सामान्य ज्ञान र नेपाली, अंग्रेजी, गणितको सामान्य जानकारी),

(ग) स्वास्थ्य परीक्षण,

(घ) अन्तरवार्ता ।

(३) नेपाली सेनामा रिक्त रहेको फलोअर्स पदपूर्तिका लागि उम्मेदवारको छनौट गर्न देहायको परीक्षा लिनु पर्नेछः-

☗(क) बियरिङ् परीक्षा,,

₹(क१) प्रारम्भिक स्वास्थ्य परीक्षण,

₹(क२) शारीरिक परीक्षा,"

(ख) प्रयोगात्मक परीक्षा,

(ग) स्वास्थ्य परीक्षण,

(घ) अन्तरवार्ता ।

❖(४) नेपाली सेनामा रिक्त पदमा पदपूर्तिका लागि लिइने लिखित परीक्षा लोक सेवा आयोगबाट र अन्य परीक्षा नेपाली सेनाबाट सञ्चालन गरिनेछ ।

११. **परीक्षाको पाठ्यक्रमः** (१) नेपाली सेनामा खुल्ला प्रतियोगिता तथा आन्तरिक प्रतियोगिताद्वारा रिक्त पदमा पदपूर्ति गर्न आवश्यक पर्ने पाठ्यक्रम निर्माण तथा परिमार्जन गर्न देहाय बमोजिमको पाठ्यक्रम निर्माण तथा परिमार्जन समिति रहनेछः-

(क) भर्ना छनौट निर्देशनालयको निर्देशक - अध्यक्ष

(ख) लोक सेवा आयोगको राजपत्राङ्कित द्वितीय श्रेणीको प्रतिनिधि - सदस्य

(ग) मन्त्रालयको राजपत्राङ्कित द्वितीय श्रेणीको प्रतिनिधि - सदस्य

(घ) पदपूर्ति समितिले तोकेको सम्बन्धित विषयको विशेषज्ञ एक जना

-सदस्य

(ङ) भर्ना छनौट निर्देशनालयको अधिकृत प्रतिनिधि -सदस्य -सचिव

---

₹ छैटौं संशोधनद्वारा थप ।

❖ दोस्रो संशोधनद्वारा थप ।



कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(२) उपनियम (१) बमोजिमको पाठ्यक्रम निर्माण तथा परिमार्जन समितिबाट निर्माण तथा परिमार्जन भएको पाठ्यक्रम पदपूर्ति समितिबाट स्वीकृत भएपछिमात्र लागू हुनेछ ।

१२. **कार्यतालिकाः** (१) पदपूर्ति समितिले पदपूर्ति गर्नको लागि वार्षिक कार्य तालिका प्रकाशित गर्नुपर्नेछ।

(२) उपनियम (१) बमोजिमको वार्षिक कार्य तालिका सामान्यतया परिवर्तन गरिने छैन ।

१३. **विज्ञापन गर्नु पर्नेः** (१) नेपाली सेनामा रिक्त रहेको पद खुल्ला प्रतियोगिताद्वारा पूर्ति गर्नका लागि पदपूर्ति समितिले आवश्यक विवरण खुलाई कम्तीमा ☗ एक्काइस दिनको दरखास्त दिने म्याद दिई नेपालको विभिन्न भागमा प्रचार प्रसार हुन सक्ने गरी राष्ट्रियस्तरको पत्र पत्रिका वा सञ्चारका अन्य माध्यमबाट विज्ञापन प्रकाशन वा प्रसारण गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको विज्ञापन गर्दा अनुसूची-३ बमोजिमको ढाँचामा विज्ञापन प्रकाशन गर्नु पर्नेछ ।

(३) नेपाली सेनामा रिक्त रहेको पद आन्तरिक प्रतियोगिताद्वारा पूर्ति गर्नका लागि पदपूर्ति समितिले आवश्यक विवरण खुलाई कम्तीमा ☗ एक्काइस दिनको दरखास्त दिने म्याद दिई नेपाली सेनाको सम्पूर्ण निकायमा जानकारी हुन सक्ने गरी सूचना पठाउनु पर्ने वा राष्ट्रियस्तरको पत्र पत्रिका वा सञ्चारका अन्य माध्यमबाट विज्ञापन प्रकाशन वा प्रसारण गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम जानकारी वा सूचना प्राप्त भएपछि सम्बन्धित निकायको प्रमुखले आफ्नो निकायमा उम्मेदवार भए नभएको यकिन गरी भर्ना छनौट निर्देशनालयमा सोको जानकारी पठाउनु पर्नेछ ।

१४. **दरखास्त दिनेः** (१) नियम १३ बमोजिमको विज्ञापनमा भाग लिन चाहने उम्मेदवारले निर्धारित दरखास्त फाराम भरी पदपूर्ति समितिले तोकेको परीक्षा दस्तुर सहित सूचना वा विज्ञापनमा तोकिएको स्थान र मितिमा दरखास्त फाराम बुझाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम पर्न आएका दरखास्त उपर छानवीन गर्दा रीतपूर्वकको देखिएमा त्यस्तो दरखास्त दर्ता गरी सम्बन्धित उम्मेदवारलाई प्रवेश पत्र दिनु पर्नेछ ।

तर तोकिएको म्यादभित्र दाखिला नभएको वा विज्ञापनमा उल्लिखित अन्य विवरणहरु नखुलेको वा परीक्षा दस्तुर नबुझाएको वा शर्त राखिएको दरखास्त उपर कुनै कारबाही गरिने छैन ।

(३) दरखास्त फाराम भर्ना केन्द्रबाट प्राप्त गर्न सकिनेछ ।

(४) यस नियम बमोजिम दर्ता भएका दरखास्त फाराम दरखास्त बुझाउने म्याद समाप्त भएको मितिले पन्ध्र दिनभित्र परीक्षा सञ्चालन गर्ने निकायमा बुझाउनु पर्नेछ ।

☗ छैटौं संशोधनद्वारा संशोधित ।

कानून तथा संसदीय मामिला मन्त्रालय

१५. **परीक्षा केन्द्रः** यस नियमावली बमोजिम लिइने परीक्षा पदपूर्ति समितिले तोकेको केन्द्रमा सञ्चालन हुनेछ।

१६. **विज्ञापन वा परीक्षा रद्द गर्न सक्नेः** (१) नियम १३ बमोजिम प्रकाशित विज्ञापन सामान्यतया रद्द गरिने छैन ।

तर कुनै अप्रत्यासित कठिनाई आइपरेमा वा प्राविधिक कारण परेमा त्यस्तो कारण खोली पदपूर्ति समितिले त्यस्तो विज्ञापन रद्द गर्न वा स्थगित गर्न सक्नेछ ।

(२) प्रतियोगिताका लागि कुनै पनि परीक्षा सञ्चालन हुँदाका बखत परीक्षा केन्द्रमा कुनै प्रकारको गडबडी वा अनियमितता भएमा वा कुनै बाधा अवरोध खडा भई एक वा सबै केन्द्रमा आंशिक वा पूर्ण रुपले परीक्षा सञ्चालन हुन नसकेमा सो दिनको परीक्षा वा सोसँग सम्बन्धित विज्ञापनको सम्पूर्ण परीक्षा पदपूर्ति समितिले कारण जनाई आंशिक वा पूर्णरुपले रद्द गर्न सक्नेछ ।

(३) कुनै कारणले विज्ञापन वा परीक्षा रद्द भएमा वा उम्मेदवारको दरखास्त अस्वीकृत भएमा उम्मेदवारले बुझाएको परीक्षा दस्तुर फिर्ता हुनेछ ।

१७. **प्रयोगात्मक परीक्षा र अन्तर्वार्ताः** (१) प्रयोगात्मक परीक्षा लिंदा पदपूर्ति समितिले सम्बन्धित उम्मेदवारलाई त्यस्तो परीक्षाको निमित्त साधन उपलब्ध भएको अन्य कुनै युनिट, कार्यालय वा संस्थामा समेत पठाउन सक्नेछ ।

(२) यस नियमावली बमोजिम दिनु पर्ने अन्य सबै परीक्षा उत्तीर्ण भईसकेका उम्मेदवारलाई मात्र अन्तर्वार्तामा सामेल गराइनेछ ।

१८. **दक्ष वा विशेषज्ञको सहयोग लिन सक्नेः** पदपूर्ति समितिले यस नियमावली अन्तर्गत आफूले गर्नु पर्ने कामको लागि सम्बन्धित विषयको दक्ष वा विशेषज्ञ व्यक्तिको सहयोग लिन सक्नेछ ।

१९. **योग्यताक्रमको सूची तयार गर्नेः** यस नियमावली बमोजिम लिइएको परीक्षामा सम्मिलित उम्मेदवारले प्राप्त गरेको अङ्कका आधारमा योग्यताक्रम सूची तयार गर्नु पर्नेछ ।

☙२०. **सफल उम्मेदवारको सूची प्रकाशन** : (१) प्रत्येक भर्ना छनौट केन्द्रले यस नियमावली बमोजिम सबै किसिमको परीक्षामा माग पद सङ्ख्या भन्दा बढी सङ्ख्यामा उत्तीर्ण भएका सबै उम्मेदवारको योग्यताक्रम अनुसारको सूची तयार गर्नु पर्नेछ।

☙ छैटौं संशोधनद्वारा संशोधित ।

(२) उपनियम (१) बमोजिमको सूचीका आधारमा माग पद सङ्ख्या बमोजिम योग्यताक्रम अनुसार नियुक्तिको लागि सिफारिस गर्नु पर्नेछ।

(३) उपनियम (१) बमोजिमको सूचीमा नाम समावेश भएका तर उपनियम (२) बमोजिम तालिम वा नियुक्तिका लागि सिफारिस हुन नसकेका उम्मेदवारहरूको सूचीबाट देहाय बमोजिमको सङ्ख्यामा योग्यताक्रम अनुसार वैकल्पिक उम्मेदवारको सूची प्रकाशन गर्नु पर्नेछ :-

| क्र.सं. | सिफारिस सङ्ख्या | वैकल्पिक उम्मेदवारको सङ्ख्या |
|---|---|---|
| (क) | एक जनादेखि पाँच जनासम्म | एक जना |
| (ख) | छ जनादेखि पन्ध्र जनासम्म | दुई जना |
| (ग) | सोह्र जनादेखि तिस जनासम्म | तीन जना |
| (घ) | एकतिस जनादेखि पचास जनासम्म | चार जना |
| (ङ) | एकाउन्न जनादेखि एकसय जनासम्म | पाँच जना |

(४) उपनियम (२) बमोजिम बढी अङ्क प्राप्त गर्ने सूचीबाट एक सय जनाभन्दा बढी उम्मेदवार सिफारिस भएमा सिफारिस सङ्ख्याको पाँच प्रतिशत सङ्ख्यामा वैकल्पिक उम्मेदवारको नामावली प्रकाशन गर्नु पर्नेछ।

(५) उपनियम (४) बमोजिम सङ्ख्या निर्धारण गर्दा शून्य दशमलव पाँच वा सोभन्दा बढी भएमा मात्र पूर्ण अङ्क एक मान्नु पर्नेछ।

⊛२१. **चालचलन बुझ्ने:** नेपाली सेनामा नयाँ नियुक्तिको लागि छनौट भएको उम्मेदवारको नियम ७ को उपनियम (१) को खण्ड (क) को उपखण्ड (९), (१०), (११), (१२), (१३) र (१४) मा उल्लेख भएको योग्यता सम्बन्धमा सम्बन्धित कार्यालय मार्फत प्रतिवेदन माग गरी बुझ्न सकिनेछ ।

☛२२. **योग्यताक्रम अनुसार सिफारिस गर्ने :** (१) पदपूर्ति समितिले नियुक्तिको लागि उम्मेदवारको नाम सिफारिस गर्दा नियम २० को उपनियम (२) बमोजिमको सूचीबाट योग्यताक्रमअनुसार सिफारिस गर्नु पर्नेछ।

⊛दोस्रो संशोधनद्वारा संशोधित ।

☛ छैटौं संशोधनद्वारा संशोधित ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(२) उपनियम (१) बमोजिम सिफारिस भएको कुनै उम्मेदवार आधार तालिम सुरु भएको मितिले मनासिब कारण बाहेक सात दिनभित्र तालिममा सहभागी हुन नआएमा पद रिक्त भएको मानिनेछ।

(३) उपनियम (२) बमोजिम रिक्त भएको पदमा नियम २० को उपनियम (३) र (४) बमोजिम सम्बन्धित भर्ना छनौट केन्द्रको वैकल्पिक उम्मेदवारको योग्यताक्रमको सूचीको आधारमा पदपूर्ति गर्नु पर्नेछ।

(४) सिपाही वा फलोअर्स भर्ना गर्दा कुनै भर्ना छनौट केन्द्रमा निर्धारित पदसङ्ख्याभन्दा कम उम्मेदवार उत्तीर्ण भएमा पदपूर्ति समितिले नियम ९ को उपनियम (१) को खण्ड (घ) बमोजिम सबै भर्ना छनौट केन्द्रबाट उत्तीर्ण भएका उम्मेदवारको सूची माग गरी सोको आधारमा एकीकृत योग्यताक्रम तयार गरी रिक्त स्थानमा नियुक्तिको लागि सिफारिस गर्नेछ।

२३. **नियुक्ति गर्ने अधिकारीः** नेपाली सेनाको देहायको पदमा देहायको अधिकारीले नियुक्ति गर्नेछः-

(क) अधिकृत पदमा नेपाल सरकार,

(ख) पदिक तर्फको पदमा कार्यरथी,

(ग) विल्लादार वा सोभन्दा मुनिको हकमा ⊛सैनिक संगठन निर्देशनालय ।

२४. **झण्डा र दर्ज्यानी चिन्हः** (१) ☤नेपाली सेना र प्रधान सेनापतिले अनुसूची-४ मा उल्लेख भए बमोजिमको झण्डा प्रयोग गर्नु पर्नेछ ।

(२) नेपाली सेनामा कार्यरत विभिन्न दर्जाका सैनिक व्यक्तिले ☗अनुसूची-४क. मा उल्लेख भए बमोजिमको दर्ज्यानी चिन्ह लगाउनु पर्नेछ ।

❖(३) पृतनापति, बाहिनीपति तथा अन्य कमाण्डाण्टहरुले झण्डा प्रयोग गर्ने सम्बन्धमा प्रिन्सिपल स्टाफ अफिसर्स (पि.एस.ओज.) ले निर्धारण गरे बमोजिम हुनेछ ।

२५. **नियुक्ति वदर हुन सक्नेः** कुनै सैनिक व्यक्तिमा यस नियमावली बमोजिमको योग्यता नभएको वा नरहेको प्रमाणित भएमा निजको नियुक्ति बदर हुन सक्नेछ ।

---

⊛ दोस्रो संशोधनद्वारा संशोधित ।

☤ छैटौं संशोधनद्वारा थप ।

☗ छैटौं संशोधनद्वारा संशोधित ।

❖ दोस्रो संशोधनद्वारा थप ।

२६. **परीक्षणकालः** ⊕नेपाली सेनामा नियुक्ति भएको मितिबाट पुरुष सैनिक व्यक्तिको हकमा एक वर्ष र महिला सैनिक व्यक्तिको हकमा छ महिनाको लागि परीक्षणकालमा राखिनेछ ।

तर सैनिक सेवामा एकपटक परीक्षणकाल व्यतित गरेको सैनिक व्यक्तिको हकमा पुनः परीक्षणकालमा राखिने छैन ।

२७. **आयुक्त पद सम्बन्धी व्यवस्थाः** (१) अधिकृत क्याडेटले नेपाल वा विदेश स्थित मिलिटरी एकेडेमीबाट अधिकृत आधार तालिम पूरा गरेपछि आयुक्त पद पाउनेछ ।

(२) ऐनको दफा १५ बमोजिम आयुक्त पद पाउने अधिकृत क्याडेटको सेवा अवधि अधिकृत क्याडेट तालिममा सरिक भएको मितिदेखि गणना हुनेछ ।

(३) स्वदेशको मिलिटरी एकेडेमीबाट अधिकृत क्याडेट आधार तालिम पूरा गरेका एउटै बेसिकका अधिकृत क्याडेटको ज्येष्ठता कायम गर्दा आधार तालिमको नतिजाको योग्यताक्रमअनुसार दर्ज्यानी चिह्न पाएको मितिदेखि कायम गर्नु पर्नेछ।

❖(४) अधिकृत क्याडेटको ज्येष्ठताक्रम निर्धारण गर्दा सम्बन्धित वेशिकबाट सबैभन्दा पहिले विदेशस्थित मिलिटरी एकेडेमीमा अधिकृत आधार तालीमको लागि छनौट भई गएकालाई पहिलो र त्यसपश्चात् छनौट भई गएकालाई क्रमशः त्यसपछिको ज्येष्ठता प्रदान गरिनेछ र सोभन्दा पछी स्वदेशको मिलिटरी एकेडेमीबाट अधिकृत आधार तालिम पूरा गरेका अधिकृत क्याडेटहरुलाई निजहरुले तालीममा प्राप्त गरेको नतिजाको आधारमा ज्येष्ठताक्रम प्रदान गरिनेछ ।

तर विदेशस्थित मिलिटरी एकेडेमीमा अधिकृत आधार तालीममा सहभागी भएको अधिकृत क्याडेट सो तालीमबाट रेलिगेट भई पछाडीको समूहसँग पासअउट भएमा निजलाई निज छनौट भएको वेशिकभन्दा पछिल्लो क्याडेट वेशिकको पहिलो (स्वदेशमा सञ्चालित तालीम) र रेलिगेट भई स्वदेश फिर्ता गरिएको अवस्थामा सो समयमा स्वदेशमा सञ्चालित क्याडेट वेशिकमा सहभागी गराई उक्त तालीममा निजले प्राप्त गरेको प्राप्ताङ्कको आधारमा सोही वेशिकभित्र निजको ज्येष्ठताक्रम निर्धारण गरिनेछ। हुद्दा अधिकृत क्याडेट, पदिक अधिकृत क्याडेट र अधिकृत क्याडेटहरुको सहायक सेनानीहरुको ज्येष्ठता अधिकृत सेवा अवधि गणना हुने मितिको आधारमा हुनेछ ।

❖(५) अधिकृत क्याडेटले तालीम अवधिभर अधिकृत क्याडेटको तलब भत्ता पाउने छन् ।

२८. **प्रतिवेदन पेश गर्नेः** पदपूर्ति समितिले कार्य समाप्त भएको तीन महीनाभित्र आफूले गरेको कामको प्रतिवेदन मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।

---

⊕दोस्रो संशोधनद्वारा संशोधित ।

❖ दोस्रो संशोधनद्वारा थप ।

## परिच्छेद-३

## सरुवा तथा बढुवा सम्बन्धी व्यवस्था

२९. **सरुवा सम्बन्धी व्यवस्थाः** (१) देहायका सैनिक व्यक्तिलाई सरुवा गर्ने अधिकार देहायका अधिकारीलाई हुनेछः-

(क) महासेनानीदेखि रथीसम्म प्रधानसेनापतिको सिफारिसमा नेपाल सरकार,

(ख) सहायक सेनानीदेखि प्रमुख सेनानीसम्म प्रधान सेनापति,

(ग) फलोअर्सदेखि पदिक दर्जासम्म सम्बन्धित प्रमुखको सिफारिसमा ⊕सैनिक संगठन निर्देशनालय ।

(२) उपनियम (१) बमोजिम सरुवा गर्ने अधिकार प्राप्त अधिकारीले आवश्यकता अनुसार अन्य निकाय वा पदाधिकारीलाई सो अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

(३) सैनिक व्यक्ति कार्यरत रहेको सम्बन्धित निकाय वा कार्यालय प्रमुखले सरुवाको सिफारिस गर्न सक्नेछ र त्यस्तो सिफारिस गर्दा सरुवा गर्नु पर्ने स्पष्ट आधार खुलाउनु पर्नेछ ।

(४) सरुवाको निर्णयका लागि मन्त्रालयमा सिफारिस पठाउँदा सरुवा गर्नुपर्ने स्पष्ट आधार खुलाई अनुसूची-५ अनुसारको फाराम समेत भरि पठाउनु पर्नेछ ।

३०. **कायम मुकायम र निमित्त सम्बन्धी व्यवस्थाः** (१) नेपाली सेनाको विभिन्न कार्यालयको कार्यालय प्रमुखको पद रिक्त रही कार्यालयको दैनिक काम गर्न बाधा पर्न गएमा सो पदमा कायम मुकायम मुकरर गरी काम लगाउन सकिनेछ ।

(२) यस नियम बमोजिम कायम मुकायम मुकरर गर्दा एक तह मुनिको जेष्ठ सैनिक व्यक्तिलाई कायम मुकायम मुकरर गरिनेछ ।

(३) कायम मुकायम मुकरर भएको कुनै पनि सैनिक व्यक्तिले माथिल्लो तहको सम्पूर्ण अधिकार प्रयोग गर्न पाउनेछ ।

तर माथिल्लो तहको दर्ज्यानी चिन्ह प्रयोग गर्न पाउने छैन ।

(४) कायम मुकायम नतोकिएको अवस्थामा कुनै कारणले कार्यालय प्रमुख अनुपस्थित भएमा सोही कार्यालयका सबैभन्दा वरिष्ठ सैनिक व्यक्तिले एक महिनामा ननाघ्ने गरी सो पदको निमित्त भई काम गर्नेछ ।

(५) पन्ध्र दिनभन्दा बढी अवधि कायम मुकायम वा निमित्त भई काम गरेकोमा सो कायम मुकायम वा निमित्त भई काम गरेको पदको पूरै अवधिको तलब भत्ता पाउनेछ ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

⊕ दोस्रो संशोधनद्वारा संशोधित ।

⊛(६) कायम मुकायम मुकरर गर्ने अधिकार नियम २९ र ३४ बमोजिमको सरुवा वा बढुवा गर्ने अधिकारीलाई हुनेछ ।

३१. **बढुवाको लागि उम्मेदवार हुन चाहिने सेवा अवधिः** (१) अधिकृतस्तरको पदमा बढुवाका लागि उम्मेदवार हुने सैनिक व्यक्तिको अधिकृत क्याडेट तालिममा संलग्न भएको मितिले देहाय बमोजिमको सेवा अवधि पुगेको हुनु पर्नेछः-

(क) उपसेनानी पदमा बढुवा हुन दुई वर्ष,

(ख) सह सेनानी पदमा बढुवा हुन छ वर्ष,

(ग) सेनानी पदमा बढुवा हुन दश वर्ष,

(घ) प्रमुख सेनानी पदमा बढुवा हुन सोह्र वर्ष,

(ङ) महासेनानी पदमा बढुवा हुन उन्नाईस वर्ष,

(च) सहायक रथी पदमा बढुवा हुन एक्काईस वर्ष,

(छ) उपरथी पदमा बढुवा हुन तेईस वर्ष,

(ज) रथी पदमा बढुवा हुन चौबीस वर्ष ।

❖(१क) उपनियम (१) को खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भए तापनि ≈दुई वर्ष वा सोभन्दा बढी अवधिको अधिकृत क्याडेट बेशिक तालीम वा पदिक वा विल्लादार क्याडेट तालीम वा सो सरहको अधिकृत आधार तालीम पूरा गरी कमिशन हुने अधिकृत क्याडेटलाई सिधै उपसेनानी दर्जामा कमिशन प्रदान गरिनेछ । यसरी कमिशन गर्दा एउटै मितिमा भर्ना भई विदेश तालीममा रहेका वा अन्य कारणबाट सहायक सेनानी पदमा भएका अधिकृतहरुको ज्येष्ठतालाई समेत सम्बोधन हुने गरी पदोन्नति गरिनेछ ।

Π(१ख) नियम ५ को उपनियम (१) को खण्ड (घ) बमोजिम सहायक सेनानी दर्जामा बढुवा हुनका लागि सैनिक सेवामा प्रवेश गरेको मितिले कम्तीमा बाइस वर्ष सेवा अवधि पूरा गरेका प्रमुख सुवेदार उम्मेदवार हुनेछन् ।

(२) पदिक तथा विल्लादार पदमा बढुवाका लागि उम्मेदवार हुने सैनिक व्यक्तिको सिपाही भएको मितिले देहाय बमोजिमको सेवा अवधि पुगेको हुनु पर्नेछः-

(क) प्यूठ पदमा बढुवा हुन दुई वर्ष,

(ख) अमल्दार पदमा बढुवा हुन चार वर्ष,

---

⊛ दोस्रो संशोधनद्वारा संशोधित ।

❖ दोस्रो संशोधनद्वारा थप ।

≈ चौथौं संशोधनद्वारा संशोधित ।

Π चौथौं संशोधनद्वारा थप ।

(ग) हुद्दा पदमा बढुवा हुन सात वर्ष,

(घ) जमदार पदमा बढुवा हुन नौ वर्ष,

(ङ) सुवेदार पदमा बढुवा हुन एघार वर्ष,

(च) प्रमुख सुवेदार पदमा बढुवा हुन पन्ध्र वर्ष ।

*(२क) उपनियम (२) मा लेखिएको सेवा अवधिको अतिरिक्त पदिक तथा बिल्लादार पदमा बढुवाका लागि उम्मेदवार हुने सैनिक व्यक्तिको बढुवा हुने पदभन्दा तल्लो पदमा एक वर्षको कायमी सेवा अवधि पुगको हुनु पर्नेछ ।

(३) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि न्यूनतम सेवा अवधि पूरा भएका उम्मेदवार नभएको अवस्थामा सहायक रथी, उपरथी र रथीको पदमा बढुवा हुन न्यूनतम सेवा अवधिको हद लाग्ने छैन ।

३२. **<u>बढुवाको आधार:</u>** (१) नेपाली सेनाको जुनसुकै पदमा बढुवा हुनका लागि देहाय बमोजिमको आधार पूरा गरेको हुनु पर्नेछः-

(क) अनुसुची -६ बमोजिमको तालिम पूरा गरेको,

*(क१) सैनिक अधिकृतको लागि अनुसूची-छक. बमोजिमको शैक्षिक योग्यता भएको,

(ख) कार्य सम्पादन मूल्याङ्कनमा योग्य देखिएको,

(ग) न्यूनतम सेवा अवधि पूरा भएको,

(घ) स्वास्थ्य वर्गीकरण (मेडिकल क्याटागोरी) मा योग्य ठहरिएको ।

*(१क) उपनियम (१) को खण्ड (क१) को व्यवस्था Π<u>उपसेनानी देखि</u> महासेनानी दर्जासम्मको लागि हुने बढुवामा यो उपनियम प्रारम्भ भएको मितिले तीन वर्ष पछि मात्र लागू हुनेछ।

Π(१ख) उपनियम (१) को खण्ड (क) र (क१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नियम ५ को उपनियम (१) को खण्ड (घ) बमोजिम बढुवाद्वारा सहायक सेनानी भएका अधिकृतलाई उपसेनानी वा सोभन्दा माथिका दर्जामा बढुवा हुन कम्तीमा अधिकृत अभिमुखीकरण तालीम र एस.ई.ई. वा सो सरह वा सो सरह वा आर्मी फष्ट क्लास उर्तीण गरेको हुनुपर्नेछ ।

⊛(२) उपनियम (१) को आधारमा बढुवा गर्दा जेष्ठता, योग्यता तथा कार्यक्षमतालाई प्राथमिकता दिनु पर्नेछ ।

---

* दोस्रो संशोधनद्वारा थप ।

Π चौथौं संशोधनद्वारा थप ।

⊛दोस्रो संशोधनद्वारा संशोधित ।



कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(३) उपनियम (१) बमोजिमको योग्यता सम्बन्धी विवरण बढुवा समितिको बैठक बस्नु अगावै अधिकृतको हकमा सैनिक सचिव विभाग र अन्यको हकमा सम्बन्धित कार्यालयले बढुवा समितिलाई उपलब्ध गराउनु पर्नेछ ।

३३. **बढुवा समितिः** (१) नेपाली सेनाको देहायका पदमा गरिने बढुवाका लागि सिफारिस गर्न देहाय बमोजिमको बढुवा समिति रहनेछः-

(क) रथी पदका लागि,-

(१) प्रधान सेनापति -अध्यक्ष

(२) वरिष्ठतम रथी -सदस्य

तर रथी पद रिक्त भएको अवस्थामा प्रधान सेनापतिले मात्र यस्तो सिफारिस गर्न बाधा पर्ने छैन ।

(ख) उपरथी पदका लागि,-

(१) रथी -अध्यक्ष

(२) विभागीय प्रमुखहरु -सदस्य

(३) प्रधान सेनापतिबाट तोकिएको उपरथी एक जना - सदस्य

(४) कमाण्डमा रहेको उपरथी एक जना - सदस्य

(५) कार्यरथी -सदस्य-सचिव

☗ (ग) प्रमुख सेनानीदेखि सहायक रथी पदका लागि,-

(१) रथी -अध्यक्ष

(२) निरीक्षणाधिकृत -सदस्य

(३) कार्यरथी -सदस्य

(४) विभागीय प्रमुख, युद्धकार्य विभाग -सदस्य

(५) सैनिक तालिम महानिर्देशक -सदस्य

(६) प्रमुख, सैनिक इण्टेलिजेन्स कोर -सदस्य

(७) विभागीय प्रमुख, व्यवस्था, नीति तथा योजना विभाग -सदस्य

(८) कमाण्डमा रहेका उपरथीहरूमध्ये प्रधान सेनापतिले तोकेको उपरथी सदस्य

(९) सैनिक सचिव -सदस्य-सचिव

⊛ (घ) सहायक सेनानीदेखि सेनानीसम्मको पदका लागि,-

---

☗ छैटौं संशोधनद्वारा संशोधित ।

⊛ दोस्रो संशोधनद्वारा संशोधित ।

(१) वरिष्ठतम उपरथी - अध्यक्ष

(२) निरीक्षणाधिकृत -सदस्य

(३) कार्यरथी -सदस्य

(४) प्रधान सेनापतिले तोकेको कमाण्डमा रहेको सहायक रथी - सदस्य

(५) प्रधान सेनापतिले तोकेको स्टाफमा रहेको सहायक रथी -सदस्य

(६) सैनिक सचिव -सदस्य-सचिव

(ङ) प्यूठ, अमल्दार, हुद्दा, जमदार, सुवेदार र प्रमुख सुवेदार पदका लागि,-

(१) पृतनाको हकमा पृतनापतिले तोकेको वरिष्ठ अधिकृत र अन्य युनिटको हकमा ®सम्बन्धित युनिटको प्रमुखभन्दा पछिको ज्येष्ठ अधिकृत -अध्यक्ष

(२) पृतनाको हकमा पृतनापतिले र अन्य युनिटको हकमा सम्बन्धित युनिटको प्रमुखले तोकेको अधिकृत वा पदिक दुईजना -सदस्य

(३) भएसम्म बढुवा हुने दर्जाभन्दा एक तह माथिल्लो दर्जाको एक जना -सदस्य

(४) कार्य अधिकृत/कार्य पदिक -सदस्य-सचिव

(२) उपनियम (१) बमोजिमको बढुवा समितिको बैठक नियम ६ को उपनियम (२) मा उल्लेखित समय ननाघ्ने गरि आवश्यकता अनुसार बस्नेछ ।

❡(२क) उपनियम (१) को खण्ड (ग) बमोजिमको बढुवा समितिको अध्यक्षको अनुपस्थितिमा सो समितिका सदस्यमध्ये प्रधान सेनापतिले तोकेको वरिष्ठतम् उपरथीले बैठकको अध्यक्षता गर्नेछ।

(३) महासेनानी देखि रथी पदसम्म बढुवा हुने उम्मेदवारको निमित्त प्रधान सेनापतिले बढुवा समितिको सिफारिस समेत संलग्न गरी आफ्नो सिफारिस सहित मन्त्रालयमा पठाउनु पर्नेछ । यस्तो सिफारिस पठाउँदा अनुसूची-७ बमोजिमको फाराम समेत भरी पठाउनु पर्नेछ।

® दोस्रो संशोधनद्वारा संशोधित ।

❡ छैटौं संशोधनद्वारा थप ।



कानून तथा संसदीय मामिला मन्त्रालय

(४) बढुवा समितिका पदाधिकारीको नजिकको नातेदारको बढुवा सिफारिस गर्नु पर्ने भएमा निजको सट्टा समान तहको अर्को पदाधिकारीलाई बढुवा समितिमा राख्नु पर्नेछ । बढुवा समितिका पदाधिकारीहरुले अनुसूची-८ बमोजिमको कबुलियत गर्नुपर्नेछ ।

स्पष्टीकरण: यस उपनियमको प्रयोजनका लागि "नजिकको नातेदार" भन्नाले बाबु, आमा, सौतेनीआमा, पति, पत्नी, आफ्नै दाजु, भाउजू, भाइ, भाइबुहारी, छोरा, छोराबुहारी, वहिनी, वहिनीज्वाँइ, छोरी, छोरीज्वाँइ, नाति, नातिनी बुहारी, नातिनी, नातिनी ज्वाँइ, भान्जा, भान्जी, भान्जीबुहारी, भान्जी ज्वाँइ, भतिजा, भतिजी, भतिजाबुहारी, भतिजी ज्वाँइ, सासु, ससुरा, देवर, देउरानी, जेठाजु, जेठानी, जेठान, साला, साली समेतलाई जनाउनेछ ।

(५) बढुवाको लागि आवश्यक पर्ने विवरण सम्बन्धित बढुवा समितिको सदस्य-सचिवले बढुवा समिति समक्ष पेश गर्नु पर्नेछ ।

*(५क) यस नियम बमोजिम बढुवाको लागि सिफारिस गर्दा नियम ७७ को उपनियम (३), (४) र (५) बमोजिम अवकाशको प्रयोजनको लागि कायम हुने जन्म मिति समेत खुलाई सिफारिस गर्नु पर्नेछ ।

(६) बढुवा समितिले बढुवाको सिफारिस गरेको सूचना अधिकृतको हकमा सैनिक सचिव विभाग र अन्यको हकमा सम्बन्धित युनिटको प्रमुखले आन्तरिक रुपमा प्रकाशित गर्नुपर्नेछ ।

*(७) यस नियम बमोजिम सैनिक अधिकृतको कुनै पद रिक्त हुनु भन्दा कम्तीमा पन्ध्र दिन अगावै बढुवा समितिले सो पद पूर्तिको लागि बढुवा सिफारिसको सूचना प्रकाशन गर्न सक्नेछ ।

३४. **बढुवा गर्ने अधिकारी:** (१) प्रधान सेनापति बाहेक नेपाली सेनाका अन्य पदमा बढुवा गर्ने अधिकार बढुवा समितिको सिफारिसमा देहायको अधिकारीलाई हुनेछः-

(क) महासेनानीदेखि रथीसम्मको पदमा नेपाल सरकार,

(ख) ≈सहायक सेनानीदेखि प्रमुख सेनानीसम्मको पदमा प्रधान सेनापति,

(ग) प्रमुख सुवेदारको पदमा कार्यरथी,

(घ) जमदार र सुवेदारको पदमा सम्बन्धित पृतनाप्रमुख वा बाहिनी प्रमुख वा निर्देशक,

(ङ) प्यूठदेखि हुद्दासम्मको पदमा सम्बन्धित युनिटप्रमुख वा कार्यालय प्रमुख ।

(२) उपनियम (१) बमोजिम बढुवा गर्ने अधिकार प्राप्त अधिकारीले आवश्यकता अनुसार अन्य निकाय वा पदाधिकारीलाई सो अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

---

*दोस्रो संशोधनद्वारा थप ।

≈ चौथौं संशोधनद्वारा संशोधित ।



कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

३५. **प्रशासनिक काम गर्ने:** बढुवा समितिमा पेश गर्नु पर्ने कागजात तयार पार्ने लगायतका प्रशासनिक काम अधिकृतको हकमा सैनिक सचिव विभाग र अन्यको हकमा सम्बन्धित कार्यालयले गर्नेछ ।

३६. **बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन नपाउने:** (१) यस नियमवालीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवधिभर र अवस्थामा सैनिक व्यक्ति बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन सक्ने छैनः-

(क) निलम्बन भएकोमा निलम्बन भएको अवधिभर,

(ख) बढुवा रोक्का भएकोमा रोक्का भएको अवधिभर,

(ग) तल्लो पदमा घटुवा भएकोमा सो भएको मितिले एक वर्षसम्म,

(घ) नसिहत पाएकोमा नसिहत पाएको मितिले एक वर्षसम्म,

(ङ) कुनै कसूरको सम्बन्धमा कोर्ट अफ ईन्क्वाइरी वा ऐनको दफा ६२ बमोजिमको समितिबाट छानवीनको क्रममा रहेको वा मुद्दा दायर भएकोमा अदालतबाट सफाई नपाएसम्म,

(च) ■...............................................

(छ) निजी प्रयासमा अध्ययन वा तालिम गर्नका लागि विदेश बसेकोमा शर्तनामामा उल्लेख भएको अवधिभर,

(ज) मानव अधिकार र मानवीय कानूनको उल्लंघन हुने कार्य गरेको भनी अदालतबाट ठहर भएमा,

(झ) स्वास्थ्य वर्गीकरण एमईडिडिआईसिसिओएस-जी मा दुई भन्दा बढी भएमा,

❖(ञ) आर्थिक अनियमितता र बहुविवाह जस्ता कसूरमा सजाय पाएमा,

❖(ट) अदालतबाट अन्य कसूरमा सजाय पाएको हकमा सो सजाय भुक्तान नभएसम्म,

❖(ठ) सैनिक अदालतबाट कुनै कसूरमा एक पटक भन्दा बढी सजाय पाएमा,

❖(ड) नेपाली सेनाको कुनै फर्मेशन, युनिट वा एकाईको कमाण्ड गर्दा कमाण्ड असफल भई हटाइएको भएमा,

❖(ढ) वि.एम.आई. परीक्षण र वि.एफ.टि. परीक्षामा अनुतीर्ण भएमा ।

(२) उपनियम (१) को खण्ड (झ) मा जुनसुकै कुरा लेखिएको भए तापनि सैनिक तालिम वा आफ्नो कर्तव्यपालन गर्दा गर्दै कुनै शारीरिक चोटपटक लागेका सैनिक व्यक्तिको स्वास्थ्य परीक्षण गराउँदा चोटपटक लागेको अङ्ग बाहेक निज शारीरिक तथा मानसिक रूपमा स्वस्थ रही सेना

---

■ छैटौ संशोधनद्वारा झिकिएको।

❖ दोस्रो संशोधनद्वारा थप ।

सम्बन्धी आवश्यक तालिम पूरा गर्न सक्षम देखिएमा निजलाई मेडिकल बोर्डले स्वास्थ्य वर्गीकरण एमईडिडिआईसिसिओएस-जी एक प्रदान गर्न सक्नेछ र यसरी स्वास्थ्य वर्गीकरण एमईडिडिआईसिसिओएस-जी एक प्रदान गरेको सैनिक व्यक्तिलाई बढुवा नियुक्ति गर्न बाधा पर्ने छैन।

३७. **स्वास्थ्य वर्गीकरण आवश्यक नपर्ने:** (१) नियम ३६ को उपनियम (१) को खण्ड (झ) मा जुनसुकै कुरा लेखिएको भए तापनि कर्तव्य पालनाको सिलसिलामा घाइते भई उपचार पश्चात कार्यालयभित्रको सैनिक सेवा गर्न सक्ने भई त्यसरी सेवा गरिरहेका सैनिक व्यक्तिको बढुवा गर्नका लागि स्वास्थ्य वर्गीकरण आवश्यक पर्ने छैन ।

(२) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सैनिक तालिम वा आफ्नो कर्तव्यपालन गर्दा गर्दै कुनै शारीरिक चोटपटक लागेका सैनिक व्यक्तिको स्वास्थ्य परीक्षण गराउँदा चोटपटक लागेको अङ्ग बाहेक निज शारीरिक रूपमा स्वस्थ रही सेना सम्बन्धी आवश्यक तालिम पूरा गर्न सक्षम देखिएमा र मेडिकल बोर्डले निजको स्वास्थ्य वर्गीकरण एमईडिडिआईसिसिओएस-जी एक वा जी दुई भएको प्रमाणित गरेमा त्यस्तो सैनिक व्यक्तिलाई बढुवा नियुक्ति गर्न बाधा पुगेको मानिने छैन।

(३) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि आफ्नो कर्तव्यपालन गर्दा गर्दै शारीरिक रूपमा अशक्त भई तालिम गर्न नसक्ने सैनिक व्यक्तिलाई बढुवा समितिले प्रशासनिक काम गर्न सक्ने भएमा बढुवाका लागि सिफारिस गर्न बाधा पुगेको मानिने छैन।

⊛३८. **बढुवाको प्रतिशत छुट्याउने:** ≈(१) नियम ७ को अधिनमा रही सैनिक सेवाको सहायक सेनानी, उपसेनानी र सहसेनानी दर्जामा बढुवा गर्दा अनुसुची-६ बमोजिमको आवश्यक योग्यता पुरा गरेको र सहायक सेनानीको हकमा कायमी दर्जामा भरेको कार्यसम्पादन वापत अन्तिम तीन वर्षको औषत पैंसठ्ठी प्रतिशत अङ्क र उपसेनानी तथा सहसेनानीको हकमा कायमी दर्जामा भरेको कार्यसम्पादनको औसत अङ्क न्यूनतम पचास प्रतिशत प्राप्त गरी बढुवाका लागि सिफारिस भएका योग्य उम्मेदवारहरुमध्येबाट जेष्ठताको क्रम अनुसार बढुवा समितिको सिफारिसका आधारमा गरिनेछ ।

(२) नियम ७ को अधीनमा रही सेनानी दर्जामा बढुवा गर्दा उपसेनानी वा सहसेनानी दर्जामा रही गण, अनाश्रीत गुल्म वा व्याट्रीमा न्यूनतम तीन वर्ष कार्यरत रहेको र उपनियम (१) बमोजिमको योग्यता पुरा गरेका योग्य उम्मेदवारहरुमध्येबाट जेष्ठताक्रम अनुसार बढुवा समितिको सिफारिसका आधारमा गरिनेछ ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

---

⊛ दोस्रो संशोधनद्वारा संशोधित ।

≈ चौथौं संशोधनद्वारा संशोधित ।

(३) उपनियम (२) को प्रयोजनका लागि नेपाली सैनिक वार कलेज, नेपाली सैनिक प्रतिष्ठान, जंगल वारफेर तथा प्रतिविद्रोह शिक्षालय, सैनिक उच्च शिखर शिक्षालय वा अन्य यस्तै सैनिक शिक्षालयहरुमा शिक्षकको रुपमा कार्यरत रहेको अवधिलाई समेत गणना गरिनेछ ।

(४) सैनिक सेवाको सेनानीबाट प्रमुख सेनानी दर्जामा बढुवा गर्ने प्रयोजनको लागि कमाण्ड तथा स्टाफ तालीम समूह र अल आर्म्स कमाण्ड तथा स्टाफ कोर्ष/गणपति/युनिट कमाण्ड तथा स्टाफ कोर्ष समूहमा विभाजन गरी रिक्त पदको असी प्रतिशत कमाण्ड तथा स्टाफ तालीम समूह र बीस प्रतिशत गणपति/युनिट कमाण्ड तथा स्टाफ कोर्ष समूहबाट ज्येष्ठताका आधारमा बढुवा समितिको सिफारिस बमोजिम बढुवा गरिनेछ ।

(५) उपनियम (४) बमोजिम छुट्याइएको प्रतिशत अनुसारको रिक्त पदमा सम्बन्धित समूहको लागि तोकिएको संख्यामा योग्यता पुगेका उम्मेदवार नभएमा सो पदसंख्या एक समूहबाट अर्को समूहमा सारिनेछ ।यसरी कमाण्ड तथा स्टाफ तालीम गरेका र अल आर्म्स कमाण्ड तथा स्टाफ कोर्ष/गणपति/युनिट कमाण्ड तथा स्टाफ कोर्ष गरेका एउटै वेशिकका सेनानीहरु एउटै पदोन्नति बोर्डमा समावेश हुन सक्ने छन् तर कमाण्ड तथा स्टाफ तालीम गरेका सेनानीलाई अल आर्म्स कमाण्ड तथा स्टाफ कोर्ष/गणपति/युनिट कमाण्ड तथा स्टाफ कोर्ष समूहका कनिष्ठ सेनानीले उछिन्ने अवस्था आएमा युनिट कमाण्ड तथा स्टाफ समूहले प्राप्त गर्ने कोटा स्वतः कमाण्ड तथा स्टाफ तालीम समूहतर्फ थप हुनेछ।

(६) सैनिक सेवाको महासेनानी दर्जामा बढुवा गर्ने प्रयोजनको लागि प्रमुख सेनानीहरुलाई कमाण्ड तथा स्टाफ तालीम समूह र अल आर्म्स कमाण्ड तथा स्टाफ कोर्ष/गणपति/युनिट कमाण्ड तथा स्टाफ कोर्ष समूहमा विभाजन गरी रिक्त पदको असी प्रतिशत कमाण्ड तथा स्टाफ तालीम समूह र बीस प्रतिशत अल आर्म्स कमाण्ड तथा स्टाफ कोर्ष/गणपति/युनिट कमाण्ड तथा स्टाफ कोर्षको लागि छुट्याइनेछ । कमाण्ड तथा स्टाफ समूहलाई पुनः योग्यताक्रम र ज्येष्ठताक्रमको उपसमूहमा विभाजन गरिने छ ।यसरी छुट्याइएको प्रतिशत अनुसारको रिक्त पदमा सम्बन्धित समूह तथा उपसमूहको लागि तोकिएको संख्यामा योग्यता पुगेका उम्मेदवार नभएमा सो पदसंख्या योग्यताक्रम उपसमूह र अल आर्म्स कमाण्ड तथा स्टाफ कोर्ष/गणपति/युनिट कमाण्ड तथा स्टाफ कोर्ष समूहबाट कमाण्ड तथा स्टाफ तालीम समूहको ज्येष्ठताक्रम उपसमूहमा सारिनेछ । यसैगरी कमाण्ड तथा स्टाफ तालीम समूह र यूनिट कमाण्ड तथा स्टाफ कोर्ष समूहका एकै पदोन्नती वर्षका प्रमुख सेनानीहरु एउटै बढुवा समितिमा समावेश हुन सक्ने तर कमाण्ड तथा स्टाफ तालीम गरेका प्रमुख सेनानीहरुलाई उछिन्ने अवस्था आएमा अल आर्म्स कमाण्ड तथा स्टाफ कोर्ष/गणपति/युनिट कमाण्ड तथा स्टाफ कोर्षको लागि प्राप्त कोटा स्वतः कमाण्ड तथा स्टाफ तालीम समूहतर्फ थप हुनेछ ।

(७) योग्यताक्रम उपसमूहमा समूहिकृत हुन आवश्यक पर्ने अङ्क प्राप्त गरे तापनि पदसंख्या अनुसार सो समूहमा पर्न नसकेका प्रमुख सेनानीहरुलाई ज्येष्ठताक्रमको लागि तोकिएको पदसंख्या रिक्त भएमा मात्र सो समूहको लागि पदोन्नति प्रक्रियामा समावेश गरिनेछ । योग्यताक्रम उपसमूहको लागि छुट्याइएको संख्यामा पदोन्नतिको लागि पहिलो पटक सरिक हुने प्रमुख सेनानीहरुलाई मात्र समावेश गरिनेछ र एक पटक सो प्रक्रियामा समावेश भइसकेका प्रमुख सेनानीहरुलाई पुनः अर्को पटक सोही समूहमा समावेश गरिने छैन तर योग्यताक्रम उपसमूहमा सरिक भएका प्रमुख सेनानीहरु दोस्रो र तेस्रो पटक ज्येष्ठताक्रम उपसमूहमा उम्मेदवार हुन पाउने छन् । योग्यताक्रम उपसमूहको लागि आवश्यक पर्ने अङ्क प्राप्त गर्ने अधिकृतको संख्या नपुग भई कोटा रिक्त हुन आएमा सो कोटा स्वतः ज्येष्ठताक्रम समूहमा जानेछ ।

(८) दुबै समूहका प्रमुख सेनानीहरु तीन पटकसम्म मात्र बढुवाको लागि उम्मेदवार हुन पाउने छन् ।

(९) योग्यताक्रम उपसमूहमा रहने प्रमुख सेनानीहरुबाट महासेनानी दर्जामा बढुवा हुनेको हकमा बढुवाको मर्यादाक्रम सो समूहमा रहने प्रमुख सेनानीहरुले प्राप्त गरेको अङ्कको आधारमा हुनेछ। यस समूहमा रहेका दुई वा दुईभन्दा बढी अधिकृतहरुले प्राप्त गरेको अङ्क बराबर भएमा सो समूहभित्र निजहरुको साबिक ज्येष्ठतालाई आधार मानी मर्यादाक्रम निर्धारण गरिनेछ । ज्येष्ठताक्रम उपसमूह तथा अल आर्म्स कमाण्ड तथा स्टाफ कोर्ष/गणपति/युनिट कमाण्ड तथा स्टाफ कोर्ष समूहका प्रमुख सेनानीहरु प्राप्ताङ्कको आधारमा ज्येष्ठता कायम गरिने छ । प्राप्ताङ्क बराबर भइ ज्येष्ठता कायम हुन नसकेमा साबिक ज्येष्ठतालाई आधार मानी मर्यादाक्रम निर्धारण गरिनेछ । सेनानीबाट प्रमुख सेनानी दर्जामा बढुवा हुनेको हकमा बढुवाको मर्यादाक्रम निजहरुको आ-आफ्नो वेशिकको ज्येष्ठताक्रमको आधारमा र एउटै वेशिकभित्र प्राप्ताङ्कको आधारमा मर्यादाक्रम निर्धारण गरिनेछ ।

(१०) उपनियम (४) को प्रयोजनका लागि सेनानीहरुलाई देहाय बमोजिमको शीर्षकमा अङ्क प्रदान गरिनेछ । यसरी प्रदान गरिने अङ्कको विभाजन अनुसूची-९ र मूल्याङ्कन फाराम अनुसूची-१० बमोजिम हुनेछ ।

| | | |
|---|---|---|
| (क) | क्याडेट जेष्ठता वापत | - १० |
| (ख) | कार्य सम्पादन मूल्याङ्कन वापत | - ४३ |
| (ग) | तालिम (ग्रेडिङ्गको आधारमा) वापत | - ३८ |
| (घ) | भौगोलिक/चुनौतिपूर्ण क्षेत्र वापत | - ४ |
| (ङ) | बढुवा समितिको मूल्याङ्कन वापत | - ५ |
| | जम्मा | - १०० |

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(११) उपनियम (६) को प्रयोजनका लागि प्रमुख सेनानीहरुलाई देहाय बमोजिमको शीर्षकमा अङ्क प्रदान गरिनेछ । यसरी प्रदान गरिने अङ्कको विभाजन अनुसूची-९ र मूल्याङ्कन फाराम अनुसूची-१०क. बमोजिम हुनेछ ।

| | | |
|---|---|---|
| (क) | कायमी सेवा (हालको पदमा बहाल रहेको जेष्ठता वापत) | - १७ |
| (ख) | कार्य सम्पादन मूल्याङ्कन वापत | - ४४ |
| (ग) | तालिम (ग्रेडिङ्गको आधारमा) वापत | - ३० |
| (घ) | भौगोलिक/चुनौतिपूर्ण क्षेत्र वापत | - ४ |
| (ङ) | बढुवा समितिको मूल्याङ्कन वापत | - ५ |
| | जम्मा | - १०० |

(१२) उपनियम (६) बमोजिमको समूह तथा उपसमूह विभाजन देहाय बमोजिम हुनेछः-

(क) कमाण्ड तथा स्टाफ तालीम समूहः कमाण्ड तथा स्टाफ तालीम समूहमा देहाय बमोजिमका उपसमूहहरु रहने छन्:

(अ) कमाण्ड तथा स्टाफ तालीम समूहको योग्यताक्रम उपसमूहः उपनियम (११) बमोजिम मूल्याङ्कनमा पहिलो पटक सहभागी भई सत्तरी प्रतिशत वा सोभन्दा बढी अङ्क प्राप्त गर्ने प्रमुख सेनानीहरु,

(आ) कमाण्ड तथा स्टाफ तालीम समूहको ज्येष्ठताक्रम उपसमूहः उपनियम (११) बमोजिमको मूल्याङ्कनमा दोस्रो वा तेस्रो पटक सहभागी भई प्राप्ताङ्कको आधारमा रिक्त कोटाभित्र परेका प्रमुख सेनानीहरु,

(ख) अल आर्म्स कमाण्ड तथा स्टाफ कोर्ष/गणपति/युनिट कमाण्ड तथा स्टाफ कोर्ष समूहः स्टाफ कलेज नगरेका तर गणपति वा युनिट कमाण्ड तथा स्टाफ कोर्ष गरी उपनियम (११) बमोजिमको मूल्याङ्कनको आधारमा रिक्त कोटाभित्र परेका प्रमुख सेनानीहरु,

(१३) सेनानीहरुको हकमा बढुवाको लागि योग्यता पुगेका क्याडेट वेशिकहरुमध्ये ज्येष्ठताको आधारमा र एउटै क्याडेट वेशिकभित्र प्राप्ताङ्कको आधारमा मर्यादाक्रम निर्धारण गरिनेछ । रिक्त कोटामा एउटै क्याडेट वेशिकका सेनाननीहरुको संख्या अपुग भएमा सोभन्दा कनिष्ठ वेशिकका योग्यता पुगेका सेनानीहरुलाई समावेश गराइनेछ । यसरी दुई वा सोभन्दा बढी क्याडेट वेशिक समावेश हुने अवस्था आएमा समावेश हुने कनिष्ठ क्याडेट वेशिकको पूरै संख्यालाई समावेश गरी हरेक क्याडेट वेशिकको छुट्टाछुट्टै मूल्याङ्कन गरिनेछ । कमाण्ड तथा स्टाफ तालीम समूहको प्रमुख

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

सेनानीहरुको हकमा बढुवाको लागि योग्यता पुगी कम्तीमा तीन वर्ष कायमी सेवा अवधि पूरा भएका प्रमुख सेनानीहरुमध्ये साधारणतया तीन पदोन्नती वर्षका प्रमुख सेनानीहरुमध्ये पहिलो पटक सहभागी हुनेलाई योग्यताक्रम उपसमूहमा मात्र तथा दोस्रो र तेस्रो पटक सहभागी प्रमुख सेनानीहरुलाई ज्येष्ठताक्रम उपसमूहमा मात्र समावेश गराइनेछ । तर कुनै पिन कसूरमा सैनिक अदालतबाट सजाय पाएका अधिकृतहरु योग्यताक्रम उपसमूहको लागि योग्य हुने छैन । गणपति र युनिट कमाण्ड तथा स्टाफ कोर्ष समूहको लागि छुट्याइएको कोटामा प्रमुख सेनानीको हकमा रिक्त पदसंख्याको न्यूनतम तीन गुणाको संख्यामा तीन वा तीनभन्दा बढी पदोन्नति वर्षका प्रमुख सेनानीहरुलाई समावेश गरी मूल्याङ्कन गरिनेछ । यसरी तीन गुणाको संख्या समावेश गर्दा समावेश हुन कनिष्ठ क्याडेट वेशिक र पदोन्नति वर्षको पूरै संख्यालाई सहभागी गराइनेछ ।

(१४) महासेनानीबाट सहायक रथी दर्जामा बढुवा गर्दा अनुसुची -६ बमोजिमको आवश्यक योग्यता पुरा गरेका र प्रमुख सेनानी र महासेनानी दर्जाको कार्य सम्पादनको औसत अङ्क न्यूनतम सात्तरी प्रतिशत प्राप्त गरी बढुवाका लागि सिफारिस भएका स्टाफ कलेज गरेका तथा महासेनानीहरुबाट त्रियानब्बे प्रतिशत र स्टाफ कलेज नगरेका तर हाइयर कमाण्ड तथा म्यानेजमेन्ट गरेका महासेनानीहरुबाट सात प्रतिशत कायमी सेवाको जेष्ठताको क्रम अनुसार बढुवा समितिको सिफारिसका आधारमा गरिनेछ । पदोन्नति कार्यको लागि कार्यदक्षता, योग्यता, आचरण तथा संस्थागत हितको निमित्त पुर्याएको विशेष योगदानलाई समेत आधार मानिनेछ ।

(१५) सहायक रथीबाट उपरथी दर्जामा बढुवा गर्दा अनुसुची -६ बमोजिमको आवश्यक योग्यता पुरा गरेका र महासेनानी र सहायक रथी दर्जाको कार्य सम्पादनको औसत अङ्क न्यूनतम सत्तरी प्रतिशत प्राप्त गरी बढुवाका लागि सिफारिस भएका तथा कम्तीमा एक वर्ष बाहिनी कमाण्डमा कार्यरत रही स्टाफ कलेज गरेका सहायक रथीहरुबाट पन्चानब्बे प्रतिशत र स्टाफ कलेज गरेका तर अनुसुची -६ बमोजिमको तालिम नगरेका सहायक रथीहरुबाट पाँच प्रतिशत जेष्ठताको क्रम अनुसार बढुवा समितिको सिफारिसका आधारमा गरिनेछ ।

≈(१६) उपरथीबाट रथीमा बढुवा गर्दा नेशनल डिफेन्स कलेज (एन.डि.सि.) वा नेशनल डिफेन्स युनिभर्सिटि (एन.डि.यु.) वा रोयल कलेज अफ डिफेन्स स्टडिज (आर.सि.डि.एस.) वा वार कलेज वा सो सरहको तालीम पूरा गरेका र उच्चस्तरको कार्यसम्पादन मूल्याङ्कन भएका उपरथीहरु मध्येबाट ज्येष्ठता क्रम अनुसार बढुवा समितिको सिफारिसका आधारमा गरिनेछ ।

(१७) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो उपनियम प्रारम्भ हुँदाका बखत गणपति तालीम प्राप्त गरिसकेका सेनानी त्यस्तो पदभन्दा माथिल्लो पदमा बढुवा हुनको लागि योग्य हुनेछ ।

≈ चौथौं संशोधनद्वारा संशोधित ।

कानून तथा संसदीय मामिला मन्त्रालय

३९. **<u>कार्य सम्पादन मूल्याङ्कन सम्बन्धी व्यवस्थाः</u>** (१) नेपाली सेनाले निर्धारण गरेको ढाँचामा प्रत्येक वर्षको कार्य सम्पादन मूल्याङ्कन दुरुस्त बनाई राख्नु पर्नेछ ।

(२) कार्य सम्पादन मूल्याङ्कन र बढुवाको लागि लिइने अन्तिम सिफारिस प्रतिवेदनलाई अति गोप्य प्रतिवेदनको रूपमा लिई व्यक्ति व्यक्तिको छुट्टा छुट्टै फाईल खडा गरी अधिकृतको हकमा सैनिक सचिव र सोभन्दा मुनिको हकमा सम्बन्धित कार्यालय प्रमुखको जिम्मामा राखिनेछ ।

(३) कार्य सम्पादन मूल्याङ्कन सम्बन्धमा देहाय बमोजिम गर्नु पर्नेछः-

(क) प्रमुख सेनानी वा सो भन्दा माथिका सैनिक अधिकृतले दुई प्रति र सो भन्दा मुनिका अन्य सैनिक व्यक्तिले एक प्रति कार्य सम्पादन मूल्याङ्कन भरी प्रत्येक वर्षको ⊛<u>माघ महिनाको एक गतेदेखि सोही महिनाको पन्ध्र गतेसम्म</u> अनिवार्य रूपमा आफू कार्यरत रहेको कार्यालय प्रमुख समक्ष पेश गर्नु पर्नेछ।

(ख) कार्यालय प्रमुखले सैनिक व्यक्तिको कार्य सम्पादन मूल्याङ्कन भरेपछि सम्बन्धित सैनिक व्यक्तिलाई देखाई निजको राय समेत खुलाई दस्तखत गराउनु पर्नेछ र अधिकृतस्तरको हकमा तालुक अड्डा मार्फत सैनिक सचिव विभागमा प्रत्येक वर्ष ⊛<u>फागुन एक गतेदेखि सोही महिनाको पन्ध्र गतेसम्ममा प्राप्त भइसक्ने गरी पठाउनु पर्नेछ । प्राप्त नहुने व्यक्तिको हकमा कार्यालय प्रमुख/पतिले सम्बन्धितसँग पेश नगर्नाको स्पष्ट कारण माग गरी सम्बन्धितमा जानकारी गराउनु पर्नेछ ।</u>

(४) प्रमुख सेनानी वा सो भन्दा माथिका सैनिक अधिकृतको कार्यसम्पादन मूल्याङकनको एक प्रति सिलबन्दी गरी मन्त्रालयमा पठाउनु पर्नेछ । बढुवा उजुरीको सम्बन्धमा नियम ४४ बमोजिमको समितिले माग गरेमा मन्त्रालयले सिलबन्दी रहेको कार्य सम्पादन मूल्याङ्कन विवरण समितिलाई उपलब्ध गराउनेछ । समितिले बढुवा उजुरीको सम्बन्धमा छानविन गर्दा बाहेक अन्य अवस्थामा सिलबन्दी रहेको कार्य सम्पादन मूल्याङकन खोलिने छैन ।

४०. **<u>स्थानीय बढुवाः</u>** (१) नेपाल बाहिरको कुनै मिशनमा कुनै निश्चित कामका लागि खास दर्जाको सैनिक व्यक्ति पठाउन अनुरोध प्राप्त भएको तर त्यस्तो दर्जाको सैनिक व्यक्ति पठाउन कुनै कारणले नसकिएमा नेपाल सरकारले चाहेमा नेपाल बाहिरको कुनै मिशनमा खटिई जाने महासेनानी वा सो भन्दा माथिको सैनिक अधिकृतलाई कुनै निश्चित कामको लागि स्थानीय बढुवा दिन सकिनेछ ।

---

⊛ दोस्रो संशोधनद्वारा संशोधित ।

(२) उपनियम (१) बमोजिम स्थानीय बढुवा दिइएकोमा तोकिएको काम सकिएपछि साविककै दर्जामा कायम भएको मानिनेछ ।

(३) स्थानीय बढुवा पाउने व्यक्तिले निज खटी गएको स्थान विशेषमा मात्र दर्ज्यानी चिन्ह प्रयोग गर्न पाउनेछ । त्यस्तो बढुवा हुनेलाई नेपाल सरकारबाट कुनै थप सुविधा दिइने छैन ।

४१. **<u>कार्यवाहक बढुवाः</u>** (१) अनुसूची-६ बमोजिमको तालिम पूरा नगरेका तर बढुवाका लागि सम्भाव्य उम्मेदवार भई सकेको सहसेनानी देखि रथी दर्जासम्मका सैनिक व्यक्तिलाई एकतह माथिको पद खाली रहेको अवस्थामा देहाय बमोजिमको सेवा अवधि पूरा गरेको भए बढुवा समितिले कार्यवाहक बढुवाका लागि सिफारिस गर्न सक्नेछः-

| | | |
|---|---|---|
| (क) | सहसेनानीका लागि | पाँच वर्ष |
| (ख) | सेनानीका लागि | नौ वर्ष |
| (ग) | प्रमुख सेनानीका लागि | तेह्र वर्ष |
| (घ) | महासेनानीका लागि | सत्र वर्ष |
| (ङ) | सहायक रथीका लागि | बीस वर्ष |
| (च) | उपरथीका लागि | बाइस वर्ष |
| (छ) | रथीका लागि | तेइस वर्ष |

(२) उपनियम (१) बमोजिम सिफारिस भई कार्यवाहक बढुवा भएका सैनिक व्यक्तिले कार्यवाहक पाएको दर्जाको दर्ज्यानी चिन्ह लगाउन पाउनेछ ।

तर कार्यवाहक अवधिभर अनुसूची -६ बमोजिमको तालिम पूरा नगरुन्जेल निजलाई बढुवा गरिने छैन ।

(३) कार्यवाहक बढुवा हुने सैनिक व्यक्तिले कार्यवाहक अवधिभरको तलव वृद्धि (ग्रेड) पाउने छैन ।

४२. **<u>मानार्थ बढुवाः</u>** (१) नेपाली सेनामा प्रशंसनीय काम गरेका तर बढुवाको अवसर नपाई अवकाश लिने उप सेनानीदेखि ⊛<u>उपरथि</u> दर्जासम्मका सैनिक व्यक्तिलाई बढुवा समितिको सिफारिस सहित मानार्थ बढुवाका लागि प्रधान सेनापतिले नेपाल सरकार समक्ष पेश गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम सिफारिस प्राप्त भएपछि नेपाल सरकारले मानार्थ बढुवा गर्न सक्नेछ ।

तर यस उपनियम बमोजिम मानार्थ बढुवा हुने सैनिक व्यक्तिले दर्ज्यानी चिन्ह प्रयोग गर्न पाउने बाहेक अन्य सुविधा पाउने छैन ।

---

⊛ दोस्रो संशोधनद्वारा संशोधित ।



कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(३) प्रमुख सुवेदार र सुवेदार वा सो सरहको नेपाली सेनाको पदमा पच्चीस वर्ष वा सो भन्दा बढी सेवा गरेका र एक वर्ष भन्दा कम सेवा गर्न पाउने अवधि बाँकी भएका कदरयोग्य व्यक्तिलाई बढुवा समितिको सिफारिसमा प्रधान सेनापतिले मानार्थ उपसेनानी दर्जा प्रदान गर्न सक्नेछ ।

तर पदावधिको कारणले गर्दा पच्चीस वर्ष अगावै अवकाश हुनेको हकमा बढीमा एक आर्थिक वर्षमा ⊛पाँच जनासम्मलाई मानार्थ उपसेनानीमा बढुवा गर्न बाधा पर्ने छैन ।

(४) उपनियम (३) बमोजिम बढुवा हुने सैनिक व्यक्तिले दर्ज्यानी चिन्ह प्रयोग गर्न र सो पदले पाउने सबै सुविधा पाउनेछ ।

४३. **बढुवा सम्बन्धी विशेष व्यवस्थाः** ⊛(१) कार्यरत रहेको पदमा तीन वर्ष सेवा अवधि पुरा गरेका र डोसियरमा कैफियत नजनिएका सहायक सेनानीदेखि सहायक रथी दर्जासम्मका सैनिकले उमेरको हद वा पदावधिको कारणबाट अवकास हुने भएमा अवकास हुनु भन्दा एक महिना अगाडि निजको विशेष योगदानको आधारमा नेपाल सरकारले आवश्यक ठानेमा त्यस्ता सैनिकलाई एक तह माथिको पदमा बढुवा गर्न सक्नेछ ।

तर यसरी बढुवा भएको पदमा निज एक महिना भन्दा बढी कार्यरत हुने छैन ।

(२) उपनियम (१) वमोजिम बढुवा भएको सैनिकको पदस्थापना गर्न आवश्यक पर्ने विशेष तह र पद स्वतः सिर्जना भएको मानिनेछ र त्यस्तो सैनिक सेवाबाट अवकास भएपछि सो तह र पद स्वतः खारेज हुनेछ ।

(३) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि युद्ध, आन्तरिक द्वन्द्व तथा शान्ति स्थापना कार्यमा बहादुरी प्रदर्शन गर्ने, राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरको खेलकुदमा पदक जित्ने, हिमाल आरोहण जस्ता साहसिक कार्य गर्ने, आफ्नो ज्यान जोखिममा पारी सर्वसाधारण जनता/सहकर्मीको ज्यान तथा राष्ट्रिय सम्पत्तिको रक्षा गर्ने आदि जस्ता राष्ट्र, तथा नेपाली सेनाको मान, प्रतिष्ठा र गौरव बढाई प्रशंसनीय कार्य गर्ने ⊛प्रमुख सुवेदार र सुवेदारलाई ☗ साधारण सेवा तर्फ रिक्त सहायक सेनानी पदमा र सो बाहेकका सेवा, समूह तथा उपसमूहका सुवेदारलाई उपसेनानी पदमा र सो भन्दा मुनिका पदका सैनिकलाई एक दर्जा र तह माथि रिक्त पदमा बढुवा समितिको सिफारिसमा बढुवा गर्न सकिनेछ।

तर यस नियम बमोजिम ☗प्रमुख सुवेदार, सहायक सेनानी र उपसेनानी दर्जामा पदोन्नति गर्दा न्यूनतम बाह्र वर्षको सेवा अवधि पूरा भएको हुनु पर्नेछ । ❖यस उपनियम बमोजिमको विशेष बढुवा एक व्यक्तिको लागि सेवा अवधिमा एक पटक मात्र गरिनेछ ।

---

⊛ दोस्रो संशोधनद्वारा संशोधित ।

☗ छैटौं संशोधनद्वारा संशोधित ।

❖ दोस्रो संशोधनद्वारा थप ।

(४) उपनियम (१) र (३) अनुसार हुने बढुवाको लागि सिफारिस गर्न तत् तत् पदका लागि गठन हुने बढुवा समितिको सिफारिसमा गरिनेछ । अधिकृत पदमा गरिने यस्तो बढुवाको निर्णय गर्ने अधिकार नेपाल सरकारलाई हुनेछ ।

४४. **निवेदन दिन सक्ने:** (१) बढुवा समितिको बढुवा सिफारिस निर्णय उपर चित्त नबुझ्ने सैनिक व्यक्तिले बढुवाको निर्णय भएको मितिले ⊛सात दिनभित्र आफू बढुवामा समावेश हुनु पर्ने स्पष्ट र बस्तुगत आधार सहितको निवेदन सचिवालयमा पेश गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त भएपछि सचिवालयले आफ्नो राय सहित उक्त निवेदन सात दिन भित्र देहायको समिति समक्ष पेश गर्नुपर्नेछः-

(क) ≈सहायक सेनानी देखि उपरथी दर्जासम्म बढुवा हुनु पर्ने निवेदकको हकमा,-

(अ) वरिष्ठतम् रथी - अध्यक्ष

(आ) प्रधानसेनापतिले तोकेको बढुवा समितिमा नरहेको उपरथी - सदस्य

(इ) प्राड विवाक प्रमुख - सदस्य

(ख) पदिक दर्जामा बढुवा हुनु पर्ने निवेदकको हकमा,-

(अ) कार्यरथी - अध्यक्ष

(आ) ⊛सैनिक संगठन निर्देशनालयको प्रतिनिधि - सदस्य

(इ) प्राड विवाकको अधिकृत प्रतिनिधि - सदस्य

(ग) प्यूठ, अमल्दार, हुद्दा दर्जामा बढुवा हुनुपर्ने निवेदकको हकमा,-

(अ) सम्बन्धित युनिट रहेको क्षेत्रको पृतनापति वा निजले तोकेको वरिष्ठ अधिकृत - अध्यक्ष

(आ) सम्बन्धित पृतनापतिले तोकेको अधिकृत - सदस्य

(इ) सम्बन्धित पृतनामा कार्यरत प्राड अधिकृत - सदस्य

(३) उपनियम (१) बमोजिम पेश गरेको निवेदन उपर आवश्यक छानवीन गर्दा निज सो बढुवामा सिफारिस हुनु पर्ने देखिएमा उपनियम (२) बमोजिमको समितिले सम्बन्धित बढुवा समितिमा लेखि पठाउनु पर्नेछ । यसरी लेखिआएमा बढुवा समितिले निवेदकको जेष्ठता कायम हुने गरी पुनः सिफारिस गर्नु पर्नेछ ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

---

⊛दोस्रो संशोधनद्वारा संशोधित ।

≈ चौथौं संशोधनद्वारा संशोधित ।

(४) यस नियम बमोजिम परेको निवेदन उपर समितिले ⊛ <u>सात दिनभित्र</u> टुङ्गो लगाई सक्नु पर्नेछ।

(५) बढुवा समितिको निर्णय उपर तोकिएको म्याद भित्र निवेदन पर्न आएमा सो निवेदनको टुङ्गो लागे पछि मात्र बढुवा समितिको सिफारिस अनुसार बढुवा नियुक्ति प्रक्रिया अगाडि बढाउनु पर्नेछ।

(६) सैनिक अधिकृतको पदमा बढुवाको सम्बन्धमा सैनिक सचिव विभाग, पदिकको पदमा बढुवाको सम्बन्धमा कार्यरथी विभाग र अन्य सैनिकको बढुवाको सम्बन्धमा सम्बन्धित पृतनाले उजुरी सुन्ने समितिको सचिवालयको कार्य गर्नेछ ।

## परिच्छेद-४

## <u>तालिम तथा प्रशिक्षण सम्बन्धी व्यवस्था</u>

४५. **<u>तालिम तथा प्रशिक्षणको व्यवस्थाः</u>** (१) सैनिक व्यक्तिलाई समयानुकूल कार्यकुशल, दक्ष तथा व्यवसायिक बनाउन आवश्यकता अनुसार अनुसूची-६ मा उल्लिखित तालिममा समावेश गराईनेछ ।

(२) एकै पटक नियुक्ति भएका वा बढुवा भएका सैनिक व्यक्तिलाई आन्तरिक तालिम तथा प्रशिक्षणका लागि मनोनयन गर्दा साधारणतया समान अवसर प्राप्त हुने गरी गर्नु पर्नेछ ।

(३) सैनिक व्यक्तिको तालिम तथा प्रशिक्षणको पाठ्यक्रम, अवधि तथा तालिम तथा प्रशिक्षण दिने स्थान, प्रशिक्षक तथा अतिथि प्रशिक्षक सम्बन्धी व्यवस्था जङ्गी अड्डाले निर्धारण गरे बमोजिम हुनेछ।

(४) तालिम तथा प्रशिक्षणमा सम्मिलित गराईएको सैनिक व्यक्तिले तालिम तथा प्रशिक्षण अवधिमा लापरवाही देखाई आफ्नो व्यवसायिक ज्ञानप्रति उदासिनता तथा गैर जिम्मेवारीपन देखाएमा सोको व्यहोरा अभिलेखमा जनाईनेछ ।

(५) उपनियम (४) बमोजिम अभिलेखमा जनाइएका सैनिक व्यक्तिलाई पुनः एकपटक तालिम तथा प्रशिक्षणको मौका दिइनेछ र त्यसपछि पनि उदासिनता वा गैर जिम्मेवारीपन देखाउने सैनिक व्यक्तिलाई विभागीय कारबाही गरिनेछ ।

(६) तालिम तथा प्रशिक्षण अवधिभित्र प्रशिक्षार्थीको आचरण र चरित्र सम्बन्धी अभिलेख सम्बन्धित तालिम तथा प्रशिक्षण केन्द्रले तालिम तथा प्रशिक्षण समाप्त भएपछि तयार गरी त्यसको एकप्रति सम्बन्धित कार्यालयमा समेत पठाउनु पर्नेछ ।

(७) तालिम तथा प्रशिक्षणमा सफल हुने प्रशिक्षार्थीलाई तालिम तथा प्रशिक्षण केन्द्रका प्रमुख र मुख्य प्रशिक्षकको हस्ताक्षर सहितको प्रमाणपत्र तालिम तथा प्रशिक्षण केन्द्रले दिनेछ ।

(८) पदिकबाट कमिशन हुनेको उमेर चौंतीस वर्ष नाघेमा कमाण्डो तालिम गर्नु पर्ने छैन ।

कानून तथा संसदीय मामिला मन्त्रालय

(९) युवा अधिकृत तालिमका प्लाटुन कमाण्डर्स व्याटल तालिम र कमाण्डो गरी दुवै खण्ड पूरा नगरेसम्म गुल्मपति तालिम गर्न पाइने छैन ।

*(१०) स्वदेशमा सैनिक कमाण्ड तथा स्टाफ तालीममा सेनानी र सह सेनानी दर्जाका शिक्षार्थी छनौट गर्दा प्रवीणता तह उत्तीर्ण गरी सेवामा प्रवेश गर्ने अधिकृतहरुको हकमा अधिकृत क्याडेट तालीममा संलग्न भएको मितिले दश वर्ष र स्नातक तह उत्तीर्ण गरी सेवा प्रवेश गर्नेहरु तथा आन्तरिक प्रतिस्पर्धाबाट सेवा प्रवेश गर्ने अधिकृतहरुको हकमा अधिकृत क्याडेटमा संलग्न भएको मितिले नौ वर्ष सेवा अवधि पूरा गरेको, गुल्मपति तथा स्टाफ तालीम गरेको, कार्यसम्पादन मूल्याङ्कनमा पछिल्लो तीनवटा नेकिबदीको औसत अंक न्यूनतम साठी प्रतिशत प्राप्त गरेको, मनोनयन हुने अधिकृतहरुको उमेर छनौट परीक्षा सञ्चालन हुने वर्षको बैशाख एक गते पैंतीस वर्ष ननाघेको अधिकृतहरुलाई सम्बन्धित पृतनापति वा विभागीय प्रमुखको सिफारिसको आधारमा छनौट गरिनेछ ।

तर कुनै सैनिक कसूरमा संलग्न भई अनुसन्धानको क्रममा रहेको वा सैनिक अदालतमा मुद्दा विचाराधिन रहेको वा सैनिक अदालतबाट सजाय पाएकोमा सजाय भुक्तान भइनसकेको अधिकृतलाई सैनिक कमाण्ड तथा स्टाफ तालीममा सहभागी गराइने छैन ।

*(११) सैनिक कमाण्ड तथा स्टाफ तालीमको प्रवेश परीक्षामा पुरुष तथा महिला अधिकृतहरुलाई खुला प्रतिस्पर्धा गराई शिक्षार्थी छनौट गरिनेछ र <u>अल आर्म्स कमाण्ड तथा स्टाफ कोर्ष/युनिट कमाण्ड तथा स्टाफ कोर्षको</u> लागि सैनिक कमाण्ड तथा स्टाफ तालीम नगरेका पुरुष तथा महिला अधिकृतहरुलाई खुला प्रतिस्पर्धा गराई शिक्षार्थी छनौट गरिनेछ ।

≈(१२) हाइयर कमाण्ड तथा म्यानेजमेन्ट तालीममा महासेनानी र प्रमुख सेनानी दर्जाका शिक्षार्थी छनौट गर्दा स्वदेश वा विदेशमा कमाण्ड तथा स्टाफ कलेज तालीममा उर्तीण भएको वा गणपति तालीम वा अल आर्म्स् कमाण्ड तथा स्टाफ कोर्ष वा अल आर्म्स कमाण्ड तथा स्टाफ कोर्ष/गणपति/युनिट कमाण्ड तथा स्टाफ कोर्ष तालीम उर्तीण गरेको र पछिल्लो तीन वर्षको नेकिबदीको न्यूनतम औसत अङ्क सत्तरी प्रतिशत प्राप्त गरेको र मूल्याङ्कनको आधार (कार्यसम्पादन वापत पचास, तालीम वापत पैंतालिस र छनौट बोर्डको मूल्याङ्कन वापत पाँचको आधारमा तय भएके योग्यताक्रम अनुसार) मा छनौट गरिनेछ ।

४६. **<u>वैदेशिक तालिम र सेमिनारः</u>** (१) सैनिक व्यक्तिलाई वैदेशिक तालिम र सेमिनारमा देहायका आधारमा छनौट गरिनेछः-

(क) स्वदेशमा गरेको तालिमको नतिजाको मर्यादाक्रम अनुसार,

---

* दोस्रो संशोधनद्वारा थप ।

पाँचौ संशोधनद्वारा संशोधित ।

≈ चौथौं संशोधनद्वारा संशोधित ।

(ख) तालिम र सेमिनार आयोजना गर्ने राष्ट्र/संस्थाले तोकेको योग्यता र दर्जा अनुसार,

(ग) सम्बन्धित पदको जेष्ठता अनुसार,

(घ) विशेषज्ञ तालिमका लागि प्राप्त सिटमा सम्बन्धित ट्रेडको आवश्यकता र जेष्ठता अनुसार,

(ङ) कुनै अधिकृत कमाण्ड वा कार्य व्यस्ततामा रहे निज भन्दा मुनिको जेष्ठता अनुसार,

(च) विदेश तालिम/सेमिनारमा सहभागी हुने कम अवसर पाए अनुसार,

⊛(२) नेशनल डिफेन्स कोर्ष वा सो सरहको तालिमको लागि प्रशिक्षार्थी मनोनयन गर्दा तालीममा प्रशिक्षार्थी मनोनयन सम्बन्धी कार्यविधि बमोजिम गरिनेछ ।

❖(२क) विदेश सैनिक कमाण्ड तथा स्टाफ तालीममा सेनानी र सहसेनानी दर्जाका शिक्षार्थी छनौट गर्दा पछिल्लो सैनिक कमाण्ड तथा स्टाफ कलेज तालीममा न्यूनतम बी ग्रेडीङ्ग प्राप्त गरेका र विदेश तालीमको लागि सिफारिस भएका सेनानी र सहसेनानीहरुमध्येबाट तालीमको नतिजाको मर्यादाक्रम अनुसार प्राप्त कोटा अनुरुप ज्येष्ठताको आधारमा सोही वर्ष मात्र छनौट गरिनेछ ।

(३) ⊛उपनियम (१), (२) र (२क) का अतिरिक्त तालिम तथा सेमीनारमा छनौट सम्बन्धी अन्य व्यवस्था मन्त्रालयद्वारा स्वीकृत कार्यविधिद्वारा निर्धारण गरिनेछ ।

४७. **आधार तालिम वा मेडिकल बोर्डबाट अयोग्य (अनफिट) भएमा सेवाबाट हटाउन सकिनेः** (१) कुनै पनि सैनिक व्यक्ति तालिमको सिलसिलामा ☗दुई पटकसम्म रेलिगेट भई कमिशन अधिकृत तथा सिपाही बन्न योग्यता नभएको वा नरहेको तथा नियम १०७ बमोजिमको मेडिकल बोर्डबाट अयोग्य (अनफिट) हुने प्रकृतिको रोगी तथा अपाङ्ग भएको कुरा प्रमाणित भएमा निजको नियुक्ति वदर हुन सक्नेछ ।

(२) सैन्य वा अधिकृत क्याडेट ☤आधार तालिममा उत्तीर्ण हुन नसकेमा ☗दुई पटकसम्म कनिष्ठ समूहमा समावेश गरिनेछ ।

☗(३) उपनियम (२) बमोजिम कनिष्ठ समूहमा समावेश भई सो समूहमा समेत उत्तीर्ण हुन नसकेमा सैन्यको हकमा सम्बन्धित तालिम प्रमुखको सिफारिसमा सैनिक तालिम महानिर्देशकले र

⊛ दोस्रो संशोधनद्वारा संशोधित ।

❖ दोस्रो संशोधनद्वारा थप ।

☗ छैटौं संशोधनद्वारा संशोधित ।

☤ छैटौं संशोधनद्वारा थप ।

अधिकृत क्याडेटको हकमा सैनिक तालिम महानिर्देशकको सिफारिसमा प्रधान सेनापतिले तालिमबाट हटाउन सक्नेछ।

(४) उपनियम (३) बमोजिम तालिमबाट हटाउँदा निजलाई सफाई पेश गर्ने मौका दिनु पर्नेछ।

⊛(५) सैनिक व्यक्ति नियम १०७ बमोजिमको मेडिकल बोर्डबाट अयोग्य (अनफिट) ठहरिएमा ⁋वा उपनियम (३) बमोजिम तालिमबाट हटाइएमा अधिकृतको हकमा नियुक्ति दिने अधिकारीले र पदिक तथा अन्य दर्जाको हकमा प्रधान सेनापतिले सेवाबाट हटाउन सक्नेछ ।

४८. **शान्ति सेना कन्टिन्जेण्टमा खटाउने:** (१) •.........................

(२) मन्त्रालयले शान्ति सेनामा भाग लिन चाहिने योग्यता र शान्ति सेना सम्बन्धी अन्य आवश्यक कुराहरु व्यवस्थित बनाउन कार्यविधि बनाई लागू गर्नेछ । यस्तो कार्यविधिमा गणपति, सहायक गणपति, अन्य सेनानी लगायतका अधिकृत, पदिक तथा अन्य दर्जा समेतलाई समेटी अन्य मापदण्ड र आधारको व्यवस्था गरिनेछ ।

(३) •...................

(४) योग्यता पुगेका एकपटक पनि शान्ति सेनामा जाने अवसर नपाएका व्यक्ति रहेसम्म दोहोर्याएर कसैलाई शान्ति सेनामा पठाइने छैन ।

(५) एकपटक गई सकेको सैनिकलाई स्वदेश फिर्ता भएको दुई वर्ष पुगे पछि मात्र दोहोर्याएर पठाउन सकिने छ । यसरी दोहोर्याएर पठाउदा सबैभन्दा पहिला शान्ति सेनामा गएको आधारमा जेष्ठता कायम गरी पठाउनु पर्ने छ ।

⊛तर शान्ति सेनामा जाने त्यस्तो जनशक्ति नभएका विशेष ट्रेडका हकमा, विशेष ट्रेडका र सैनिक कमाण्ड तथा स्टाफ कोर्ष गरेका अधिकृतहरु नै खटाउनु पर्ने अवस्थमा सोही बमोजिम अधिकृतहरु पठाउन बाधा पर्ने छैन ।

(६) कर्तव्यपालनका सिलसिलामा घाइते भई विशेष योगदान पुर्‍याएका सैनिकलाई स्वास्थ्य परीक्षण गरी संयुक्त राष्ट्र संघको सेवामा सक्षम भन्ने देखिएमा विशेष प्राथमिकता दिइनेछ ।

(७) यस नियम र कार्यविधिमा उल्लेख भएको मापदण्ड र आधारमा नपरेका कुनै पनि सैनिक व्यक्तिलाई शान्ति सेनामा पठाइने छैन ।

(८) मानव अधिकार उल्लंघनमा दोषी भएको र अन्य कुनै कार्वाहीमा परी शान्ति सेनामा भाग लिन जान नपाउने भनी कमाण्डरले उल्लेख गरेको सैनिक व्यक्ति शान्ति सेनामा सहभागी हुन योग्य हुने छैन ।

---

• दोस्रो संशोधनद्वारा झिकिएको ।

⊛ दोस्रो संशोधनद्वारा संशोधित ।

तर तोकिएको योग्यता र मापदण्डमा परी स्वत चयन हुने बाहेकका सैनिक व्यक्तिलाई कमाण्डर समेतले शान्ति सेनामा पठाउने सिफारिस गर्न पाईने छैन । शान्ति सेनामा जान मापदण्ड भित्र परी आफ्नो पालो आएको हुनुपर्नेछ ।

४९. **स्टाफ अफिसर्स/सैनिक पर्यवेक्षक अधिकृत खटाउने सम्बन्धीः** (१) स्टाफ अफिसर्स/सैनिक पर्यवेक्षक अधिकृत खटाउदा देहायका आधारमा मनोनयन गरिनेछः-

(क) स्टाफ कलेज तालिम प्राप्त र स्टाफ कलेज तालिम नगरेका अधिकृतहरुको कायम छुट्टा छुट्टै जेष्ठता अनुसार ,

(ख) अन्य ट्रेडका अधिकृतको सम्बन्धित ट्रेडमा निजहरुको जेष्ठता अनुसार,

(ग) संयुक्त राष्ट्र संघको मापदण्डमा उल्लेख भएको कार्यविवरण तथा योग्यता अनुसारका योग्य अधिकृतहरुको जेष्ठताक्रम अनुसार,

(घ) मानव अधिकार उल्लंघनको अभियोगमा सजाय नपाएको,

(ङ) कुनै अदालतबाट सजाय पाएकोमा सजाय पाएको अवधि भुक्तान भएको,

(च) अन्तर्राष्ट्रियस्तरको वातावरण सुहाँउदो कार्य गर्न सक्ने क्षमता भएको,

(छ) अंग्रेजी भाषा राम्रोसँग बोल्न र लेख्न सक्ने ।

तर अवकास पाउने उमेर पुग्न लागेका सैनिक व्यक्तिलाई प्राथमिकता दिन सकिनेछ ।

(२) संयुक्त राष्ट्र संघ मुख्यालयबाट योग्यता र मापदण्ड तोकिएकोमा सो समेतलाई हेरी छनौट गरिनेछ ।

(३) स्टाफ अफिसर्स तथा सैनिक पर्यवेक्षकमा अधिकृत छनौट गर्न कार्यविधिमा व्यवस्था भए बमोजिम नेपाली सेनामा एक समिति रहनेछ । समितिले उपनियम (१) मा उल्लेख भएका मापदण्डका अतिरिक्त व्यक्तिको कार्यदक्षता, कार्यकुशलता, इमान्दारी, नैतिकता, वफादारी, संस्था तथा राष्ट्रप्रतिको योगदान समेतलाई मध्यनजर राखी छनौट गर्नेछ ।

(४) स्टाफ कलेज तालिम प्राप्त, स्टाफ कलेज तालिम नगरेका र अन्य ट्रेडका अधिकृतको प्रतिशत निर्धारण कार्यविधिमा व्यवस्था भए बमोजिम हुनेछ ।

(५) उपनियम (३) बमोजिम छनौट भएका उम्मेदवारको नाम नेपाली सेनाले मन्त्रालयमा पठाउनु पर्नेछ । मन्त्रालयले तोकिएको मापदण्ड पूरा भए नभएको हेरी मनोनयन गर्नु पर्नेछ ।

५०. **सैनिक सल्लाहकार/फ्लोटिङ एप्वाईन्टमेन्ट सम्बन्धीः** (१) सैनिक सल्लाहकार र फ्लोटिङ एप्वाईन्टमेन्टका लागि अधिकृत छनौट गर्दा देहायका आधारमा गरिनेछः-

(क) स्टाफ कलेज उतिर्ण भएको,

(ख) अंग्रेजी भाषा पढ्न, लेख्न र बोल्न सक्ने,

कानून तथा संसदीय मामिला मन्त्रालय

(ग) कायमी सेवा एक वर्ष पूरा भई चार वर्ष ननाघेको,

(घ) स्नातक तह उत्तीर्ण ,

(ङ) मानव अधिकार उल्लघंनको अभियोगमा सजाय नपाएको,

(च) कुटनैतिक ढंगले अन्तराष्ट्रिय क्षेत्रमा कार्य सम्पादन गर्न सक्ने,

(छ) माथिका योग्यता पुगेका मध्येको जेष्ठ उम्मेदवार ।

(२) योग्यता पुगेका संभावित उम्मेदवार मध्येबाट छनौट गर्न कार्यविधिमा व्यवस्था भए बमोजिम नेपाली सेनामा एक समिति रहनेछ ।

₹(२क) उपनियम (२) बमोजिम छनौट भएका उम्मेदवारमध्ये नेपाली सेनाले सैनिक सल्लाहकारको हकमा नियुक्तिको लागि र फ्लोटिङ् एप्वाईन्टमेन्टको हकमा आवेदन गर्नुअघि पूर्वस्वीकृतिको लागि मन्त्रालयसमक्ष पठाउनेछ।

₹(२ख) उपनियम (२क) बमोजिम फ्लोटिङ् एप्वाईन्टमेन्टको लागि उपयुक्त उम्मेदवारलाई मन्त्रालयले पूर्वस्वीकृति प्रदान गर्नेछ।

☗(३) मन्त्रालयले आवश्यक मापदण्ड पूरा भए नभएको हेरी सैनिक सल्लाहकारको हकमा नियुक्ति र फ्लोटिङ् एप्वाईन्टमेन्टको हकमा मनोनयन गर्नु पर्नेछ।

५१. **अनुगमन तथा मूल्याङ्कन गर्नेः** शान्ति सेनामा कन्टिन्जेण्ट, स्टाफ अफिसर्स, सैनिक पर्यवेक्षक, सैनिक सल्लाहकारका रुपमा सैनिक खटाउँदा तथा वैदेशिक तालिमको लागि चयन गर्दा अवलम्वन गर्नुपर्ने आधार र मापदण्डका विषयमा सुझाव दिन र छनौट प्रक्रियाको अनुगमन तथा मूल्याङ्कन गर्न मन्त्रालयमा एक समिति रहनेछ । यस समितिको सिफारिस समेतका आधारमा मन्त्रालयले नेपाली सेनालाई आवश्यक निर्देशन दिन सक्नेछ ।

## परिच्छेद-५

## कार्यालय समय र बिदा सम्बन्धी व्यवस्था

५२. **सैनिक व्यक्ति सदैव कर्तव्यमा रहेको मानिनेः** (१) सैनिक व्यक्ति चौविसै घण्टा कर्तव्यमा रहेको मानिनेछ र निजलाई जुनसुकै समयमा पनि काममा लगाउन सकिनेछ ।

(२) सैनिक व्यक्तिले बिदालाई अधिकारको रुपमा दाबी गर्न पाउने छैन ।

(३) कुनै सैनिक व्यक्ति बिदा बस्नु परेमा बिदा दिने अधिकारीबाट स्वीकृत गराई बिदा बस्नु पर्नेछ ।

---

₹ छैटौं संशोधनद्वारा थप ।

☗ छैटौं संशोधनद्वारा संशोधित ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(४) कामको अनुकुल हेरी बिदा दिने अधिकारीले बिदा दिन वा नदिन पनि सक्नेछ र आवश्यक परेमा बिदामा बसेको सैनिक व्यक्तिलाई निजको स्वीकृत बिदा रद्द गरी काममा बोलाई काम लगाउन सकिनेछ ।

५३. **बिदाका किसिमः** सैनिक व्यक्तिले देहाय बमोजिमका बिदा पाउनेछः-

(क) भैपरी आउने र पर्व बिदा

(ख) घर बिदा

(ग) बिरामी बिदा

(घ) विशेष बिरामी बिदा

(ङ) प्रसूति र प्रसूति स्याहार बिदा

(च) किरिया बिदा

(छ) अध्ययन बिदा

(ज) सट्टा बिदा ।

५४. **भैपरी आउने र पर्व बिदाः** (१) सैनिक व्यक्तिले प्रत्येक वर्ष भैपरी आउने बिदा छ दिन र पर्व बिदा छ दिन गरी जम्मा बाह« दिन बिदा लिन पाउनेछ ।

(२) एक वर्षको भैपरी आउने र पर्व बिदा सञ्चित गरी अर्को वर्षमा लिन पाईने छैन।

(३) भैपरी आउने र पर्व बिदा लिई बसेको सैनिक व्यक्तिले पूरा तलब पाउनेछ ।

(४) भैपरी आउने र पर्व विदा सार्वजनिक विदा बाहेक अरु कुनै बिदासँग मिलाई लिन पाइने छैन ।

(५) भैपरी आउने र पर्व बिदा आधा दिन पनि लिन सकिनेछ ।

स्पष्टीकरणः यस उपनियमको प्रयोजनका लागि “आधा दिन” भन्नाले दैनिक कार्यालय समयको आधा समय सम्झनु पर्छ ।

५५. **घर बिदाः** (१) सैनिक व्यक्तिले काम गरेको अवधिको बाह्र दिनको एक दिनका दरले घर बिदा पाउनेछ।

स्पष्टीकरणः यस नियमको प्रयोजनका निमित्त “काम गरेको अवधि” भन्नाले सो अवधिभित्र लिएको भैपरी आउने र पर्व बिदा, बिरामी बिदा, प्रसूति र प्रसूति स्याहार बिदा, किरिया बिदा र सार्वजनिक बिदा समेतलाई जनाउँछ ।

(२) सैनिक व्यक्तिले आफूले पकाएको घर बिदा एकसय असी दिनसम्म सञ्चित गरी राख्न पाउनेछ ।



कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(३) घर बिदा लिई बसेको सैनिक व्यक्तिले पूरा तलब पाउनेछ ।

(४) सञ्चित भएको घर बिदा एकै वर्षभित्र पनि पटक पटक लिन पाउनेछ ।

(५) सैनिक व्यक्ति भविष्यमा सरकारी सेवाको लागि अयोग्य ठहरिने गरी बर्खास्त गरिएकोमा बाहेक अरु जुनसुकै व्यहोराले आफ्नो सेवाबाट अलग भएमा निजको सञ्चित रहेको घर बिदा बापत निजको पदाधिकार रहेको पदबाट खाइपाई आएको तलबको दरले हुन आउने रकम निजले एकमुष्ट लिन पाउनेछ ।

(६) सञ्चित रहेको घर बिदाको रकम लिन नपाउँदै कुनै सैनिक व्यक्तिको मृत्यु भएमा त्यस्तो सञ्चित घर बिदाको रकम निजको नजिकको परिवारले एकमुष्ट लिन पाउनेछ ।

(७) घर बिदा र अध्ययन बिदामा बसेका सैनिक व्यक्तिले सो अवधिभरको घर बिदा पाउने छैन ।

(८) सञ्चित भएको घर बिदा भुक्तान गरिसकेको सैनिक व्यक्तिलाई कुनै दैवी घटना परी निजको आफ्नो परिवारको कुनै सदस्यको जिउ ज्यान वा आफ्नै चल अचल सम्पत्तिमा कुनै ठूलो क्षति पुग्न गएमा वा अरु पर्याप्त कारण परेमा अर्को वर्षको पाउने घर बिदाबाट कट्टी हुने गरी बढीमा तीस दिनसम्मको पेश्की घर बिदा दिन सकिनेछ ।

(९) सैनिक व्यक्तिले वर्षको एक पटक कम्तीमा सात दिन घर बिदा लिई घर जाँदा र घर बिदा भुक्तान गरी घरबाट आफ्नो कार्यालयमा आउँदा पैदलको बाटोलाई आठ कोशको निमित्त एक दिनको दरले हुने दिन तथा मोटर, रेल, हवाई जहाजको बाटोलाई जति दिन लाग्ने हो त्यति दिन बाटोको म्याद पाउनेछ ।

५६. **<u>बिरामी बिदा:</u>** (१) सैनिक व्यक्तिले प्रत्येक वर्ष बाह्र दिन पूरा तलब सहितको बिरामी बिदा पाउनेछ।

(२) सैनिक व्यक्तिले आफूले पकाएको बिरामी बिदा सञ्चित गरी राख्न पाउनेछ ।

(३) सैनिक व्यक्ति भविष्यमा सरकारी सेवाको लागि अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिएकोमा बाहेक अन्य जुनसुकै व्यहोराले आफ्नो सेवाबाट अलग भएमा निजको सञ्चित रहेको बिरामी बिदा बापत निजको पदाधिकार रहेको पदबाट खाइपाई आएको तलबका दरले हुन आउने रकम निजले एकमुष्ट लिन पाउनेछ ।

(४) सञ्चित रहेको बिरामी बिदाको रकम लिन नपाउंदै कुनै सैनिक व्यक्तिको मृत्यु भएमा त्यस्तो सञ्चित बिदाको रकम निजको नजिकको परिवारले एकमुष्ट लिन पाउनेछ ।

५७. **<u>विशेष बिरामी बिदा:</u>** (१) सञ्चित भएको घर बिदा र बिरामी बिदा भुक्तान गरिसकेका सैनिक व्यक्ति कुनै ठूलो रोग लागी लामो अवधिसम्म बिरामी परी बिदा नपुग भएमा नियम १०७ बमोजिमको मेडिकल बोर्डको सिफारिसमा निजले बढीमा एक वर्षसम्म विशेष बिरामी बिदा पाउन सक्नेछ ।

कानून तथा संसदीय मामिला मन्त्रालय

(२) उपनियम (१) बमोजिम लगातार विशेष बिरामी बिदा लिने सैनिक व्यक्तिले पहिलो तीन महिनाको पूरा तलब र त्यसपछि छ महिनाको आधा तलब पाउनेछ । त्यसपछिको तलब पाउने छैन।

(३) उपनियम (१) बमोजिम लगातार एक वर्षसम्म विशेष बिरामी बिदामा बस्दा पनि आफ्नो कर्तव्य पालन गर्न नसक्ने भनी नियम १०७ बमोजिमको मेडिकल बोर्डले ठहर गरेमा त्यस्तो सैनिक व्यक्तिलाई सेवाबाट मुक्त गरिनेछ ।

(४) कर्तव्य पालन गर्दा बिरामी वा घाईते भई सैनिक अस्पताल वा नेपाल सरकारद्वारा मान्यता प्राप्त अन्य अस्पतालमा उपचार गराइरहेका सैनिक व्यक्तिले बिरामी वा घाईते निको नभएसम्म पूरा तलब सहितको अस्पताल विरामी विदा पाउनेछ । त्यस्तो विदा बसेको सैनिक व्यक्ति निको भएपछि पनि नियम १०७ बमोजिमको मेडिकल बोर्डले कर्तव्य गर्न नसक्ने ठहर्याएमा त्यस्तो सैनिक व्यक्तिलाई सेवाबाट मुक्त गरिनेछ ।

(५) कुनै सैनिक व्यक्ति बिरामी परेको भन्ने सम्बन्धमा प्रतिवेदन परेमा बिरामी परेको हो वा होइन भनी जाँच्नको लागि चिकित्सक खटाउन सकिनेछ ।

(६) उपनियम (५) बमोजिम खटिएको चिकित्सकले बिरामी जाँच गरी सो को प्रतिवेदन नियम १०७ बमोजिमको मेडिकल बोर्डमा पेश गर्नु पर्नेछ ।

(७) बिरामी भएको कुनै सैनिक व्यक्तिलाई बिरामी निको भई काम गर्न सक्षम छ भनी उपनियम (५) बमोजिम खटिएको चिकित्सकको सिफारिस भएमा नियम १०७ बमोजिमको मेडिकल बोर्डले अनुमति नदिएसम्म सरकारी काममा लगाउनु हुँदैन ।

तर प्रशासनिक काम गर्न सक्ने भएमा त्यस्तो काममा लगाउन बाधा पर्ने छैन ।

५८. **प्रसूति र प्रसूति स्याहार बिदाः** (१) महिला सैनिक व्यक्ति गर्भवती भएमा निजले सुत्केरीको अघिपछि गरी [📖]अन्ठानब्बे दिन प्रसूति बिदा पाउनेछ ।

(२) उपनियम (१) बमोजिम प्रसूति बिदा लिएका महिला सैनिक व्यक्तिले चाहेमा कुनैपनि बिदाबाट कट्टा नहुने गरी थप छ महिनासम्म वेतलवी प्रसूति बिदा लिन सक्नेछन् । यस्तो बिदा लिंदा उपनियम (१) बमोजिमको बिदासँग लगातार रुपमा लिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम वेतलवी बिदामा बसेको अवधि नोकरी अवधिमा जोडिनेछ ।

(४) कुनै पुरुष सैनिक व्यक्तिको पत्नी सुत्केरी हुने भएमा त्यस्तो सैनिक व्यक्तिले सुत्केरीको अघि पछि गरी पन्ध्र दिन प्रसूति स्याहार बिदा लिन पाउनेछ ।

(५) प्रसूति र प्रसूति स्याहार बिदामा बस्दा सैनिक व्यक्तिले पूरा तलब पाउनेछ ।

---

[📖]तेस्रो संशोधनद्वारा संशोधित ।

(६) प्रसूति विदा तथा प्रसूति स्याहार बिदा पाएका सैनिक व्यक्तिलाई बच्चाको स्याहारको निमित्त बढीमा दुई बच्चाको लागि जनही एकमुष्ठ पाँच हजार रुपैयाँ शिशु स्याहार भत्ता दिइनेछ ।

(७) प्रसूति स्याहार बिदा लिएको सैनिक व्यक्तिले बिदा लिएको मितिले तीन महिना भित्रमा बच्चाको जन्मदर्ता प्रमाणपत्र आफू कार्यरत कार्यालयमा पेश गर्नु पर्नेछ ।

(९) उपनियम (८) बमोजिमको अवधि भित्र त्यस्तो प्रमाणपत्र पेश नगर्ने सैनिक व्यक्तिको त्यस्तो बिदाको अवधि निजले पाउने अन्य बिदाबाट कट्टा गरिनेछ ।

५९. **किरिया बिदाः** (१) कुनै सैनिक व्यक्तिले कुल धर्म अनुसार आफैं किरिया बस्नु परेमा वा त्यस्तो सैनिक व्यक्तिको बाबुआमा, बाजेबज्यै, छोराछोरी वा सासु ससुराको मृत्यु भएमा वा पुरुष सैनिक व्यक्तिको हकमा निजको पत्नीको मृत्यु भएमा पन्ध्र दिन किरिया बिदा पाउनेछ । महिला सैनिक व्यक्तिको पतिले किरिया बस्नु परेमा निजलाई पनि त्यति नै दिन किरिया बिदा दिइनेछ ।

(२) किरिया बिदामा बस्दा सैनिक व्यक्तिले पूरा तलब पाउनेछ ।

(३) उपनियम (१) बमोजिम बिदा लिने सैनिक व्यक्तिले बिदा पछि कार्यालयमा हाजिर भएको पन्ध्र दिनभित्र मृत व्यक्तिको मृत्यु दर्ता प्रमाणपत्र र मृत व्यक्तिसँगको नाता प्रमाणित पेश गर्नु पर्नेछ।

(४) उपनियम (३) बमोजिमको अवधि भित्र त्यस्तो प्रमाणपत्र पेश नगर्ने सैनिक व्यक्तिको त्यस्तो बिदाको अवधि निजले पाउने अन्य बिदाबाट कट्टा गरिनेछ ।

६०. ☗**अध्ययन बिदा र तालिम** :(१) नेपाली सेनालाई उपयोगी र आवश्यक पर्ने विषयमा नेपाल सरकारलाई प्राप्त भएको वैदेशिक छात्रवृत्तिमा सम्बन्धित विभागीय प्रमुखको स्वीकृति लिई खुल्ला प्रतियोगितामा छानिई वा नेपाल सरकारबाट मनोनयन भई अध्ययन गर्न जाने सैनिक व्यक्तिले अध्ययन अवधिभर अध्ययन बिदा पाउनेछ।

❖(१क) नेपाली सेनालाई उपयोगी र आवश्यक हुने कुनै विषयमा स्वदेशस्थित कुनै विश्वविद्यालय वा त्यस अन्तर्गतको कुनै अध्ययन संस्था वा संकायबाट प्राप्त छात्रवृत्ति वा कोटामा वा नेपाल सरकारको खर्चमा अध्ययनको लागि मनोनयन गर्न नेपाली सेनाबाट सिफारिस भई मन्त्रालयबाट स्वीकृत भएमा सैनिक व्यक्तिलाई सो अध्ययन अवधिभर अध्ययन बिदा दिन सकिनेछ।

(२) सैनिक व्यक्तिले सेवा अवधिभरमा एकैपटक वा पटक पटक गरी तीन वर्षसम्म अध्ययन बिदा पाउनेछ ।

---

☗ छैटौं संशोधनद्वारा संशोधित ।

❖दोस्रो संशोधनद्वारा थप ।

तर नेपाल सरकारले आवश्यक ठानेको अवस्थामा अध्ययन बिदाको अवधिमा दुई वर्षसम्म थप गर्न सक्नेछ ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै अध्ययनको निमित्त मनोनयन भई अध्ययन विदा लिई गएको सैनिक व्यक्तिलाई अध्ययन पुरा गरेर सेवामा हाजिर नभई थप विषयमा अध्ययन गर्न वा थप उपाधि हासिल गर्नको निमित्त पुनः स्वीकृति तथा अध्ययन विदा दिइने छैन ।

(४) अध्ययन बिदामा बसेको सैनिक व्यक्तिले पूरा तलब पाउनेछ ।

(५) तीनवर्ष सैनिक सेवा अवधि नपुगी कुनै पनि सैनिक व्यक्तिले अध्ययन बिदा पाउने छैन।

(६) अध्ययन बिदामा बस्ने सैनिक व्यक्तिले अध्ययन गर्न जानुभन्दा अघि त्यस्तो अध्ययन पूरा गरी फर्केर आई आफ्नो सेवामा देहाय बमोजिमको अवधिसम्म अनिवार्य रुपमा सेवा गर्ने कबुलियत अनुसूची-११ बमोजिमको ढाँचामा गर्नु पर्नेछः-

| | अध्ययनको अवधि | सेवा गर्नु पर्ने न्यूनतम अवधि |
|---|---|---|
| (क) | तीन महिनासम्म | एक वर्ष |
| (ख) | तीन महिनादेखि छ महिनासम्म | डेढ वर्ष |
| (ग) | छ महिनादेखि नौ महिनासम्म | दुई वर्ष |
| (घ) | नौ महिनादेखि एक वर्षसम्म | तीन वर्ष |
| (ङ) | एक वर्षदेखि दुई वर्षसम्म | चार वर्ष |
| (च) | दुई वर्षदेखि तीन वर्षसम्म | पाँच वर्ष |
| (छ) | तीन वर्षदेखि चार वर्षसम्म | सात वर्ष |
| (ज) | चार वर्षदेखि पाँच वर्षसम्म | आठ वर्ष |

❦(६क) तालिममा जाने सैनिक व्यक्तिले तालिममा जानुभन्दा अघि त्यस्तो तालिम पूरा गरी फर्केर आई आफ्नो सेवामा उपनियम (६) बमोजिमको अवधिसम्म सेवा गर्नेछु भनी अनुसूची-११ बमोजिमको ढाँचामा कबुलियतनामा गर्नु पर्नेछ।

☗ (७) सैनिक व्यक्तिले अध्ययन वा तालिम पूरा गरी फर्केर आएपछि उपनियम (६) मा उल्लेख भएबमोजिमको अवधिसम्म सेवा नगरेमा वा स्वीकृत विषयभन्दा बाहेक अन्य विषय अध्ययन

❦ छैटौं संशोधनद्वारा थप ।

☗ छैटौं संशोधनद्वारा संशोधित ।

गरी आएमा त्यस्तो सैनिक व्यक्तिबाट अध्ययन वा तालिम अवधिभर निजले पाएको तलब तथा कबुलियतनामामा उल्लेख भएका अन्य रकमसमेत सरकारी बाँकी सरह असुल गरिनेछ।

❋(७क) उपनियम (७) मा जुनसुकै कुरा लेखिएको भए तापनि अध्ययन वा तालिम पूरा गरी फर्केका सैनिक व्यक्ति गम्भीर बिरामी भई वा शारीरिक वा मानसिक रूपमा सैनिक सेवा गर्न अशक्त भएको भनी नियम १०७ बमोजिमको मेडिकल बोर्डले सिफारिस गरेमा त्यस्तो रकम असुल गरिने छैन।

(८) नेपाली सेनाको सम्बन्धित सेवालाई उपयोगी र आवश्यक पर्ने विषयमा अध्ययन गर्न विभागीय प्रमुखको सिफारिसमा नेपाल सरकारको पूर्व स्वीकृति लिई निजी प्रयासमा स्वदेशमा वा विदेशमा अध्ययन गर्न जाने सैनिक व्यक्तिलाई उपनियम (२) बमोजिम अध्ययन विदा दिन सकिनेछ। यस्तो विदा माग गर्ने सैनिक व्यक्तिले आवेदन दिनु पूर्व स्वीकृती लिनु पर्नेछ ।

(९) उपनियम (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपनियम (८) बमोजिम अध्ययन विदामा बस्ने सैनिक व्यक्तिले अध्ययन विदामा रहेको अवधिको तलव पाउने छैन ।

(१०) एउटा शैक्षिक संस्थामा अध्ययन गर्नको लागि अध्ययन बिदा लिएको सैनिक व्यक्तिले पूर्व स्वीकृति विना सो शैक्षिक संस्था परिवर्तन गर्न पाउने छैन । यसरी शैक्षिक संस्था परिवर्तन गरेमा वा सो शैक्षिक संस्थामा अध्ययन नगरेमा निजको सो अध्ययन बिदा स्वतः रद्द हुनेछ । यसरी बिदा रद्द भएको विवरण सम्बन्धित कार्यालयले सम्बन्धित विभाग र सैनिक अभिलेखालयमा पठाउनु पर्नेछ ।

(११) यस नियम बमोजिम अध्ययनको लागि एक पटक उपनियम (८) अनुसार वेतलवी अध्ययन बिदा स्वीकृत भई सकेपछि सो बिदाको अवधिलाई तलबी अध्ययन बिदामा परिणत गरिने छैन।

(१२) उपनियम (८) बमोजिम अध्ययन विदामा रहेको व्यक्ति अध्ययन विदामा रहंदाको अवधि सेवा अवधिमा गणना हुनेछ ।

(१३) एउटा तहको अध्ययनको लागि अध्ययन विदा लिएको सैनिक व्यक्तिले सेवामा फर्कि आए पछि उपनियम (६) बमोजिमको सेवा अवधि पुरा नगरी सोही स्तरको अध्ययनको लागि स्वीकृति तथा अध्ययन विदा दिइने छैन । सो बमोजिमको सेवा अवधि पुरा गरेपछि सोही स्तरको लागि अध्ययन विदा दिनु पर्दा पहिले अध्ययन गरेको विषय भन्दा फरक विषयको अध्ययनको लागि मात्र अध्ययन विदा दिन सकिनेछ ।

(१४) एक पटक अध्ययन विदामा गएको सैनिक व्यक्तिले जुन उपाधीको लागि अध्ययन विदा लिएको हो सो को प्रमाणपत्र पेश गरेको अवस्थामा मात्र पुनः अध्ययन विदा दिन सकिनेछ ।

---

❋ छैटौं संशोधनद्वारा थप ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

६१. **<u>सट्टा बिदाः</u>** कुनै पनि सार्वजनिक बिदाको दिन सरकारी काम गर्ने सैनिक व्यक्तिलाई आलोपालो मिलाई सम्बन्धित कार्यालय प्रमुखले सट्टा बिदा दिन सक्नेछ ।

तर त्यस्तो सट्टा बिदा एकपटकमा तीन दिनभन्दा बढी हुनेछैन ।

६२. **<u>बिदा माग गर्ने विधिः</u>** (१) बिदाको निकासाको निमित्त सैनिक व्यक्तिले आफूलाई चाहिएको बिदाको किसिम, कारण र अवधि समेत खुलाई बिदा दिने अधिकारी समक्ष निवेदन पेश गर्नु पर्नेछ ।

(२) कुनै सैनिक व्यक्तिले आफूले पाउने कुनै बिदा नेपाल बाहिर बिताउन चाहेमा बिदाको निमित्त दिने निवेदनमा विदेशमा बिदा बिताउनु पर्नाको कारण, सम्पर्क ठेगाना, सम्पर्क टेलिफोन नम्बरसमेत खुलाई बिदा माग गर्नु पर्नेछ ।

(३) अध्ययन बिदाको लागि निवेदन दिंदा अरु कुराको अतिरिक्त मुख्यतः देहायका कुराहरु उल्लेख गर्नु पर्नेछः-

(क) आफूले अध्ययन गर्न खोजेको विषयको विवरण,

(ख) अध्ययन गरिने विश्वविद्यालय, शिक्षण संस्थामा प्रवेश गर्ने स्वीकृति प्राप्त भएको विवरण,

(ग) अन्य आवश्यक विवरण ।

(४) उपनियम (१), (२) वा (३) बमोजिम निवेदन पेश भएपछि बिदा दिने अधिकारीले पनि बिदा स्वीकृत वा अस्वीकृत भएको सूचना सम्बन्धित सैनिक व्यक्तिलाई दिनु पर्नेछ ।

६३. **<u>बिदा दिने अधिकारीः</u>** (१) यस परिच्छेद बमोजिम पाउने अध्ययन बिदा बाहेक अन्य बिदाको स्वीकृति देहायका अधिकारीले दिन सक्नेछन्:-

(क) प्रधान सेनापतिका लागि रक्षामन्त्री,

(ख) उपरथी तथा रथी वा सो सरहका लागि प्रधान सेनापति,

(ग) सहायक सेनानी तथा सोभन्दा माथि सहायक रथीसम्मका लागि विभागीय प्रमुख वा कार्यालय प्रमुख,

(घ) फलोअर्स तथा सोभन्दा माथि प्रमुख सुवेदारसम्मका लागि सम्बन्धित कार्यालय प्रमुख ।

(२) अध्ययन बिदा नेपाल सरकारले स्वीकृत गर्नेछ ।

(३) उपनियम (१) बमोजिम बिदा स्वीकृत गर्ने अधिकार आवश्यकता अनुसार प्रत्यायोजन गर्न सकिनेछ ।

६४. **<u>तालिम अवधिमा बिदा बस्नेः</u>** यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि तालिम अवधिभर प्रसूति बिदा र किरिया बिदा बाहेक अन्य कुनैपनि बिदा बस्न पाइने छैन ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

६५. **बिदा परिणत नहुने:** यस परिच्छेद बमोजिम सैनिक व्यक्तिले जुन बिदा लिई बसेको हो सोही बिदा नै उपभोग गर्नु पर्नेछ । पहिले कुनै एक किसिमको बिदा लिई बसेकोमा त्यस्तो बिदापछि किरिया बिदा र प्रसूति बिदा बाहेक अर्को किसिमको बिदामा परिणत गराउन पाइने छैन ।

६६. **सार्वजनिक बिदा गाभिने:** भैपरी आउने र पर्व बिदा, घर बिदा र बिरामी बिदा बाहेक अरु कुनै प्रकारको बिदा लिई बसेको सैनिक व्यक्तिले लिएको बिदा अवधिभित्र सार्वजनिक बिदा परेमा सो अवधि पनि निज सैनिक व्यक्तिले लिएको बिदामा गाभिनेछ ।

६७. **बिदा पछि हाजिर हुनु पर्ने:** (१) बिदा लिई बसेको सैनिक व्यक्तिले सो बिदा भुक्तान भएपछि अनिवार्य रुपमा कर्तव्यमा हाजिर हुनु पर्नेछ र बिदा भुक्तान हुँदाका दिन सार्वजनिक बिदा पर्न गएमा त्यसको भोलिपल्ट हाजिर हुनु पर्नेछ ।

(२) सैनिक व्यक्तिले स्वीकृत बिदा भुक्तान भएपछि हाजिर नभई गयल परेमा त्यसरी गयल पर्नाको मनासिव कारण सहित पछि हाजिर हुन आएमा निजको सञ्चित बिदाबाट कट्टा हुने गरी बढीमा तीस दिनसम्मको बिदा स्वीकृत हुन सक्नेछ ।

तर मनासिव कारण पेश गर्न नसकेमा गयल सम्बन्धी कसूरमा ऐन बमोजिम कारबाही हुनेछ।

६८. **झुट्टा कारण देखाएमा कारबाही हुने:** कुनै सैनिक व्यक्तिले झुट्टा कारण देखाई बिदा लिई बसेको ठहरेमा बिदा बसेको अवधिलाई गयल जनाई गयल सम्बन्धी कसूरमा ऐन बमोजिम कारबाही हुनेछ।

६९. **अभिलेख राख्ने:** (१) बिदा दिने अधिकारीले आफ्नो मातहतमा काम गर्ने सैनिक व्यक्तिको बिदाको अभिलेख अद्यावधिक गरी राख्न लगाउनु पर्नेछ ।

(२) कुनै सैनिक व्यक्ति सरुवा वा बढुवा भई खटिई जाँदा सरुवा वा बढुवाको जनाउका साथै बिदाको अभिलेखको उतार पनि हालको कार्यालयमा पठाउनु पर्नेछ ।

## परिच्छेद-६

## तलब, भत्ता, चाडपर्व खर्च र दैनिक तथा भ्रमण भत्ता

७०. **तलब भत्ता:** (१) नेपाली सेनामा कार्यरत सैनिक व्यक्तिको हकमा सैनिक अभिलेखालयबाट तलबी प्रतिवेदन पास नगराई तलब भत्ता खुवाउन हुँदैन ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

⊛(२) सैनिक व्यक्तिले सेवामा नियुक्त भएको वा तालीममा सरिक भएको मितिदेखि तलब भत्ता पाउनेछ ।

(३) सैनिक व्यक्तिले नेपाली सेनामा रही काम गरे बापत पाउने तलब भत्ता नेपाल सरकारले समय समयमा तोकिदिए बमोजिम हुनेछ ।

(४) प्रत्येक सैनिक व्यक्तिले एक वर्षको सेवा अवधि पूरा गरेपछि नेपाल सरकारले तोकिदिए बमोजिमको तलब वृद्धि पाउनेछ ।

(५) माथिल्लो तलबमानको कुनै पदमा बढुवा पाउने सैनिक व्यक्तिले तलबमानमा तोकिएको शुरु तलब पाउनेछ ।

तर निजले हाल पाइरहेको तलब उक्त माथिल्लो तलबमानको न्यूनतम तलब बराबर वा सोभन्दा अधिक भएमा उक्त माथिल्लो तलबमानमा निजको तलब तोक्दा देहाय बमोजिम गरी तोकिनेछः-

(क) निजले हाल पाइरहेको तलब माथिल्लो तलबमानको शुरु तलब बराबर मात्र भएमा सो तलबमा एक तलब वृद्धि थप गरी तोकिनेछ ।

(ख) साविक पदमा पाइरहेको तलब बढुवा भएको पदको शुरु तलब भन्दा बढी भएको अवस्थामा माथिल्लो पदको तलब तोक्दा हाल पाई आएको तलबमा नपुगसम्मको तलब वृद्धि थप गरी माथिल्लो पदको एक तलब वृद्धि समेत दिइनेछ ।

(६) फलोअर्समा कार्यरत सैनिक व्यक्तिले देहाय बमोजिमको स्तर अनुसार नेपाल सरकारले तोकिदिएको तलब भत्ता पाउनेछः-

| | सेवा अवधि | स्तर |
|---|---|---|
| (क) | पाँच वर्षभन्दा कम | - प्रथम |
| (ख) | पाँच वर्षदेखि दश वर्षसम्म | -द्वितीय |
| (ग) | दश वर्षदेखि पन्ध्र वर्षसम्म | - तृतीय |
| (घ) | पन्ध्र वर्षदेखि बीसवर्षसम्म | - चतुर्थ |
| (ङ) | बीस वर्षभन्दा बढी | - पाँचौस्तर |

७१. **पकाएको तलब भत्ता पाउनेः** (१) सैनिक व्यक्तिले प्रत्येक महिना भुक्तान भएपछि तलब भत्ता पाउनेछ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

---

⊛दोस्रो संशोधनद्वारा संशोधित ।

(२) ऐन र यस नियमावली बमोजिम बाहेक कुनै सैनिक व्यक्तिको तलब भत्ता कट्टा वा रोक्का गरिने छैन ।

७२. **चाडपर्व खर्च सम्बन्धी व्यवस्था:** (१) सैनिक व्यक्तिले आफ्नो धर्म, संस्कृति, परम्परा अनुसार मनाइने चाडपर्वका लागि निजले खाईपाई आएको एक महिनाको तलब बराबरको रकम प्रत्येक वर्ष चाडपर्व खर्चका रुपमा पाउनेछ । यस्तो रकम सैनिक व्यक्तिले एक आर्थिक वर्षमा एकपटक आफ्नो धर्म, संस्कृति, परम्परा अनुसार मनाइने मुख्य चाडपर्वको अवसरमा भुक्तानी लिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको चाडपर्व खर्च प्रत्येक वर्ष खर्च लिन चाहेको मुख्य चाडपर्वको पन्ध्र दिन अगावै पाउनेछ । यसरी चाडपर्व खर्च दिंदा उक्त चाडपर्व भन्दा अघिल्लो महिना भुक्तान भई नसकेको भए तापनि अघिल्लो महिनाको तलव समेत खर्च लेखी भुक्तानी दिईनेछ ।

(३) बेतलवी अध्ययन विदा लिएको सैनिक व्यक्तिले सो विदा लिएको अवधिमा चाडपर्व खर्च पाउने छैन ।

(४) यो नियम प्रारम्भ हुँदाका बखत नेपाली सेनामा बहाल रहेका सैनिक व्यक्तिले यो नियम प्रारम्भ भएको मितिले तथा यो नियम प्रारम्भ भएपछि नियुक्त हुने सैनिक व्यक्तिले हाजिर भएको मितिले तीन महिनाभित्र आफूले चाडपर्व खर्च लिने मुख्य चाड पर्व र सो चाड पर्व पर्ने सम्भावित महिनाको सम्बन्धमा सम्बन्धित कार्यालयमा लिखित रुपमा जानकारी दिनु पर्नेछ । यसरी निवेदन दिईसकेपछि सो सैनिक व्यक्तिले आफ्नो सेवा अवधिभर अर्को चाड पर्वमा खर्च माग गर्न पाउने छैन।

(५) निवृत्तभरण पाउने गरी नेपाली सेनाबाट अवकाश प्राप्त सैनिक व्यक्तिलाई निजले पाउने एक महिनाको निवृत्तभरण बराबरको रकम चाडपर्व खर्चका रुपमा दिइनेछ ।

७३. **सञ्चय कोष:** सैनिक व्यक्तिको मासिक तलबबाट दश प्रतिशतका दरले रकम कट्टा गरी सो रकममा नेपाल सरकारले शत प्रतिशत रकम थप गरी सञ्चय कोषमा जम्मा गरी दिनेछ ।

७४. **स्थानीय भत्ता:** (१) कुनै सैनिक व्यक्ति स्थानीय भत्ता पाउने स्थानमा बसी काम गरेको भएमा नेपाल सरकारले तोके बमोजिम स्थानीय भत्ता पाउनेछ । कुनै सैनिक व्यक्तिको पदस्थापन स्थानीय भत्ता पाउने स्थानमा भएको भए तापनि काजमा वा अन्य तवरले कुनै भत्ता नपाउने वा कम भत्ता पाउने स्थानमा बसी काम गरेमा निजले सो अवधिभर स्थानीय भत्ता पाउने छैन वा त्यस्तो स्थानको निमित्त तोकिएको भत्तासम्म पाउनेछ ।

(२) स्थानीय भत्ता पाउने स्थान र पाउने भत्ता रकमको दर नेपाल सरकारले तोके बमोजिम हुनेछ ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

₹७४क. **जोखिम भत्ता** : प्रयोगशालामा खटिई कार्य गर्ने सैनिक व्यक्तिले नेपाल सरकारले तोकेबमोजिमको जोखिम भत्ता पाउनेछ।

**स्पष्टीकरण :** यस नियमको प्रयोजनको लागि "प्रयोगशाला" भन्नाले सैनिक व्यक्तिद्वारा विभिन्न रसायन वा विकिरणयुक्त पदार्थ, जीवाणु र स्वास्थ्यलाई प्रतिकूल असर पार्ने वैज्ञानिक उपकरणको नियन्त्रित परिवेशमा प्रयोग गरी विभिन्न प्रकारका विश्लेषणात्मक, अनुसन्धानात्मक तथा प्रशिक्षणात्मक क्रियाकलाप सम्पन्न गर्न नेपाल सरकारले तोकेको कार्यालय वा कार्यस्थल सम्झनु पर्छ।

७५. **दैनिक तथा भ्रमण भत्ताः** दैनिक तथा भ्रमण भत्ता प्रचलित भ्रमण खर्च नियमावली बमोजिम हुनेछ ।

७६. **अन्य सुविधाः** सैनिक व्यक्तिले पाउने अन्य सुविधा नेपाल सरकारले तोके बमोजिम हुनेछ ।

## परिच्छेद- ७

## अवकाश, उपदान, निवृत्तभरण, उपचार खर्च र बीमा

७७. **अनिवार्य अवकाशः** (१) नेपाली सेनाको सैनिक साधारण सेवामा कार्यरत अधिकृत बाहेक अन्य सैनिक व्यक्तिको देहाय बमोजिम उमेर पुगेपछि निजलाई सेवाबाट अवकाश दिइनेछः-

| | | |
|---|---|---|
| (क) | प्रमुख सुवेदार | पचास वर्ष |
| (ख) | सुवेदार | उन्नपचास वर्ष |
| (ग) | जमदार | अठ्चालीस वर्ष |
| (घ) | हुद्दा | सत्चालीस वर्ष |
| (ङ) | अमल्दार | सत्चालीस वर्ष |
| (च) | प्यूठ | छ्यालीस वर्ष |
| (छ) | सिपाही | छ्यालीस वर्ष |
| (ज) | फलोअर्स | पचपन्न वर्ष |

⊛(२) उपनियम (१) को खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रमुख सुवेदार सो पदमा बढुवा भएको मितिले तीन वर्षसम्म र ✎.......................ज्येष्ठ सुबेदारको हकमा निजले ज्येष्ठ

---

₹ छैटौं संशोधनद्वारा थप ।

⊛ दोस्रो संशोधनद्वारा संशोधित ।

✎ छैटौं संशोधनद्वारा झिकिएको



कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

सुबेदारको नियुक्ति सम्हालेको मितिबाट तीन वर्षसम्म बहाल रहनेछ । ✂.................................................।

(३) यस नियमको प्रयोजनका लागि सैनिक व्यक्तिको उमेर गणना गर्दा वैयक्तिक विवरण, नागरिकताको प्रमाणपत्र र शैक्षिक योग्यताको प्रमाणपत्रमा जन्म मिति, वर्ष, महिना र गतेसमेत खुलेको र सबैमा एउटै मिति नरहेको भएमा जुन मितिबाट पहिले अवकाश हुन्छ, सोही मितिबाट अवकाश दिइनेछ ।

(४) वर्ष वा संवत् मात्र उल्लेख भएको प्रमाणपत्रका आधारमा जन्ममिति कायम गर्दा देहाय बमोजिम कायम गरिनेछः-

(क) नेपाली नागरिकताको प्रमाणपत्रको हकमा त्यस्तो प्रमाणपत्र प्राप्त गरेको मितिको आधारमा,

(ख) शैक्षिक योग्यताको प्रमाणपत्रको हकमा प्रमाणपत्र जारी भएको मितिको आधारमा,

(ग) वैयक्तिक विवरणको हकमा शुरु भर्ना भएको मितिको आधारमा ।

(५) कुनै प्रमाणपत्रमा वर्षमात्र उल्लेख भएको र अर्को प्रमाणपत्रमा पूरा जन्म मिति खुलेको रहेछ र त्यस्तो प्रमाणपत्रमा उल्लिखित जन्म मितिहरुको बीचमा एक वर्षसम्मको अन्तर देखिएमा पूरा खुलेको जन्म मितिलाई आधार मान्नु पर्नेछ ।

तर यसरी छुट्टाछुट्टै प्रमाणपत्रमा उल्लेख भएको जन्ममितिको अन्तर एक वर्षभन्दा बढी भएमा वर्ष मात्र उल्लेख भएको प्रमाणपत्रको आधारमा उपनियम (४) बमोजिम जन्म मिति कायम गरिनेछ।

७८. **स्वेच्छिक अवकाशः** नियम ८० बमोजिम निवृत्तभरण पाउने अवधि पूरा गरिसकेका सैनिक व्यक्तिलाई निजको इच्छा भएमा सम्बन्धित विभागीय प्रमुखले नोकरीबाट अवकाश लिने अनुमति दिन सक्नेछ ।

❖७८क. **कम्तीमा पाँच वर्ष सेवा गर्नु पर्नेः** (१) नेपाली सेनाको कुनै पनि पदमा भर्ना भएको सैनिक व्यक्तिले अनिवार्य रुपमा कम्तीमा पाँच वर्ष सेवा गर्नु पर्नेछ ।

☗(२) उपनियम (१) बमोजिमको सेवा अवधि नपुग्दै कुनै सैनिक व्यक्तिले आफ्नो पदबाट राजीनामा दिएको अवस्थामा सो अवधिमा निज नियुक्त भएको दर्जाको आधारभूत तालिम, स्वदेश वा विदेशमा गरेका अन्य तालिम र शैक्षिक योग्यता प्राप्त हुने किसिमका अध्ययन वा तालिममा भएको खर्च वापतको रकम असुल गरेर मात्र राजीनामा स्वीकृत गर्नु पर्नेछ।

---

✂ पाँचौ संशोधनद्वारा झिकिएको ।

❖ दोस्रो संशोधनद्वारा थप ।

☗ छैटौं संशोधनद्वारा संशोधित ।



कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

♣(३) उपनियम (१) बमोजिमको सेवा अवधि नपुग्दै सेवाबाट भगौडा पर्ने सैनिक व्यक्तिबाट सेवा अवधिमा आधारभूत तालिम, स्वदेश वा विदेशमा गरेको अन्य तालिम र शैक्षिक योग्यता प्राप्त हुने किसिमका अध्ययन वा तालिममा भएको खर्च वापतको रकम असुल गरिनेछ।

७९. **उपदानः** (१) पाँच वर्ष वा सोभन्दा बढी सेवा गरेको तर निवृत्तभरण पाउने अवधि नपुगेको सैनिक व्यक्तिले अवकाश पाएमा वा राजीनामा स्वीकृत गराई पदबाट अलग भएमा वा भविष्यमा सरकारी सेवाका निमित्त अयोग्य नठहरिने गरी पदबाट हटाइएमा देहायको दरले उपदान पाउनेछः-

(क) पाँच वर्षभन्दा बढी दश वर्षसम्म सेवा गरेको सैनिक व्यक्तिले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी आधा महिनाको तलब,

(ख) दश वर्षभन्दा बढी पन्ध्र वर्षसम्म सेवा गरेको सैनिक व्यक्तिले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी एक महिनाको तलब,

(ग) पन्ध्र वर्षभन्दा बढी सेवा गरेको तर निवृत्तभरण पाउने अवधि नपुगेका सैनिक व्यक्तिले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी डेढ महिनाको तलब ।

(२) उपनियम (१) बमोजिम पाउने उपदानको हिसाव गर्दा सेवाबाट अलग हुँदा खाईपाई आएको मासिक तलबको आधारमा गरिनेछ ।

(३) निवृत्तभरण पाउने अवधि नपुगेको तर उपदान पाउने अवधि पुगेको कुनै सैनिक व्यक्तिको सेवामा बहाल छदैं मृत्यु भएमा निजले पाउने उपदान निजले इच्छाएको व्यक्ति वा सो नभए नजिकको हकवालाले पाउनेछ ।

✻(४) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अन्य देशको स्थायी आवासीय अनुमति लिएको वा नागरिकता लिएको व्यक्तिले यस नियम बमोजिमको उपदान प्राप्त गर्ने छैन ।

८०. **निवृत्तभरणः** (१) संवत् २०६० साल वैशाख २८ गतेभन्दा अघि नेपाली सेनामा भर्ना हुने देहायका सैनिक व्यक्तिले देहाय बमोजिमको अवधि वा सोभन्दा बढी अवधिसम्म सेनामा सेवा गरेपछि सेवाबाट अवकाश पाएको मितिदेखि निवृत्तभरण पाउनेछः-

| | | |
|---|---|---|
| (क) | सहायक सेनानी र सोभन्दा माथि महारथीसम्म | बीस वर्ष |
| (ख) | जमदार, सुवेदार र प्रमुख सुवेदार | सत्र वर्ष |
| (ग) | फलोअर्स र सोभन्दा माथि हुद्दासम्म | सोह्र वर्ष |

---

♣ छैटौं संशोधनद्वारा थप ।

✻ दोस्रो संशोधनद्वारा थप ।

📖(२) संवत् २०६० साल वैशाख २८ गते र सो भन्दा पछि नेपाली सेनामा भर्ना हुने देहायका सैनिक व्यक्तिले देहाय बमोजिमको अवधि वा सेभन्दा बढी अवधिसम्म सेनामा सेवा गरेपछि सम्बन्धित विभागीय प्रमुखको स्वीकृतिमा सेवाबाट स्वेच्छिक अवकाश लिएमा निवृत्तभरण पाउनेछः

(क) सहायक सेनानी र सोभन्दा माथि महारथीसम्म - बीस वर्ष

(ख) सुवेदार र प्रमुख सुवेदार - उन्नाइस वर्ष

(ग) जमदार - अठार वर्ष

(घ) प्युठ, अमल्दार र हुद्दा - सत्र वर्ष

(ङ) फलोअर्स र सिपाही - सोह्र वर्ष

✱(२क) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि बीस वर्ष सेवा अवधि नपुग्दै स्वेच्छिक अवकाश लिने सैनिक व्यक्तिले नेपाली सेनामा भर्ना भएको मितिले बीस वर्ष अवधि पुरा गरेको मितिबाट मात्र निवृत्तभरण वापतको रकम प्राप्त गर्नेछन् ।

(३) यस नियम बमोजिम दिइने निवृत्तभरणको हिसाब देहाय बमोजिम हुनेछः-

(क) सहायक सेनानी र सोभन्दा माथि महारथीसम्मको हकमा,-

$$\frac{\text{सेवा वर्ष} \times \text{आखिरी तलब}}{५०}$$

(ख) फलोअर्स र सोभन्दा माथि प्रमुख सुवेदारसम्म र मानार्थ सह सेनानी वा मानार्थ उपसेनानीको हकमा,-

$$\frac{\text{सेवा वर्ष} \times \text{आखिरी तलब}}{४०}$$

✱(३क) उपनियम (२क) बमोजिमका सैनियक व्यक्तिको निवृत्तभरणको हिसाब गर्दा स्वेच्छिक अवकास प्राप्त गर्दाको सेवा वर्ष र सेवामा रहँदा खाईपाई आएको आखिरी महिनाको तलबको आधारमा सेवा वर्ष र आखिरी तलब गणना गर्नु पर्नेछ ।६

(४) उपनियम (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि निवृत्तभरणको न्यूनतम रकम समान पदको बहालवाला सैनिक व्यक्तिको तलव स्केलको शुरुको अङ्कको आधाभन्दा कम र अधिकतम रकम समान पदको बहालवाला सैनिक व्यक्तिको तलबको शुरु स्केलभन्दा बढी हुनेछैन ।

(५) नेपाली सेनाको कुनै पदमा रही उपदान प्राप्त गरी वा नगरी अवकाश प्राप्त गरेको व्यक्ति पछि नेपाली सेनाको कुनै सेवामा पुनः नियुक्ति भएमा निजले पछि गरेको सेवा अवधिमा अघि गरेको

---

📖तेस्रो संशोधनद्वारा संशोधित ।

✱तेस्रो संशोधनद्वारा थप ।



कानून तथा संसदीय मामिला मन्त्रालय

सेवा अवधि जोड्दा निवृत्तभरण पाउने अवधि पुग्ने रहेछ भने उपदान प्राप्त गरेको भए सो उपदान फिर्ता गरी निवृत्तभरण पाउनेछ ।

(६) साधारण सेवा तर्फका सैनिक व्यक्ति ग्यारिजन समूहमा सेवा गर्न आएमा निजले पहिले गरेको सेवा अवधिसमेत जोडी निवृत्तभरण पाउनेछ ।

(७) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सैनिक व्यक्तिको सेवामा बहाल छदैं मृत्यु भएमा निजको सेवा अवधिमा पाँचवर्ष अवधि थप गरेमा निवृत्तभरण पाउने अवधि पुग्ने भएमा बढीमा पाँच वर्षसम्म थप गरी निजको परिवारलाई निवृत्तभरण वा उपदान जुन लिन चाहन्छ सो रोजेर लिन दिइनेछ ।

(८) निवृत्तभरण पाईरहेका देहायका सैनिक व्यक्तिको उमेर साठी वर्ष पूरा भएपछि देहाय अनुसार निवृत्तभरण थप गरिनेछः-

(क) हुद्दा वा सोभन्दा मुनि - तीस प्रतिशत ।

(ख) जमदार -दश प्रतिशत ।

(ग) सुवेदार - पाँच प्रतिशत ।

(९) जमदार वा सोभन्दा माथिका निवृत्तभरण पाईरहेका सैनिक ब्यक्तिको उमेर पचहत्तर वर्ष पूरा भएपछि निजले पाईरहेको निवृत्तभरणको अङ्कमा दश प्रतिशत थप गरिनेछ र त्यस्तो व्यक्ति पचासी वर्ष पूरा भएपछि खाईपाई आएको निवृत्तभरणमा पुनः दश प्रतिशत रकम थप गरिनेछ ।

(१०) उपनियम (८) र (९) बमोजिमको सुविधा पारिवारीक निवृत्तभरण उपभोग गर्नेले समेत पाउनेछ ।

(११) कुनै सैनिक व्यक्ति पदावधिको कारण अवकाश हुँदा निवृत्तभरण पाउने अवधि पुगेको रहेनछ भने निजको सेवा अवधिमा दुई वर्ष अवधि थप गरेमा निवृत्तभरण पाउने अवधि पुग्ने भएमा बढीमा दुईवर्षसम्म सेवा अवधि थप गरी निवृत्तभरण प्रदान गर्न सकिनेछ ।

*(१२) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अन्य देशको स्थायी आवासीय अनुमति लिएको वा नागरिकता लिएको व्यक्तिले यस नियम बमोजिमको निवृत्तभरण प्राप्त गर्ने छैन ।

८१. **निवृत्तभरणमा वृद्धिः** बहालवाला सैनिक व्यक्तिको तलब वृद्धि हुँदा तलब स्केलको शुरु अङ्कमा जति वृद्धि भएको छ त्यस्को दुई तिहाई रकम समान पदको सेवा निवृत सैनिक व्यक्तिको निवृत्तभरण रकममा पनि थप गरिनेछ ।

८२. **भगौडाको निवृत्तभरणः** (१) सैनिक सेवाबाट भगौडा वा गयल परेको सैनिक व्यक्ति पक्राउ परी वा स्वयं उपस्थित हुन आई सैनिक अदालतबाट कारबाही हुँदा भविष्यमा सरकारी सेवाको लागि अयोग्य

* दोस्रो संशोधनद्वारा थप ।



कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

नठहरिने गरी बर्खास्त भएमा त्यस्ता सैनिक व्यक्तिको निवृत्तभरण पाउने सेवा अवधि पुगेको भए फैसला सदर भएको मितिबाट मात्र निवृत्तभरण पाउनेछ । त्यस्ता सैनिक व्यक्ति र निजको परिवारले अस्पताल र कल्याणकारी योजनाबाट कुनै सुविधा पाउने छैन ।

(२) उपनियम (१) बमोजिम निवृत्तभरण पाउने भएमा त्यस्तो सैनिक व्यक्तिको निवृत्तभरणको पट्टा बनाउँदा गैर सैनिक पोशाक लगाएको फोटो पट्टामा टाँसी पट्टा बनाउनु पर्नेछ ।

८३. **<u>पारिवारिक निवृत्तभरण र उपदानः</u>** (१) कुनै सैनिक व्यक्तिको सेवामा छँदै वा निवृत्तभरण पाउन थालेको सात वर्ष नपुग्दै मृत्यु भएमा निजको परिवारलाई नियम ७९ वा ८० मा लेखिए बमोजिम उपदान वा निवृत्तभरण प्राप्त हुनेछ ।

तर निवृत्तभरणको हकमा यस्तो निवृत्तभरण सात वर्षभन्दा बढी समय प्राप्त हुने छैन । निवृत्तभरण पाउन थालेको सात वर्ष नपुग्दै मृत्यु भएको सैनिक व्यक्तिको परिवारलाई सात वर्ष पुगेपछि निवृत्तभरण प्राप्त हुने छैन ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि निवृत्तभरण पाउने व्यक्ति नावालक रहेछ भने निज अठार वर्षको उमेर नभएसम्म त्यस्तो निवृत्तभरण पाउनेछ ।

(३) सैनिक व्यक्तिको विधुर पति वा विधवा पत्नीले निजको पति वा पत्नी सेवामा छदैं वा निवृत्तभरण पाउन थालेको सात वर्ष नपुग्दै मृत्यु भएमा उपनियम (१) बमोजिम पारिवारिक निवृत्तभरण पाउने भएमा सो निवृत्तभरण पाउने अवधि भुक्तान भएको मितिले र त्यस्तो निवृत्तभरण नपाउने भएमा वा निजको पति वा पत्नीले निवृत्तभरण पाउन थालेको सात वर्ष व्यतित भइसकेपछि मृत्यु भएकोमा निजको मृत्यु भएको मितिदेखि जीवनभर निजले पाउने निवृत्तभरणको आधा रकम पाउनेछ ।

(४) कुनै सैनिक व्यक्तिको यस नियमावली बमोजिम पाउने कुनै रकम लिन नपाउँदै मृत्यु भएमा सो रकम निजको परिवारको सदस्यहरु मध्ये यस नियमावली बमोजिम निजको निवृत्तभरण वा उपदान पाउने ठहरिएको व्यक्तिले लिन पाउनेछ ।

(५) निवृत्तभरण वा उपदान दिंदा मृतक सैनिक व्यक्तिले कसैलाई इच्छाएको रहेछ भने सो व्यक्तिलाई र कुनै कारणले सो व्यक्तिले पाउन नसक्ने अवस्था भएमा वा कसैलाई पनि इच्छाएको नभए सो रकम निजको परिवारको सदस्यमध्ये नेपाल सरकारले उचित ठहर्याएको व्यक्तिलाई दिनेछ।

(६) आफ्नो कर्तव्य पालन गर्दा कुनै सैनिक व्यक्तिको मृत्यु भएमा निजको सेवा अवधि जति सुकै वर्ष पुगेको भए तापनि मृतक सैनिक व्यक्तिको परिवारको सबैभन्दा नजिकको व्यक्तिलाई त्यस्तो सैनिक व्यक्तिले खाइपाई आएको तलबको आधा रकम पारिवारिक निवृत्तभरण र देहाय बमोजिम पारिवारिक उपदान समेत दिइनेछः-

(क) दश वर्षसम्मको सेवा अवधि नपुग्दै मृत्यु भएमा निजले खाइपाई आएको छ महिनाको तलब बराबरको रकम,

(ख) दश वर्षदेखि बीस वर्षसम्मको सेवा अवधि पूरा गरी मृत्यु भएमा निजले खाइपाई आएको नौ महिनाको तलब बराबरको रकम,

(ग) बीस वर्षभन्दा बढी जतिसुकै सेवा अवधि पूरा गरी मृत्यु भएमा निजले खाइपाई आएको एक वर्षको तलब बराबरको रकम ।

⊛(७) कुनै सैनिक व्यक्तिको ☗जङ्गी कारबाही, सेना परिचालन भएको, विश्वशान्ति स्थापनाको लागि शान्ति सैनिकको रूपमा तैनाथ भएको, विपद् व्यवस्थापन, विकास निर्माण वा प्रकृति संरक्षणको कर्तव्य पालना गर्दाका बखत आकस्मिक दुर्घटना परी तत्कालै वा सोही कारणले निको नभई मृत्यु भएमा त्यस्तो सैनिक व्यक्तिलाई मरणोपरान्त एक तह माथिको पदमा बढुवा गरी सोही पद अनुसारको पूरा तलब निजको परिवारलाई त्यस्तो सैनिक व्यक्तिको उमेरको हदले अवकाश प्राप्त गर्ने अवधि ननाघ्ने गरी बढीमा सात वर्षसम्म दिइनेछ । यसरी पूरा तलब पाउने अवधि व्यतित भएपछि मृतक सैनिक व्यक्तिको सेवा अवधि निवृत्तभरण पाक्ने अवधिभन्दा कम भएमा निवृत्तभरण पाकेको अवधि सरह र निवृत्तभरण पाक्ने अवधिभन्दा बढी भएमा सोही बमोजिम मृतक सैनिक व्यक्तिको परिवारले निवृत्तभरण पाउनेछ ।

(८) उपनियम (६) र (७) बमोजिम उपदान र पारिवारिक निवृत्तभरण मृतक सैनिक व्यक्तिको पति वा पत्नी, बाबु, आमा भए आजीवन र छोरा, छोरी भए एक्काईस वर्षको उमेर पुरा गरेको वा सरकारी सेवा प्रवेश गरेको जुन अगाडि हुन्छ सो मितिसम्म पाउनेछ ।

(९) बहालवाला सैनिक व्यक्तिको तलब वृद्धि हुँदा तलबको शुरु अङ्कमा जति वृद्धि भएको छ त्यसको दुई तिहाई रकम यस नियम अनुसार पारिवारिक निवृत्तभरण पाई रहेका व्यक्तिले खाईपाई आएको पारिवारिक निवृत्तभरण रकममा पनि थप गरिनेछ ।

(१०) यस नियमावली बमोजिम निवृत्तभरण पाई रहेका कुनै सैनिक व्यक्तिको विधुर पति वा विधवा पत्नीले अर्को विवाह गरेमा निवृत्तभरण प्राप्त हुनेछैन ।

•(११) उपनियम (७) बमोजिम सैनिक व्यक्तिको पति वा पत्निको पारिवारिक निवृत्तभरण उपभोग गरिरहेको अवस्थामा मृत्यु भएमा निजले खाइपाइ आएको पारिवारिक निवृत्तभरण निजको छोराछोरी भएमा जतिजना छोराछोरी छन् सबैले दामासाहीले भाग गरी एक्काईस वर्ष उमेर पूरा

⊛ दोस्रो संशोधनद्वारा संशोधित ।

☗ छैटौं संशोधनद्वारा संशोधित ।

• पहिलो संशोधनद्वारा थप ।

नभएसम्म पाउने र एक जनाको उमेर एक्काईस वर्ष पूरा भएपछि निजले पाउँदै आएको निवृत्तभरण क्रमशः पछिको भाईबहिनीहरुमा थपिदै जानेछ ।

∗(१२) उपनियम (१०) मा जुनसुकै कुरा लेखिएको भए तापनि निवृत्तभरण पाइरहेका कुनै सैनिक व्यक्तिको विधुर पति वा विधवा पत्नीले अर्को विवाह गरेमा त्यस्तो सैनिक व्यक्तिको नाबालिग सन्तानले बालिग नभएसम्म त्यस्तो निवृत्तभरणको रकम तोकिए बमोजिम पाउनेछ ।

∗(१३) यो नियम लागू हुनु पूर्व उपनियम (७) बमोजिम सैनिक व्यक्तिको परिवारले खाइपाई आएको निवृत्तभरण नघट्ने गरी यस नियममा उल्लेख भए बमोजिमको सुविधा प्रदान गर्नु पर्नेछ ।

∗(१४) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अन्य देशको नागरिकता लिएको वा अन्य देशमा स्थायी बसोबासको अनुमति प्राप्त गरेको व्यक्तिले यस नियम बमोजिमको पारिवारिक निवृत्तभरण तथा उपदान प्राप्त गर्ने छैन ।

८४. **निवृत्तभरण वा उपदान नपाउने अवस्थाः** देहायको अवस्थामा यस नियमावली बमोजिमको निवृत्तभरण, उपदान वा अन्य सुविधा पाइने छैनः-

(क) ऐन बमोजिम तीन वर्षभन्दा बढी कैदको सजाय पाएमा,

(ख) नेपाली सेनामा भर्ना हुने वा बहाल रहने उद्देश्यले नागरिकता वा उमेर वा योग्यता ढाँटेको प्रमाणित भएमा ,

(ग) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट वर्खास्त गरिएमा।

८५. **अशक्त वृत्तिः** (१) कुनै सैनिक व्यक्ति आफ्नो पदको ⊕कर्तव्य पालन गर्दा वा तालीमको दौरानमा घाइते भई उपचार पश्चात् पनि सेवामा काम गर्न शारीरिक वा मानसिक रुपमा अशक्त रहेको ठहर नियम १०७ बमोजिमको मेडिकल वोर्डले गरेमा त्यस्तो सैनिक व्यक्तिलाई सेवाबाट अवकाश दिइनेछ र निजले उमेरको हदले अवकाश प्राप्त गर्ने अवधि ननाघ्ने गरी सात वर्षसम्म खाईपाई आएको पूरा तलब वरावरको रकम अशक्त निवृत्तभरण बापत दिइनेछ । उक्त अशक्त निवृत्तभरण पाउने अवधि व्यतित भएपछि निवृत्तभरण पाउने अवधिभन्दा कम सेवा अवधि भएको सैनिक व्यक्तिले निवृत्तभरण पाकेको अवधि सरह र निवृत्तभरण पाउने अवधिभन्दा बढी सेवा अवधि भएका सैनिक व्यक्तिले सोही बमोजिम खाईपाई आएको तलबले नियम ८० को उपनियम (३) बमोजिम हिसाब गरी हुन आउने रकम निवृत्तभरण पाउनेछ ।

∗ दोस्रो संशोधनद्वारा थप ।

⊕ दोस्रो संशोधनद्वारा संशोधित ।

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

•(१क) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि ■<u>जङ्गी कारबाही, सेना परिचालन भएको, विश्व शान्ति स्थापनाको लागि शान्ति सैनिकको रूपमा तैनाथ भएको, विपद् व्यवस्थापन, विकास निर्माण वा प्रकृति संरक्षणको कर्तव्य पालना गर्दाका</u> बखत कुनै आकस्मिक दुर्घटनामा परी वा कुनै प्रकारको हतियारको चोटबाट कुनै सैनिक व्यक्ति सैनिक सेवाको लागि काम गर्न अशक्त भएमा त्यस्तो सैनिक व्यक्तिलाई एक तह माथिको पदमा बढुवा गरी सेवाबाट अवकाश दिइनेछ र निजले उमेरको हदले अवकाश प्राप्त गर्ने अवधि ननाघ्ने गरी बढीमा सात वर्षसम्म खाइपाइ आएको पूरा तलब पाउनेछ। त्यसरी पूरा तलब पाउने अवधि व्यतित भएपछि निवृत्तभरण पाउने अवधिभन्दा कम सेवा अवधि भएको सैनिक व्यक्तिले निवृत्तभरण पाएको अवधि सरह र निवृत्तभरण पाउने अवधिभन्दा बढी सेवा अवधि भएको सैनिक व्यक्तिले सोही बमोजिम निवृत्तभरण पाउनेछ ।

(२) सैनिक व्यक्तिले अशक्तता बापत उपनियम (१) बमोजिम पाउने निवृत्तभरणको अतिरिक्त निजले खाईपाई आएको तलब रकमको देहाय बमोजिमको प्रतिशतको दरले अशक्त वृत्ति भत्ता बापत पाउनेछः-

(क) सय प्रतिशतदेखि असी प्रतिशतसम्म अशक्त भएका वा मानसिक सन्तुलन गुमाएका सैनिक व्यक्तिलाई पचास प्रतिशत रकम,

(ख) उनान्असी प्रतिशतदेखि पचास प्रतिशतसम्म अशक्त भएका वा मानसिक सन्तुलन गुमाएका सैनिक व्यक्तिलाई तेत्तीस प्रतिशत रकम, र

(ग) उनान्पचास प्रतिशतसम्म अशक्त भएका वा मानसिक सन्तुलन गुमाएका सैनिक व्यक्तिलाई पच्चीस प्रतिशत रकम ।

तर अशक्त वृत्ति भत्ता पाएका वा पाउने ठहरिएका सैनिक व्यक्तिले पछि कुनै सेवामा पुनः प्रवेश पाएमा निजले यस नियम बमोजिम अशक्त वृत्ति भत्ता पाउने छैन र खाई सकेको अशक्तवृत्ति भत्ता रकम भने फिर्ता गर्नु पर्ने छैन ।

(३) उपनियम (२) बमोजिम अशक्तता प्रतिशतको निर्धारण नियम १०७ बमोजिमको मेडिकल बोर्डले गर्नेछ ।

(४) सैनिक व्यक्तिले यस नियम बमोजिमको निवृत्तभरण र अशक्त वृत्ति भत्ता पाउन थालेको नौ वर्ष नपुग्दै मृत्यु भएमा नौ वर्ष नपुगेसम्मको अवधिका लागि निवृत्तभरण बापतको रकम मात्र त्यस्तो सैनिक व्यक्तिको परिवारको नजिकको व्यक्तिलाई दिइनेछ ।

---

• पहिलो संशोधनद्वारा थप ।

■ छैटौं संशोधनद्वारा संशोधित ।

कानून तथा संसदीय मामिला मन्त्रालय

♣(५) जङ्गी कारबाही वा सेना परिचालन भएको बखत कुनै आकस्मिक दुर्घटनामा परी वा कुनै प्रकारको हतियारको चोटबाट अशक्त भई अवकाश प्राप्त सैनिक व्यक्तिले उपनियम (१), (१क) र (२) बमोजिमको सेवा सुविधा पाउनेछन्।

**<u>स्पष्टीकरण</u>** : यस नियमको प्रयोजनको लागि "अवकाश प्राप्त सैनिक व्यक्ति" भन्नाले सेवामा रहँदा अशक्त भई नियम १०७ बमोजिमको मेडिकल बोर्डले अशक्त ठहर गरेका वा ठहर गर्न बाँकी रहेका निवृत्त सैनिक व्यक्ति सम्झनु पर्छ।

♣(६) यस नियमबमोजिम अशक्त वृत्तिको सुविधाका लागि नियम १०७ बमोजिमको मेडिकल बोर्डले अशक्तताको सिफारिस गर्नेछ र उपनियम (५) को अवस्था परी अशक्त भए वा नभएको सम्बन्धमा नेपाली सेनाले प्रमाणीकरण गर्नेछ।

♣(७) उपनियम (५) बमोजिमको सुविधा प्राप्त गर्ने अवकाश प्राप्त सैनिक व्यक्तिले यो उपनियम प्रारम्भ भएको मितिले एक वर्षभित्र नेपाली सेनामा निवेदन दिइसक्नु पर्नेछ।

८६. **<u>सन्ततिवृत्ति र शैक्षिकवृत्तिः</u>** (१) कुनै सैनिक व्यक्तिको नियम ८३ को उपनियम (६) र (७) वा नियम ८५ बमोजिमको अवस्था परी मृत्यु भएमा वा अशक्त भएमा त्यस्तो मृतक वा अशक्त सैनिक व्यक्तिको बढीमा दुई सन्ततीलाई मृतक वा अशक्त सैनिक व्यक्तिको बहाल रहेको पदको शुरु तलब स्केलको देहाय बमोजिमको प्रतिशतका दरले मासिक सन्ततिवृत्ति दिइनेछः-

| | | |
|---|---|---|
| (क) | सहायक सेनानी र सोभन्दा माथि महारथीसम्म | - दश प्रतिशत |
| (ख) | जमदार र सोभन्दा माथि प्रमुख सुवेदारसम्म | - बाह्र प्रतिशत |
| (ग) | प्यूठ र सोभन्दा माथि हुद्दासम्म | - तेह्र प्रतिशत |
| (घ) | फलोअर्स र सिपाही | - चौध प्रतिशत |

♠(२) उपनियम (१) बमोजिमको वृत्ति सैनिक व्यक्तिको सन्तति एक्काइस वर्षको उमेर पूरा गरेको वा सरकारी सेवा प्रवेश गरेको जुन अगाडि हुन्छ सो मितिसम्म पाउनेछ।

(३) कुनै सैनिक व्यक्तिको नियम ८३ को उपनियम (६) र (७) वा नियम ८५ बमोजिमको अवस्था परी मृत्यु भएमा वा अशक्त भएमा त्यस्तो मृतक वा अशक्त सैनिक व्यक्तिको बढीमा दुई सन्ततिलाई अठार वर्षको उमेर पूरा नभएसम्म उपनियम (१) बमोजिमको सन्ततिवृत्तिको अतिरिक्त देहाय बमोजिमको दरले वार्षिक शैक्षिकवृत्ति समेत दिइनेछः-

| | | |
|---|---|---|
| (क) | सहायक सेनानी र सोभन्दा माथि महारथीसम्म | - दुई हजार चार सय |
| (ख) | फलोअर्स र सोभन्दा माथि प्रमुख सुवेदारसम्म | - एक हजार आठ सय |

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

♣ छैटौं संशोधनद्वारा थप ।

♠ छैटौं संशोधनद्वारा संशोधित ।

८७. **<u>बेपत्ता भएको सैनिक व्यक्तिको निवृत्तभरण र उपदानः</u>** (१) कुनै सैनिक व्यक्ति हराई बेपत्ता भई दुई वर्षसम्म मरे बा“चेको पत्ता नलागेमा त्यस्तो सैनिक व्यक्तिले नियम ७९ र ८० बमोजिम पाउने उपदान वा निवृत्तभरणको रकम निजले इच्छाएको व्यक्ति वा निजको परिवारको नजिकको व्यक्तिलाई दिइनेछ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि ■<u>नियम ८० बमोजिम</u> निवृत्तभरण पाउने अवधि पुगी सकेको व्यक्ति निवृत्तभरण लिन नपाउंदै बेपत्ता भएमा सात वर्षसम्म र निवृत्तभरण पाउन थालेपछि बेपत्ता भएमा सात वर्ष पुग्न बाँकी अवधिसम्म निजले इच्छाएको व्यक्ति वा निजका परिवारको नजिकको व्यक्तिलाई निवृत्तभरणको पूरै रकम र सो अवधिपछि पति वा पत्नीलाई आजीवन निवृत्तभरणको आधा रकम पारिवारिक निवृत्तभरण  दिइनेछ ।

●(२क) उपनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि जङ्गी कारबाही वा सेना परिचालन भएको बखत कुनै सैनिक व्यक्ति बेपत्ता भएमा निजको परिवारको सबैभन्दा नजिकको हकवालाले नियम ८३ को उपनियम (६) बमोजिमको पारिवारिक निवृत्तभरण र पारिवारिक उपदान पाउनेछ।

●(२ख) उपनियम (१), (२) र (२क) मा जुनसुकै कुरा लेखिएको भए तापनि जङ्गी कारबाही वा सेना परिचालन भएको बखत कुनै सैनिक व्यक्ति बेपत्ता भएमा त्यस्तो सैनिक व्यक्तिको नजिकको हकवालाले नियम ८३ को उपनियम (७) बमोजिमको सुविधा समेत पाउनेछ।

(३) ■<u>उपनियम (१), (२), (२क) र (२ख) बमोजिम</u> भुक्तानी दिइसकेको उपदान वा निवृत्तभरण वा पारिवारिक निवृत्तभरण रकममा पछि फेला परेको व्यक्तिले दावी गर्न पाउने  छैन ।

●८७क. **<u>समान सुविधा उपलब्ध हुने</u> :** जङ्गी कारबाही वा सेना परिचालन भएको बखत सैनिक व्यक्तिको नियम ८३ को उपनियम (६) र (७) को अवस्था परी मृत्यु भएको वा नियम ८५ को अवस्था परी सैनिक व्यक्ति अशक्त भएको भए त्यस्तो सैनिक व्यक्ति वा निजको परिवारले नियम ८०, ८३, ८५, ८६ र ८७ मा उल्लिखित सुविधा सोही नियममा उल्लेख भए बमोजिम दोहोरो नहुने गरी समान रुपमा पाउनेछन् ।

❖८७ख. **<u>विशेष व्यवस्थाः</u>** (१) नियम ८३ को उपनियम (७) र (११), नियम ८५ को उपनियम (१क), नियम ८७ को उपनियम (२क) र (२ख) र नियम ८७क. बमोजिमको सुविधा संवत् २०५८ साल

---

■ पहिलो संशोधनद्वारा संशोधित ।

● पहिलो संशोधनद्वारा थप ।

❖दोस्रो संशोधनद्वारा थप ।

मंसीर ८ गतेदेखि जुनसुकै समयमा जंगी कारबाही वा सेना खटिएका सैनिक व्यक्ति वा निजको मृत्यु भएकोमा मृतकको परिवारलाई समेत दिइनेछ ।

₹(१क) नियम ८३ को उपनियम (७) र नियम ८५ को उपनियम (१क) बमोजिमको सुविधा विश्व शान्ति स्थापनाको लागि शान्ति सैनिकको रूपमा तैनाथ भएको, विपद् व्यवस्थापन, विकास निर्माण वा प्रकृति संरक्षणको कर्तव्य पालना सम्बन्धी कार्य गर्ने सैनिक व्यक्ति वा निजको मृत्यु भएकोमा मृतकको परिवारलाई दिइनेछ।

₹(१ख) उपनियम (१क) बमोजिमको सुविधा यो उपनियम प्रारम्भ भएको मितिदेखि लागु हुनेछ।

(२) नियम ८५ र ८६ को सुविधा अधिकृत क्याडेट र सैन्य आधार तालीममा तालीमरत सैनिक व्यक्तिलाई समेत उपलब्ध गराइनेछ ।

८८. **निवृत्तभरण सम्बन्धी कार्यविधिः** (१) उमेरको हद वा सेवा अवधि पुगेको कारणबाट निवृत्तभरण पाउने गरी अवकाश प्राप्त गर्ने सैनिक व्यक्तिका सम्बन्धमा त्यसरी अवकाश पाउने मितिभन्दा छ महिना अगावै सैनिक अभिलेखालयले सम्बन्धित विभाग, कार्यालय वा युनिटमा अवकाशको सूचना पठाउनु पर्नेछ ।

(२) सैनिक व्यक्तिले सेवाबाट अलग भएको मितिले छ महिनाभित्र आफू काम गरेको विभाग, कार्यालय वा युनिट मार्फत सैनिक अभिलेखालयमा निवेदन दिनु पर्नेछ । कार्यालय, विभाग, युनिटमा दाखिल भएको निवेदन सम्बन्धित कार्यालय, विभाग वा युनिटले सैनिक अभिलेखालयमा राख्नु पर्नेछ ।

(३) मृत्यु हुने सैनिक व्यक्तिको परिवारको नजिकको व्यक्तिले सैनिक व्यक्तिको मृत्यु भएको छ महिनाभित्र सम्बन्धित कार्यालय, विभाग वा युनिटमा निवेदन दिनु पर्नेछ र त्यसरी प्राप्त निवेदन सम्बन्धित कार्यालय, विभाग वा युनिटले सैनिक अभिलेखालयमा पठाउनु पर्नेछ ।

(४) उपनियम (२) वा (३) बमोजिम निवेदन प्राप्त भएपछि सैनिक अभिलेखालयले त्यस उपर आवश्यक कारबाही गरी अनुसूची-१२ बमोजिमको निवृत्तभरणको अधिकारपत्र निवृत्तभरण पाउने व्यक्तिलाई दिनु पर्नेछ ।

(५) उपनियम (४) बमोजिमको निवृत्तभरणको अधिकारपत्रमा सैनिक अभिलेखालयको प्रमुख र निवृत्तभरण व्यवस्थापन कार्यालयका प्रमुखको संयुक्त दस्तखत हुनेछ ।

(६) निवृत्तभरणसँग सम्बन्धित देहायका कार्यहरु बैंक भुक्तानी लिइरहेको जिल्लाको सैनिक पृतना/बाहिनी/गण/गुल्मका प्रमुखको सिफारिसमा सोही जिल्लाको कोष तथा लेखा नियन्त्रकको कार्यालयबाट गरिनेछः-

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

₹ छैटौं संशोधनद्वारा थप ।

(क) निवृत्तभरणको एकपटक जारी भैसकेको अधिकारपत्रको पाना सिद्धिई वा अधिकारपत्र हराई प्रतिलीपी दिनुपरेमा वा निवृत्तभरण वा पारिवारिक निवृत्तभरण अधिकारपत्र बाहक व्यक्तिको मृत्यु भई पारिवारिक निवृत्तभरण पाउने व्यक्तिको नाम परिवर्तन गर्नुपरेमा वा प्रमाणित निवृत्तभरण अधिकारपत्रमा संशोधन गर्नुपरेमा वा सैनिक अभिलेखालयबाट पठाइए बमोजिम निवृत्तभरण अधिकारपत्र तथा फाराममा फोटो तथा दस्तखत प्रमाणित गर्नुपरेमा,

(ख) निवृत्तभरण प्राप्त गर्ने व्यक्तिको उमेर ६० वर्ष, ७५ वर्ष र ८५ वर्ष पुगेपछि निवृत्तभरण रकम थप गर्नुपरेमा ।

(७) सैनिक व्यक्ति राजीनामा स्वीकृति वा अन्य कारणबाट सेवा मुक्त भएपछि वा हुने अवस्थामा सम्बन्धित कमाण्डिङ्ग अधिकृतले देहायको विवरण खुलेको प्रमाणपत्र दिनु पर्नेछः-

(क) सेवा प्रवेश मिति,

(ख) सेवा अवधिमा प्राप्त गरेको तालिम र विभूषण,

(ग) जम्मा सेवा अवधि,

(घ) अवकाश प्राप्त मिति,

(ङ) अन्य आवश्यक कुराहरु ।

तर भविष्यमा सरकारी सेवाको लागि अयोग्य ठहरिने गरी बर्खास्त भएका सैनिक व्यक्तिलाई त्यस्तो प्रमाणपत्र दिइने छैन ।

८९. **<u>सेवा अवधिको गणनाः</u>** (१) यस परिच्छेदको प्रयोजनका निमित्त सेवा अवधिको गणना गर्दा सैनिक व्यक्ति नेपाली सेनाको कुनै पदमा स्थायी नियुक्ति भई सेवा गरेको जम्मा अवधि (बीचमा टुटेको भए सो टुटेको अवधि कटाई) लाई गणना गरिनेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदान पाइसकेको व्यक्ति पुनः नेपाली सेनाको पदमा नियुक्ति भएमा निजले पहिले पाएको उपदानको रकम फिर्ता गरेमा मात्र निजको पहिलेको सेवा अवधि जोडिनेछ ।

(३) उपनियम (१) बमोजिम सेवा अवधि गणना गर्दा निलम्वन रहेको अवधिलाई समेत गणना गरिनेछ ।

९०. **<u>औषधि उपचारः</u>** (१) सैनिक व्यक्तिले सेवा अवधिभरमा अधिकृतस्तरको सैनिक व्यक्ति भए बाह महिना बराबरको, ☗<u>प्रमुख सुवेदार र सुवेदारस्तरको</u> सैनिक व्यक्ति भए अठार महिना बराबरको र

---

☗ छैटौं संशोधनद्वारा संशोधित ।



कानून तथा संसदीय मामिला मन्त्रालय

❈जमदार, विल्लादारस्तर तथा अन्य दर्जातर्फका सिपाही र फलोअर्स भए एक्काईस महिना बराबरको खाइपाई आएको तलब रकमसम्म उपचार खर्च बापत पाउनेछ ।

❈ (१क) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो उपनियम प्रारम्भ हुनु अघि जमदार पदबाट अवकास भएका सैनिक व्यक्तिले अठार महिना बराबरको खाइपाई आएको तलब रकमसम्म उपचार खर्च बापत पाउनेछ।

(२) कुनै सैनिक व्यक्ति वा निजको परिवारको सदस्य बिरामी भएमा उपनियम (१) बमोजिम पाउने रकममा नबढ्ने गरी देहाय बमोजिम भएको खर्च वा रकम दिइनेछः-

(क) रोगको उपचारको निमित्त स्वीकृत चिकित्सकले जाँच गर्दा लागेको प्रेस्क्रिप्सन बमोजिम खरिद गरेको औषधि खर्च,

(ख) स्वास्थ्य संस्थामा भर्ना हुँदा र उपचार गराउँदा लागेको बील बमोजिमको खर्च,

(ग) अस्पताल र स्वीकृत चिकित्सक पनि नभएको ठाउँमा भएको उपचारमा सम्बन्धित कार्यालयको प्रमुखले, कार्यालय प्रमुखको हकमा तालुक कार्यालयको प्रमुखले र महारथीको हकमा मन्त्रालयको सचिवले सिफारिस गरेको खर्च,

(घ) प्लाष्टिक सर्जरी बाहेक सबै किसिमको चिरफार (सर्जिकल अपे्रशन) गर्दा लागेको बील बमोजिमको खर्च,

(ङ) आफ्नो घर वा डेरा छाडी अर्को जिल्लामा वा विदेशमा गई औषधि उपचार गराउँदा त्यस्तो स्थानसम्म पुग्दाको र फर्कदाको बिरामीको र कुरुवा चाहिने अवस्था भए एकजना कुरुवासम्मको यातायात खर्चको पूरै रकम र खाना खर्च बापत निज बिरामी सैनिक व्यक्तिले नियम अनुसार पाउने दैनिक भत्ताको पचहत्तर प्रतिशत रकम ।

स्पष्टीकरणः यस उपनियमको प्रयोजनको लागि "स्वीकृत चिकित्सक" भन्नाले सरकारी सेवामा रहेको वा प्रचलित कानून बमोजिम चिकित्सकका रुपमा दर्ता भएको डाक्टर, कविराज, हेल्थ असिष्टेण्ट वा वैद्य समेतलाई जनाउँछ ।

(३) कर्तव्य पालनको सिलसिलामा चोटपटक लाग्न गई कुनै सैनिक व्यक्ति घाइते भई नेपालभित्र औषधि उपचार हुन नसक्ने भनी नेपाल सरकारद्वारा गठित मेडिकल बोर्डले सिफारिस गरेको सैनिक व्यक्तिले विदेशमा गई उपचार गराउन चाहेमा निजलाई नेपाल सरकारले उचित ठहर्याएको थप आर्थिक सहायता दिन सक्नेछ ।

---

❈ छैटौं संशोधनद्वारा थप ।



कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(४) यस नियम बमोजिम पाउने उपचार खर्च कुनै सैनिक व्यक्तिले पेश्कीका रुपमा लिन चाहेमा र सोको कारण मनासिव देखिए यस नियमको अधीनमा रही पछि हिसाव बुझाउने गरी पेश्की दिन सकिनेछ । त्यसरी पेश्की दिएको रकम पछि हिसाव गर्दा उपचार बापत पाउने रकमभन्दा बढी हुन आएमा बढी भएजति रकम सम्बन्धित सैनिक व्यक्तिको तलबबाट किस्ताबन्दीमा कट्टी गरिनेछ । त्यसरी कट्टी गर्नु पर्ने रकम भुक्तान नहुँदै सम्बन्धित सैनिक व्यक्ति वा निजको परिवारको सदस्यको मृत्यु भएमा सो कट्टी गर्न बाँकी रहेको रकम मिन्हा हुनेछ ।

(५) झुट्टा व्यहोरा पेश गरी यस नियम बमोजिम उपचार खर्च माग गर्ने वा प्राप्त गर्ने सैनिक व्यक्ति लगायत त्यस्तो झुट्टा व्यहोरा प्रमाणित गर्ने सैनिक चिकित्सक भए निजलाई समेत ऐनको दफा ४७ बमोजिमको कसूर गरेको मानी कारवाही हुनेछ ।

(६) भविष्यमा सरकारी सेवाको लागि अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिएकोमा बाहेक अन्य अवस्थामा सेवाबाट अलग हुने सैनिक व्यक्तिले यस नियम बमोजिम सेवा अवधिभरमा पाउने उपचार खर्च मध्ये केही लिई वा नलिई उपचार खर्च लिन बाँकी रहेको भए त्यस्तो बाँकी रकम एकमुष्ट लिन पाउनेछ ।

⊛(७) देहायको सेवा अवधि पूरा गरी निवृत्तभरण सेवाबाट अलग भएको सैनिक व्यक्तिले उपनियम (६) बमोजिम पाउने उपचार खर्चमा लिन बाँकी रकमको देहाय बमोजिमको रकम थप गरी हुन आउने रकम एकमुष्ट पाउनेछः-

| | | |
|---|---|---|
| (क) | बीस वर्ष | - दश प्रतिशत |
| (ख) | बीस वर्ष भन्दा बढी पच्चीस वर्षसम्म | - पन्ध्र प्रतिशत |
| (ग) | पच्चीस वर्षभन्दा बढी जतिसुकै वर्ष | - बीस प्रतिशत |

(८) कुनै सैनिक व्यक्ति दश वर्षको सेवा अवधि नपुग्दै भविष्यमा सरकारी सेवाको लागि अयोग्य ठहरिने गरी बर्खास्त गरिएकोमा बाहेक अरु जुनसुकै व्यहोराबाट सेवाबाट अलग भएमा पनि दश वर्षको सेवा अवधि मानी त्यसको दामासाहीले यस नियम बमोजिमको उपचार खर्च दिइनेछ ।

(९) यस नियम बमोजिम स्वास्थ्य संस्थामा भर्ना भई वा विदेशमा गई उपचार गराउनु पर्दा बाहेक सैनिक व्यक्तिलाई आफ्नो परिवार र आफ्नो निमित्त समेत गरी एक वर्षमा निजले खाइपाई आएको डेढ महिनाको तलब बराबरको रकमभन्दा बढी उपचार खर्च दिइने छैन ।

(१०) यस नियम बमोजिम सैनिक व्यक्तिले पाएको उपचार खर्चको विवरण खर्च लेख्ने कार्यालयले सैनिक व्यक्तिको व्यक्तिगत अभिलेखमा राखी सम्बन्धित विभाग, बाहिनी, गण, गुल्म र सैनिक अभिलेखालयमा समेत पठाउनु पर्नेछ ।

⊛दोस्रो संशोधनद्वारा संशोधित ।



कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(११) दुर्गम क्षेत्रमा रहेका सैनिक व्यक्ति वा निजको परिवारलाई रोग लागी स्थानीय स्वास्थ्य केन्द्रबाट उपचार हुन नसकी ज्यान समेत जोखिम हुने अवस्था परेको कुरा जिल्ला स्वास्थ्य केन्द्रले सिफारिस गरेमा उपचारको सुविधा भएको ठाउँमा लैंजादा र त्यहाँबाट फर्काउँदा लाग्ने खर्च नेपाल सरकारले दिनेछ ।

९१ **<u>थप आर्थिक सहायताः</u>** (१) सेवामा बहाल रहेको कुनै सैनिक व्यक्ति, निजको पति वा पत्नीलाई स्वदेश तथा विदेशमा उपचार गर्नुपर्ने भनी नेपाल सरकारबाट गठित मेडिकल बोर्डले सिफारिस गरेको आधारमा नियम ९० बमोजिम पाउने उपचार खर्चको अतिरिक्त देहायको समितिको सिफारिसमा नेपाल सरकारले उचित ठहर्याएको थप आर्थिक सहायता रकम दिइनेछ ।

| | | |
|---|---|---|
| (क) | मन्त्रालयको सचिव | -अध्यक्ष |
| (ख) | अर्थ मन्त्रालयको सचिव वा निजले तोकेको अधिकृत प्रतिनिधि | -सदस्य |
| (ग) | कार्यरथी | - सदस्य |
| (घ) | सैनिक स्वास्थ्य महानिर्देशक | - सदस्य |
| (ङ) | केन्द्रियस्तरको सैनिक अस्पतालको बरिष्ठ चिकित्सक एक जना | - सदस्य |

(२) उपनियम (१) बमोजिमको समितिले थप आर्थिक सहायताको लागि रकम सिफारिस गर्दा कडा रोग लागेको हकमा उपचार गर्दा लागेको रकमको बील बमोजिम बढीमा पाँचलाख रुपैयाँ सम्म सिफारिस गर्नेछ ।

<u>स्पष्टिकरणः</u> यस नियमको प्रयोजनका लागि कडा रोग भन्नाले मृगौला, मुटु र क्यान्सर सम्बन्धी रोगलाई जनाउँछ ।

९२. **<u>तलबको उल्लेखः</u>** (१) यस नियमावलीमा जहाँ जहाँ तलबको उल्लेख भएको छ त्यसले सम्बन्धित सैनिक व्यक्तिको तत्कालको तलब रकम (तलब वृद्धि समेत) लाई जनाउनेछ ।

(२) नियम ७९ र ८० को प्रयोजनका लागि “आखिरी तलब” भन्नाले सम्बन्धित सैनिक व्यक्तिको अवकाश प्राप्त गर्ने अवस्थाको तलबलाई जनाउनेछ र त्यसरी अवकाश प्राप्त गर्ने अवस्थामा कुनै सैनिक व्यक्ति निलम्बनमा रहेको भए त्यस्तो अवधिको निमित्त पनि पूरै तलबको हिसाब गरिनेछ।

९३. **<u>बीमा सम्बन्धी व्यवस्थाः</u>** (१) सैनिक व्यक्तिहरुको बीमा वापत नेपाल सरकारले एउटा सावधिक जीवन बीमा कोष स्थापना गर्नेछ र सो प्रयोजनको लागि नेपाल राजपत्रमा सूचना प्रकाशन गरी स्वदेश भित्र रहेका कुनै बीमा कम्पनी वा प्रचलित कानून बमोजिम गठन भएको संस्थालाई सो कम्पनी वा

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

संस्थाको कारोवार, वित्तीय क्षमता समेत विचार गरी सावधिक जीवन बीमा सञ्चालनको लागि तोक्न सक्नेछ ।

(२) प्रत्येक सैनिक व्यक्तिको मासिक तलबबाट दुई सय रुपैयाँ कट्टा गरी उपनियम (१) बमोजिमको कोषमा जम्मा गरिनेछ र त्यति नै रकम नेपाल सरकारले थप गरी विमाङ्क रकम एक लाख रुपैयाँको बीस वर्षे सावधिक जीवन बीमा गरिनेछ । सो बीमा कोषमा जम्मा भएको रकम मध्येबाट सैनिक व्यक्ति सेवा निवृत्त हुँदा निजलाई वीमाङ्क रकम र बोनस भुक्तानी दिइनेछ ।

(३) उपनियम (२) बमोजिम रकम कट्टा गर्न शुरु गरेको वीस वर्ष अवधि नपुगी कुनै सैनिक व्यक्तिको मृत्यु भएमा निजको परिवारले एकलाख रुपैयाँ पाउनेछ । कुनै सैनिक व्यक्ति सेवाबाट अनिवार्य अवकाश भएमा देहाय बमोजिमको रकम प्रदान गरिनेछः-

(क) एक वर्षभन्दा कम अवधिको रकम कट्टी गरिएको भएमा दश हजार रुपैयाँ,

(ख) एक वर्षदेखि पाँच वर्षसम्म रकम कट्टी गरिएको भएमा पच्चीस हजार रुपैयाँ,

(ग) पाँच वर्षदेखि दश वर्षसम्म रकम कट्टी गरिएको भएमा पचास हजार रुपैयाँ,

(घ) दश वर्षदेखि पन्ध्र वर्षसम्म रकम कट्टी गरिएको भएमा पचहत्तर हजार रुपैयाँ,

(ङ) बीस वर्षसम्म रकम कट्टी गरिएको भएमा एक लाख रुपैयाँ ।

तर निजले जम्मा गरेको रकम र सोको व्याज, लाभांश रकम उल्लिखित रकमभन्दा बढी हुन आएमा सोही बराबरको रकम उक्त कोषबाट प्रदान गरिनेछ ।

(४) कुनै सैनिक व्यक्ति उपनियम (२) बमोजिम रकम जम्मा गर्न शुरु गरेको बीस वर्ष नपुगी अनिवार्य अवकाश भएको अवस्थामा बाहेक अन्य जुनसुकै किसिमबाट सेवाबाट अलग भएमा त्यस्तो सैनिक व्यक्तिलाई समर्पण मूल्य बराबरको रकम उपलब्ध गराइनेछ ।

(५) उपनियम (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि सेवाबाट अवकाश हुने सैनिक व्यक्तिले सावधिक जीवन बीमा वापत जम्मा गरेको रकम बीस वर्ष वा सो भन्दा कम अवधिमा परिपक्व हुने गरी निरन्तरता दिन सक्नेछ ।

तर सो वापत नेपाल सरकारले कुनै रकम व्यहोर्ने छैन ।

(६) बेतलवी अध्ययन बिदा लिएको अवस्थामा त्यस्ता सैनिक व्यक्तिले बीमा वापतको रकम जम्मा गरेमा मात्र त्यस्ता सैनिक व्यक्तिको लागि नेपाल सरकारले सो अवधिको रकम थप गरी कोषमा जम्मा गरिदिनेछ ।

(७) भविष्यमा सरकारी सेवाका निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त भएको सैनिक व्यक्तिले उपनियम (२) बमोजिम नेपाल सरकारबाट थप भएको रकम बाहेक निजको कोषमा जम्मा भएको अन्य रकम व्याज सहित पाउनेछ ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(८) यस नियम बमोजिम बीमाङ्क रकम प्रदान गर्दा सम्बन्धित सैनिक व्यक्तिको नाममा जम्मा भएको रकम भन्दा बढी रकम प्रदान गर्नु पर्ने भएमा बढी हुने रकम नेपाल सरकारले उपनियम (१) बमोजिमको कम्पनी वा संस्थामा जम्मा गरी दिनेछ ।

(९) उपनियम (१) बमोजिम तोकिएको कम्पनी वा संस्थाले बीमा कोषमा जम्मा भएको प्रत्येक सैनिक व्यक्तिको छुट्टाछुट्टै हिसाव देखिने गरी अभिलेख अद्यावधिक गरी प्रत्येक वर्षको विवरण सम्बन्धित सैनिक व्यक्तिलाई उपलब्ध गराउनु पर्नेछ ।

(१०) सावधिक जीवन बीमा कोष सञ्चालन र व्यवस्थापनका लागि नेपाल सरकारले आवश्यक निर्देशिका जारी गरी लागू गर्न सक्नेछ ।

## परिच्छेद-८

## पोशाक तथा अन्य सामान र राशन सुविधा सम्बन्धी व्यवस्था

९४. **पोशाक तथा अन्य सामानः** (१) सैनिक व्यक्तिको पोशाकको रङ, किसिम, गुणस्तर र अन्य विवरण प्रधान सेनापतिको सिफारिसमा नेपाल सरकारले स्वीकृत गरे बमोजिम हुनेछ ।

(२) सैनिक व्यक्तिलाई दर्जा अनुसार अनुसूची- १३ मा उल्लेख भए बमोजिमको पोशाक र अन्य सामानहरु निशुल्क उपलब्ध गराइनेछ ।

[*](२क) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सैनिक व्यक्तिले गर्ने कामको प्रकृति र मौसमको अनुकूलताबमोजिम अनुसूची-१३ मा उल्लेख भए बाहेकका विशेष किसिमका पोसाक तथा अन्य सामान र सोको खपत अवधि नेपाली सेनाले निर्धारण गर्न सक्नेछ।

(३) सैनिक व्यक्तिलाई तयारी पोशाक वितरण गर्न नसकेको अवस्थामा स्थानीय दररेट बमोजिम सिलाई खर्चको रकम सहितको कपडा उपलब्ध गराइनेछ ।

(४) सैनिक व्यक्तिलाई वितरण गरिएको पोशाक तथा अन्य सामान निश्चित अवधि पुगी वा सरकारी काम विशेषले फाटी टुटी गएमा उपनियम (५) बमोजिम गठन हुने क्षतिपूर्ति समितिले ठहर्याए बमोजिम सट्टाभर्ना दिइनेछ ।

(५) उपनियम (४) को प्रयोजनका लागि जङ्गी अड्डाले क्षतिपूर्ति समिति गठन गरी सो समितिको काम, कर्तव्य र अधिकार समेत तोक्न सक्नेछ ।

९५. **राशन सुविधाः** नेपाली सेनामा कार्यरत सबै सैनिक व्यक्तिलाई नेपाल सरकारले तोकिदिए बमोजिमको राशन सुविधा दिइनेछ ।

तर अध्ययन बिदा लिई बसेका सैनिक व्यक्तिलाई राशन सुविधा दिइने छैन ।

---

[*] छैटौं संशोधनद्वारा थप ।

## परिच्छेद-९
## विविध

९६. **सैनिक प्रहरीको योग्यता र पदपूर्तिः** (१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सैनिक प्रहरीको योग्यता देहाय बमोजिम हुनु पर्नेछः-

(क) सिपाहीदेखि सुवेदारसम्मको लागि एस.ई.ई. वा सो सरह वा सो सरह उत्तीर्ण भएको वा आर्मी फष्ट क्लास पास गरेको,

(ख) पुरुषको हकमा कम्तीमा पाँच फिट छ इन्च र महिलाको हकमा कम्तीमा पाँच फिट दुई ईन्च उचाई भएको,

(ग) कुनै पनि अनुशासन सम्बन्धी अभियोग नलागेको ।

(२) उपनियम (१) बमोजिमको योग्यता पूरा भएको सैनिक व्यक्तिलाई अन्य युनिटबाट सरुवा गरी सैनिक प्रहरीमा पदपूर्ति गरिनेछ ।

९७. **सेवा परिवर्तन सम्बन्धी व्यवस्थाः** (१) सैनिक ब्यक्तिको सेवा, समूह वा उपसमूह परिवर्तन हुन सक्नेछ।

(२) उपनियम (१) बमोजिम सेवा परिवर्तन गर्दा सेवा परिवर्तन गर्न खोजिएको सेवा, समूह वा उपसमूहसँग सम्बन्धित सैनिक नियमावलीमा उल्लेख गरिए बमोजिमको योग्यता पुगेको र त्यस्ता सैनिक ब्यक्तिको दक्षता र अनुभव सेवा परिवर्तन गर्न खोजिएको सेवा, समूह वा उपसमूहलाई अत्यावश्यक भएको हुनु पर्नेछ ।

(३) यस नियम बमोजिमको सेवा परिवर्तन उप सेनानी वा सोभन्दा मुनिका दर्जाहरुमा मात्र गरिनेछ ✂.........................................।

(४) यस नियम बमोजिम सेवा परिवर्तन गर्दा मन्त्रालयको स्वीकृतीमा पदपूर्ति समितिले परीक्षा लिई उक्त समितिको सिफारिस अनुसार हुनेछ ।

■.........................................................................................

▭(५) उपनियम (३) र (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि सैनिक विविध सेवाको बन्दोबस्ती कार्य समूहमा सेनानी वा सोभन्दा मुनिका दर्जामा दुई वर्ष वा सोभन्दा बढी अवधिसम्म सो समूहका सैनिक व्यक्तिको योग्यता नपुगी बढुवा हुन नसकेको कारणले पदपूर्ति हुन नसकी पद रिक्त

---

✂ पाँचौ संशोधनद्वारा झिकिएको ।

■ छैटौं संशोधनद्वारा झिकिएको ।

▭ पाँचौ संशोधनद्वारा थप ।

भएमा त्यस्तो समान पदमा सैनिक साधारण सेवाबाट योग्यता पुगेका सैनिक व्यक्तिलाई दक्षता र अनुभवका आधारमा सेवा परिवर्तन गर्न सकिनेछ।

(६) यस नियम बमोजिम कुनै सैनिक व्यक्तिको सेवा, समूह वा उपसमूह सेवा अवधिभरमा एक पटकका लागि मात्र परिवर्तन गर्न सकिनेछ।

(७) यस नियम बमोजिम सेवा, समूह वा उपसमूह परिवर्तन गरेका सैनिक व्यक्तिको ज्येष्ठता र सेवा अवधि गणना गर्दा त्यस्तो सेवा, समूह वा उपसमूह परिवर्तन हुनु अघिको सेवा, समूह वा उपसमूहको समान दर्जा सरह गणना हुनेछ।

९८. **<u>बरबुझारथ गर्नु पर्ने:</u>** (१) कुनै पनि सैनिक व्यक्ति, काज, सरुवा वा अन्य कुनै कारणले सो स्थानमा नरहेमा आफ्नो बुझाउनु पर्ने नगद, जिन्सी, हातहतियार तथा कागजात प्रधान सेनापतिको हकमा एक महिना भित्र र अन्य सैनिक व्यक्तिको हकमा पन्ध्र दिनभित्र सम्बन्धित सैनिक व्यक्तिलाई बुझाई दिनु पर्नेछ र बुझ्नु पर्नेले पनि सोही म्यादभित्र बुझी लिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको म्यादभित्र कुनै विशेष कारण परी बरबुझारथ गर्न नभ्याएमा थप एक्काईस दिनमा नबढ्ने गरी प्रधान सेनापतिको हकमा मन्त्रालयले र अन्य सैनिक व्यक्तिको हकमा सम्बन्धित कार्यालय प्रमुखले समय थप गर्न सक्नेछ । यसरी म्याद थप गर्दा पनि बरबुझारथ नभएमा निजको निवृत्तभरण पट्टा समेत रोक्का गर्न सकिनेछ ।

९९. **<u>विभागीय प्रमुखहरुको समिति (प्रिन्सिपल स्टाफ अफिसर्स कमिटी) गठन गर्न सक्ने:</u>** प्रधान सेनापतिलाई नेपाली सेनाको प्रशासकीय तथा व्यवस्थापकीय कार्यमा सहयोग पुर्याउन प्रिन्सिपल स्टाफ अफिसर्स रहेको एक समिति रहनेछ ।

१००. **<u>उजुरीको सुनुवाई गर्ने तरिका:</u>** (१) कुनै सैनिक व्यक्तिलाई कुनै विषयमा मर्का परेको कारण देखाई ऐनको दफा २७ बमोजिम उजुरी दिंदा उजुरीकर्ताले आफूलाई परेको मर्काको संक्षिप्त व्यहोरा र मर्का निवारणको उपाय खुलाई प्रमाण सहित लिखित रुपमा उजुरी दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम उजुरी प्राप्त भएपछि उजुरी सुन्ने अधिकृतले उजुरीकर्ताले जसका विरुद्ध उजुर दिएको हो सो व्यक्तिलाई उजुरीको सम्बन्धमा पन्ध्र दिनको म्याद दिई आफ्नो भनाई पेश गर्न सूचना पठाउन सक्नेछ ।

(३) उपनियम (२) बमोजिम प्राप्त सूचनाको म्यादभित्र सम्बन्धित व्यक्तिले आफ्नो भनाइ पेश गर्नु पर्नेछ ।

---

पाँचौ संशोधनद्वारा थप ।

दोस्रो संशोधनद्वारा संशोधित ।

(४) उजुरी सुन्ने अधिकृतले उजुरीको सुनुवाइ गर्दा आवश्यक देखेको थप प्रमाणहरु बुझ्न सक्नेछ ।

(५) उजुरी सुन्ने अधिकृतले उजुरीको सुनुवाइ गर्ने सिलसिलामा आवश्यकतानुसार जाँचबुझ टोली खटाई जाँचबुझ गराउन सक्नेछ ।

(६) सम्बन्धित व्यक्तिले उपनियम (३) बमोजिम आफ्नो भनाइ पेश गरेकोमा पेश गरेको मितिले वा भनाई पेश नगरेकोमा पेश गर्ने म्याद समाप्त भएको मितिले तीस दिनभित्र उजुरी सुन्ने अधिकृतले त्यस्तो उजुरीको सम्बन्धमा निर्णय गर्नु पर्नेछ ।

१०१. **निर्देशन दिनसक्नेः** आर्थिक तथा भौतिक प्रशासन सम्बन्धी कार्य, बन्दोबस्ती सामानको परिपूरण गर्ने कार्य लगायतका नेपाली सेना भित्र गर्नुपर्ने र गरिने व्यवस्थापन सम्बन्धी कार्यलाई व्यवस्थित बनाउन मन्त्रालयले नेपाली सेनालाई निर्देशन दिन सक्नेछ । मन्त्रालयले निर्देशन दिनु पूर्व आवश्यकताअनुसार नेपाली सेनाका विभिन्न युनिटको निरीक्षण तथा अनुगमन गर्न तथा सम्बन्धित कागजात माग गर्न सक्नेछ। यस्तो निरीक्षण तथा अनुगमन सम्बन्धी कार्य नेपाली सेनासँगको समन्वयमा गरिनेछ ।

⊛१०२. **निर्णय वा आदेश प्रकाशन गर्न सक्नेः** नेपाली सेनाले सैनिक व्यक्तिहरुको नियुक्ति, सरुवा, बढुवा, सजाय, पि.एस.ओज. बैठकको निर्णयबाट पारित भएका संगठनात्मक नीति, कार्यविधि, प्रधान सेनापतिको निर्देशन लगायत अन्य आवश्यक जानकारी गराउनु पर्ने विषयसँग सम्बन्धित आधिकारिक सूचनाको लागि सैनिक आदेश प्रकाशन गर्नेछ ।

१०३. **वैयक्तिक विवरण फाराम भर्नु पर्नेः** (१) पहिलो पटक नियुक्ति भएका प्रत्येक सैनिक व्यक्तिले निर्धारित ढाँचामा चारप्रति वैयक्तिक विवरण फाराम भर्नु पर्नेछ ।

(२) देहायको सैनिक व्यक्तिको वैयक्तिक विवरणको अभिलेख देहाय बमोजिमको कार्यालयले राख्नेछः-

(क) सबै तहका सैनिक व्यक्तिको वैयक्तिक विवरण सैनिक अभिलेखालय,

(ख) अधिकृतस्तरको सैनिक व्यक्तिको हकमा सैनिक अभिलेखालयको अतिरिक्त सैनिक सचिव विभाग, र

(ग) पदिकस्तर र सोभन्दा मुनिका सैनिक व्यक्तिको हकमा सैनिक अभिलेखालयको अतिरिक्त कार्यरथी विभाग (संगठन र सञ्चालन) ।

⊛ दोस्रो संशोधनद्वारा संशोधित ।



कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(३) सैनिक व्यक्तिको सरुवा, बढुवा, कारबाही लगायतका सबै विवरणहरु वैयक्तिक विवरणमा जनाई अद्यावधिक गरी राख्नु पर्ने दायित्व उपनियम (२) बमोजिम अभिलेख राख्ने कार्यालयको हुनेछ।

(४) प्रमुख सेनानी वा सो भन्दा माथिका सैनिक व्यक्तिको वैयक्तिक विवरण एक प्रति नेपाली सेनाले मन्त्रालयमा पठाउनु पर्नेछ ।

१०४. **सम्पत्ति विवरण पेश गर्ने:** (१) सैनिक व्यक्तिले भर्ना भएको मितिले साठी दिनभित्र र त्यसपछि हरेक आर्थिक वर्ष समाप्त भएको मितिले साठी दिनभित्र आफ्नो वा आफ्नो परिवारको नाममा रहेको सबै प्रकारका चल अचल सम्पत्तिको स्रोत वा निस्सा सहितको अद्यावधिक विवरण कार्यरथी विभाग समक्ष पेश गर्नु पर्नेछ । सैनिक अधिकृतले यस्तो विवरण पेश गर्दा दुई प्रति भरी पेश गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिमको म्यादभित्र सम्पत्तिको विवरण पेश गर्न नसक्ने सैनिक व्यक्तिले त्यस्तो विवरण पेश गर्न नसक्नाको कारण सहित उल्लेख गरी म्याद थपको लागि अनुरोध गरेमा सम्बन्धित निकाय वा अधिकारीले बढीमा तीस दिनसम्मको म्याद थप दिन सक्नेछ ।

(३) उपनियम (२) बमोजिम थप गरेको म्यादभित्र पनि सम्पत्तिको विवरण पेश नगर्ने सैनिक व्यक्तिलाई पाँच हजार रुपैयाँ जरिवाना गरी निज र निजको परिवारको नाममा गैरकानूनी सम्पत्ति रहेको अनुमान गरी सम्बन्धित निकाय वा अधिकारीले अनुसन्धान गर्न सक्नेछ ।

(४) यस नियम बमोजिम पेश हुन आएको सम्पत्ति विवरण गोप्य राखिनेछ ।

तर अनुसन्धान र तहकिकातको सिलसिलामा सम्पत्ति विवरण माग हुन आएमा त्यस्तो विवरण सम्बन्धित अधिकारीलाई उपलब्ध गराउन सकिनेछ ।

(५) सम्पत्ति विवरणको अभिलेख कार्यरथी विभागले राख्नेछ ।

(६) यस दफा बमोजिम सम्पत्ति विवरण पेश नगर्ने सैनिक व्यक्तिको विवरण तीस दिन भित्र कार्यरथी विभागले मन्त्रालयमा पठाउनु पर्नेछ र यसरी प्राप्त हुन आउने विवरण मन्त्रालयले ऐनको दफा ६२ बमोजिमको समितिमा पठाउनु पर्नेछ ।

*१०४क. **दान, उपहार, चन्दा आदि लिन नहुने:** (१) सरकारी काममा कुनै पिन प्रकारको असर पर्न सक्ने गरी कुनै पनि सैनिक व्यक्ति र निजको परिवारको सदस्य समेतले नेपाल सरकारको पूर्व स्वीकृतिबिना स्वदेशी वा विदेशी कसैबाट कुनै प्रकारको दान दातव्य, कोसेली वा उपहार स्वीकार गर्न वा चन्दा माग वा सरकारी कामसँग सम्बन्धित व्यक्तिसँग सापटी लनु हुँदैन ।

(२) सैनिक व्यक्तिलाई कुनै विदेशी सरकार वा विदेशी सरकारको कुनै प्रतिनिधिबाट कुनै उपहार प्राप्त हुन आएमा निजले नेपाल सरकारलाई सो कुराको सूचना दिई निकासा भए बमोजिम गर्नुपर्छ ।

---

* दोस्रो संशोधनद्वारा थप ।

*१०४ख. **आचरण सम्बन्धी व्यवस्था लागू गर्ने:** नेपाली सेनाको व्यवस्थापन गर्नको लागि सेनासँग सम्बन्धित विशिष्ट प्रकारका मापदण्ड, सुरक्षासँग सम्बन्धित नीति, आचरण तथा अनुशासनसँग सम्बन्धित कार्यविधि नेपाली सेनाले पि.एस.ओज. बाट निर्णय गरी लागू गर्नेछ । त्यस्तो कार्यविधिमा उल्लेखित आचरण तथा अनुशासनको अवज्ञा गरेमा वा सोको विपरीत कार्य गरेमा निजले प्राप्त गरिरहेको सुविधा घटाउन वा वञ्चित गर्न सक्नेछ ।

स्पष्टीकरणः यस नियमको प्रयोजनको लागि "आचरण तथा अनुशासन" भन्नाले सरकारको विरुद्ध अनुचित भ्रम सृजना गर्ने, सरकारी सूचना चुहावट गर्ने, विदेशीसँग अनुचित एवं अवाञ्छित सम्पर्क कायम गर्ने, सचेत गराउँदा पनि अटेर गर्ने, आर्थिक अनुशासन, भू.पू. सैनिकको आचरण, सूचना तथा सामाग्रीको सुरक्षा, सामाजिक सञ्जालको प्रयोग, पदीय मर्यादा, दान उपहार लिनमा प्रतिबन्ध, कार्यसम्पादन सम्झौता (कमाण्ड प्रतिबद्धता), ह्याण्डओभर नोट तथा कार्यसम्पन्न प्रतिवेदन (इण्ड अफ असाइनमेन्ट) को व्यवस्था र आचरण तथा अनुशासन सम्बन्धी आवश्यक अन्य विषयहरु भनी सम्झनु पर्छ ।

१०५. **नीतिगत व्यवस्था:** नेपाली सेनामा सरुवा, बढुवा, योग्यता तथा अनुभवको निर्धारण, आर्थिक दायित्व बृद्धिका विषय, वृत्ति विकास, सेनाको व्यवस्थापनका अन्य नीतिगत व्यवस्था लगायतका विषयमा नीतिगत रुपमा नयाँ व्यवस्था गर्नुपरेमा वा साविक नीतिमा परिवर्तन गर्नुपरेमा मन्त्रालयको स्वीकृति वा मन्त्रालयबाट निर्णय भए बमोजिम गर्नु पर्नेछ ।

१०६. **अभिलेख राख्ने:** (१) कुनै सैनिक व्यक्ति भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त भएमा सैनिक व्यक्तिहरुको सम्बन्धमा बर्खास्त गरिएको अभिलेख राख्ने जिम्मेवारी प्राप्त विभागले त्यस्ता व्यक्तिहरुको तीनपुस्ते खुलेको हुलिया समेतको सूचना जंगी अड्डाको सम्बन्धित विभाग तथा आवश्यकता अनुसार प्रहरीलाई समेत दिनु पर्नेछ ।

(२) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिएका सैनिक व्यक्ति सैनिक सेवा वा पदमा पुनः नियुक्ति भएमा निजले त्यसरी पुनः नियुक्ति भई पाएको तलब भत्ता लगायतका अन्य रकम निजबाट फिर्ता गराई निजलाई तुरुन्त सेवाबाट बर्खास्त गरिनेछ।

१०७. **मेडिकल बोर्ड:** कुनै सैनिक व्यक्ति विरामी भएको वा अशक्त भएको विषयमा जाँचबुझ गरी आवश्यक सिफारिस गर्न देहाय बमोजिमको मेडिकल बोर्ड गठन हुनेछः-

(क) सैनिक स्वास्थ्य महानिर्देशक -अध्यक्ष

* दोस्रो संशोधनद्वारा थप ।



कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

(ख) प्रधान सेनापतिले तोकेको सैनिक अस्पतालका
दुईजना चिकित्सक -सदस्य

१०८. **व्यक्तिगत विवरणः** ⊛(१) प्रमुख सेनानी वा सो भन्दा माथिका सैनिक व्यक्तिको बढुवाको सिफारिस गर्दा र महा सेनानी वा सोभन्दा माथिका सैनिक व्यक्तिको म्याद थप गर्दा अनुसूची-५, अनुसूची-७ र अनुसूची-१४ तथा सरुवाको सिफारिस गर्दा अनुसूची-५ र अनुसूची-१४ बमोजिमको विवरण फाराम भरी मन्त्रालयमा पठाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम एक पटक व्यक्तिगत विवरण पठाई सकेका सैनिक व्यक्तिको थप भएको व्यक्तिगत विवरण मात्र पठाउनु पर्नेछ ।

१०९. **निर्देशिका र कार्यविधि बनाउन सक्नेः** (१) मन्त्रालयले नेपाली सेनासँग परामर्श गरी सैनिक प्रहरी र महिला सैनिकको काम, कर्तव्य र अधिकारलाई व्यवस्थित गर्न सैनिक प्रहरी निर्देशिका र महिला सेवा निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

⊛ (२) नेपाली सेनाले व्यवस्थापनका विविध पक्षमा आवश्यकता अनुसार कार्यविधि बनाई मन्त्रालयको स्वीकृतिमा लागू गर्न सक्नेछ ।

❖(३) नेपाली सेनाले विभूषण सम्बन्धी आन्तरिक सिफारिस, प्रधान सेनापति प्रशंसा निशान, प्रशंसा पत्र, पुरस्कार (ग्रेड थप, नगद) सम्बन्धी निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

११०. **यसै नियम बमोजिम हुनेः** सैनिक सेवाका विभिन्न समूह वा विषयका सम्बन्धमा बनेको अन्य नियममा लेखिएको कुरामा सोही बमोजिम र नलेखिएका कुराहरुमा यस नियमावली बमोजिम हुनेछ ।

१११. **अनुसूचीमा हेरफेर वा थपघट गर्नेः** नेपाल सरकारले आवश्यक देखेमा राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक हेरफेर वा थपघट गर्न सक्नेछ ।

११२. **खारेजी र बचाउः** (१) देहायका नियमहरु खारेज गरिएका छन्ः-

(क) सैनिक बिदा नियमहरु, २०१९
(ख) शाही सैनिक नियुक्ति, प्रमोशन र अरु विविध व्यवस्था साधारण नियमहरु, २०२०
(ग) केटा (भर्ना तथा सेवा शर्त) नियमहरु, २०२८

---

⊛ दोस्रो संशोधनद्वारा संशोधित ।
❖दोस्रो संशोधनद्वारा थप ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(घ) शाही नेपाली सेना (निवृत्तभरण, उपदान र अन्य सुविधा) नियमावली, २०३३

(ङ) शाही नेपाली सेना (दैनिक तथा भ्रमण भत्ता) नियमावली, २०३३

(च) सैनिक प्रहरी सम्बन्धी नियमावली, २०५८ को नियम ४ ।

(२) उपनियम (१) मा उल्लिखित नियमहरु बमोजिम भए गरेको काम कारबाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछ ।

---

**<u>द्रष्टव्यः</u>** (१) पहिलो संशोधनद्वारा थप गरिएको व्यवस्थाः-

<u>विशेष व्यवस्था</u> **:** नियम ८३ को उपनियम (७) र (११), नियम ८५ को उपनियम (१क), नियम ८७ को उपनियम (२क) र (२ख) र नियम ८७क. बमोजिमको सुविधा संवत् २०५८ साल मंसीर ८ गते देखि संवत् २०६३ साल मंसीर ४ गते सम्म जङ्गी कारबाही वा सेना परिचालनमा खटिएका सैनिक व्यक्ति तथा परिवारलाई समेत दिइनेछ ।

(२) चौथो संशोधनद्वारा रुपान्तर गरिएका शब्दहरुः-

(क) "पदिक तथा हुद्दा" भन्ने शब्दहरुको सट्टा "पदिक तथा विल्लादार",

(ख) "हुद्दा अधिकृत क्याडेट" भन्ने शब्दहरुको सट्टा "विल्लादार अधिकृत क्याडेट" ।

(३) पाँचौ संशोधनद्वारा रुपान्तर गरिएका शब्दहरुः-

"गणपति/युनिट कमाण्ड तथा स्टाफ कोर्ष", "गणपति वा युनिट कमाण्ड तथा स्टाफ कोर्ष", "गणपति र युनिट कमाण्ड तथा स्टाफ कोर्ष", "युनिट कमाण्ड तथा स्टाफ" र "युनिट कमाण्ड तथा स्टाफ कोर्ष" भन्ने शब्दहरुको सट्टा "अल आर्म्स कमाण्ड तथा स्टाफ कोर्ष/गणपति/युनिट कमाण्ड तथा स्टाफ कोर्ष"

(४) छैटौ संशोधनद्वारा रुपान्तर गरिएका शब्दहरुः-

मूल नियमावलीको ठाउँ-ठाउँमा रहेका “प्रवेशिका परीक्षा” र “एस.एल.सी. वा सो सरह” भन्ने शब्दहरूको सट्टा “एस.ई.ई. वा सो सरह”



कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

**अनुसूची-१**

**(नियम ३ को उपनियम (२) सँग सम्बन्धित)**

**<u>नेपाली सेनामा रहने सेवा र समूह</u>**

१. सैनिक साधारण सेवा

२. <u>सैनिक प्राविधिक सेवा:</u> यस सेवामा देहायका समूहहरु रहनेछन्:-

(क) सैनिक स्वास्थ्य समूह

(ख) सैनिक इन्जिनियरिङ्ग समूह

(ग) पशु विकास तथा पशु स्वास्थ्य समूह

•(ग१) विकास निर्माण समूह

(घ) अन्य प्राविधिक समूह

३. सैनिक प्राड सेवा

४. <u>सैनिक हवाई सेवा:</u> यस सेवामा देहायका समूहहरु रहनेछन्:-

(क) पाइलट समूह

(ख) हवाई सम्भार समूह

(ग) अन्य हवाई समूह

■५. <u>सैनिक विविध सेवा:</u> यस सेवामा देहायका समूहहरु रहनेछन्:-

(क) पुजारी समूह

(ख) सैनिक कर्मचारी समूह

(ग) लेखा समूह

(घ) बन्दोबस्ती कार्य समूह

(ङ) रयारिजन समूह

•६. सैनिक अल्प सेवा

• पहिलो संशोधनद्वारा थप ।

■ पहिलो संशोधनद्वारा संशोधित ।



कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

## अनुसूची-२
### (नियम ४ को उपनियम (२) सँग सम्बन्धित)
### फलोअर्समा रहने श्रेणीविहिन पद

फलोअर्समा रहने श्रेणी विहिन पद देहाय बमोजिम हुनेछः-

(१) बन्दोबस्ती कार्य सिपाही

(२) सुचिकार

(३) कुचिकार

(४) चर्मकर्मी

(५) भान्छे

(६) सहायक भान्छे

(७) लोहकार

(८) धोवी

(९) केशकर्तक

(१०) सिकर्मी

(११) टहलुवा

(१२) माली

(१३) सयस

(१४) मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको अन्य पद ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

**अनुसूची-३**

**(नियम १३ को उपनियम (२) सँग सम्बन्धित)**

**विज्ञापनको ढाँचा**

पदपूर्ति समिति

कार्यरथी विभाग, भर्ना छनौट निर्देशनालय

जंगी अड्डा

............. पदको लागि दरखास्त आह्वान"

(प्रथम पटक प्रकाशित मिति २०/......./.......गते)

१. सैनिक सेवामा रिक्त रहेका.............पद खुल्ला प्रतियोगिताबाट पदपूर्ति गर्न आवश्यक भएकोले देहायको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट दरखास्त आह्वान गरिन्छ ।

२. आवश्यक संख्याः

३. दरखास्त दिने मिति र स्थानः

४. दरखास्त दस्तुर

५. आवश्यक योग्यता

   (क) शैक्षिक योग्यता

   (ख) शारीरिक योग्यता

   (ग) अन्य योग्यता

६. उमेरको हदः

७. सैनिक सेवाका वहालवाला उम्मेदवारः

८. पेश गर्नु पर्ने आवश्यक प्रमाणपत्रहरु

९. फोटोग्राफः

१०. सम्पर्क मिति र स्थानः

११. छनौट प्रक्रिया

१२. तलव, भत्ता, राशन तथा अन्य सुविधाहरुः

१३. दरखास्त फारामः दरखास्त फाराम

१४. अन्य शर्तहरु

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

## अनुसूची-४
(नियम २४ को उपनियम (१) सँग सम्बन्धित)

झण्डा

नेपाली सेनाको झण्डा




प्रधान सेनापतिको झण्डा



“

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

₹अनुसूची-४क.

(नियम २४ को उपनियम (२) सँग सम्बन्धित)

<u>नेपाली सेनाको दर्ज्यानी चिन्ह</u>




“

---

₹ छैटौं संशोधनद्वारा थप ।

**अनुसूची-५**

**(नियम २९ को उपनियम (४) सँग सम्बन्धित)**

**सरुवाको सिफारिस गर्दा भरेर पठाउनु पर्ने फाराम**

| सि.नं. | पदको नाम | पद रिक्त हुने मिति | पद रिक्त हुनाको कारण | हालको पदमा सरुवा भएका स्थानहरु | सरुवा गर्नुपर्ने आधार र कारण | रिक्त पदमा सरुवाको लागि प्रस्तावित रथीवृन्द तथा महासेनानीको व्य.नं., नामथर | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | (क)<br>(ख)<br>(ग)<br>(घ) | (क)<br>(ख)<br>(ग)<br>(घ) | | |

| | | | |
|---|---|---|---|
| तयार गर्नेको दस्तखत, मिति | | प्रमाणित गर्नेको दस्तखत मति | |
| | | | |

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

## अनुसूची-६

**(नियम ३२ को उपनियम (१) को खण्ड (क), नियम ४१ को उपनियम (१) र (२) र ४५ को उपनियम (१) सँग सम्बन्धित)**

**तालिम र योग्यता**

**१. खण्ड (क) सहायक सेनानी देखि रथीसम्मका लागि**

| सि.नं. | बढुवा हुने दर्जा | आवश्यक पर्ने तालिम सम्बन्धी विवरण | |
|---|---|---|---|
| | | साधारण सेवा | सैनिक प्राविधिक सेवा/प्राड सेवा/ हवाई सेवा/ विविध सेवा |
| ≈१ | प्रमुख सुवेदार वा सुवेदारबाट सहायक सेनानी हुनको लागि | ज्येष्ठ पदिक तालीम वा सो सरहको तालीम | |
| Π१क | सहायक सेनानीबाट उपसेनानी हुनको लागि | अधिकृत क्याडेट बेशिक तालीम वा पदिक वा विल्लादार अधिकृत क्याडेट तालीम वा सो सरहका अधिकृत आधार तालीम | |

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

≈ चौथौं संशोधनद्वारा संशोधित ।

Πचौथौं संशोधनद्वारा थप ।

| | | | |
|---|---|---|---|
| Π१ख | उपसेनानीबाट सहसेनानी हुनको लागि | १. <u>युवक अधिकृत</u><br>(क) प्लाटुन कमाण्डर्स व्याटल तालिम<br>(ख) कमाण्डो ।<br>■<u>द्रष्टव्य</u>:<br>(१) महिला अधिकृत र चौंतिस वर्ष उमेर नाघेका पुरुष अधिकृतले कमाण्डो तालिम गर्नुपर्ने छैन।<br>(२) मित्रराष्ट्रमा सञ्चालन हुने अधिकृत क्याडेट आधार तालिममा सहभागी भई सोही राष्ट्रबाट कमाण्डो तालिम सम्पन्न गरेका अधिकृतले पुनः कमाण्डो तालिम गर्नुपर्ने छैन।<br>२. <u>निम्न लेग तालिम मध्ये कुनै एक</u><br>(क) एकासी मिलिमिटर मोर्टार<br>(ख) मिडियम मेशिन गन<br>(ग) प्रबन्ध<br>(घ) रेजिमेण्टल सिग्नल अफिसर<br>(ङ) ईन्जिनियर अधिकृत आधार तालिम<br>(च) फिल्ड आर्टिलरी युवक अधिकृत तालिम<br>(छ) एयर डिफेन्स  आर्टिलरी युवक अधिकृत तालिम<br>(ज) ईन्जिनियर युवक अधिकृत तालिम<br>(झ) सिग्नल युवक अधिकृत तालिम<br>(ञ) ईण्ट तथा स्टाफ अधिकृत<br>(ट) सर्भिसेजका लेग सरहको तालिमहरू<br>(ठ) सिग्नल अधिकृत आधार तालिम<br>(ड) कम्व्याट् तथा सो सरह | प्राविधिक अधिकृत आधार तालिम |

Π चौथौं संशोधनद्वारा थप ।

■ छैटौं संशोधनद्वारा संशोधित ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

| | | | |
|---|---|---|---|
| | | (ढ) मेकनाइज्ड युवक अधिकृत तालीम<br>(ण) आर्मोड युवक अधिकृत तालीम<br>(त) विभिन्न आर्म्सका वाई ओज वा लेग सरहका तालीमहरु<br>द्रष्टव्यः युवक अधिकृत तालिम पूरा गरेपछि लेग तालिम गर्न बाँकी भएमा तालिम पूरा गरे पछि सहसेनानी दर्जामा बढुवा हुने गरी आक्टिंग सहसेनानी दर्जामा बढुवा गर्न बाधा पर्ने छैन ।<br>३. वारफेयर (निम्न मध्ये कुनै एक तर सहसेनानी दर्जामा पदोन्नतिको लागि आवश्यक नपर्ने)<br>(क) प्रतिविद्रोह तथा जंगल वारफेयर<br>(ख) माउण्टेन वारफेयर । | |
| २ | सहसेनानीबाट सेनानी हुनको लागि | गुल्मपति तथा स्टाफ तालिम<br>द्रष्टव्यः युवक अधिकृत तालिमको प्लाटुन कमाण्डर्स व्याटल तालिम र कमाण्डो दुबै खण्ड ⊕पुरा नगरी गुल्मपति तथा स्टाफ तालीममा सरिक गराइने छैन। तर महिला अधिकृतहरूको लागि कमाण्डो र वारफेयर तालिम अनिवार्य गरिने छैन । | |
| ३ | सेनानी बाट प्रमुख सेनानी हुनको लागि | १. स्टाफ कलेज वा<br>⇐२. अल आर्म्स कमाण्ड तथा स्टाफ कोर्ष/गणपति/युनिट कमाण्ड तथा स्टाफ कोर्ष । | |
| ▤४ | प्रमुख सेनानीबाट महासेनानी हुनको लागि | १. स्टाफ कलेज, वा<br>२. अल आर्म्स कमाण्ड तथा स्टाफ कोर्ष/ गणपति/ युनिट कमाण्ड तथा स्टाफ कोर्ष | |
| ▤५ | महासेनानीबाट सहायक रथी | हाईयर कमाण्ड तथा म्यानेजमेण्ट तालीम (एच.सि. एम.सि.) | |

⇐दोस्रो संशोधनद्वारा संशोधित ।

▤पाँचौ संशोधनद्वारा संशोधित ।



कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

| | | | |
|---|---|---|---|
| | हुनको लागि | | |
| ६ | सहायक रथी बाट उपरथी हुनको लागि | नेशनल डिफेन्स कोर्ष, रोयल कलेज अफ डिफेन्स स्टडिज, वार कलेज, डिफेन्स एण्ड स्ट्राटेजिक स्टडिज (नेशनल डिफेन्स युनिभर्सिटी) मध्ये कुनै एक तालिम गर्नु पर्ने । | |
| ७ | उपरथीबाट रथी हुनको लागि | | |

<u>द्रष्टव्यः</u>

१. नेपाली सेनाद्वारा हायर कमाण्ड तथा म्यानेजमेण्ट कोर्ष संचालन भएको दुई वर्ष पश्चात मात्र उक्त कोर्ष महासेनानीबाट सहायक रथी हुनको लागि अनिवार्य हुनेछ । यस्तो तालिममा महासेनानीलाई वरिष्ठताको आधारमा समावेश गराईनेछ । तालिमका लागि आवश्यक पर्ने महासेनानी उपलव्ध हुन नसकको अवस्थामा वरिष्ठ प्रमुख सेनानीलाई समेत समावेश गर्न सकिनेछ । यसरी तालिम लिएका प्रमुख सेनानीको हकमा महासेनानीमा कार्यरत रह"दा पुन तालिम लिई रहनु पर्ने छैन ।

२. ⊗ .............

<u>साधारण तर्फ पदिक अङ्गका सिपाही देखि सुवेदार तथा प्राविधिक अमल्दार देखि ख श्रेणीका प्राविधिक उप सेनानी सम्म बढुवाको लागि गर्नु पर्ने तालिम, योग्यता र पेशागत दक्षता अभिवृद्धिको लागि गर्न सक्ने तालिम</u>

**२. <u>साधारण तर्फ (पदिक अंङ्गका) सिपाही देखि सुवेदारसम्म</u>**

| सि.नं. | दर्जा | बढुवा प्रयोजनको लागि गर्नुपर्ने तालिम, योग्यता | पेशागत दक्षता अभिवृद्धिको लागि गर्न सक्ने तालिम, योग्यता |
|---|---|---|---|
| १ | सिपाहीबाट प्युठ | युनिट आधार तालिम, बिल्लादार •....... ग्रेड तीन आर्मी थर्ड क्लास | जि.पि.एम.जी./एम.एम.जि. एकासी मि.मि.मोर्टार, एण्टी ट्याङक, रेजिमेण्टल सिंग्नल, ड्रिल/पि.टि., ड्राईभिङ्ग, बिगुलर/ड्रम/पाईपर, डकर्मी/सिकर्मी, स्ट्रेचर बियरर, एफ.ई., भण्डारे, फायर फाईटिङ्ग, स्नाईपर ❦<u>,स्विफ्ट वाटर सर्च एण्ड रेस्क्यु तालिम</u> |
| २ | प्युठबाट | मद्दती वा बन्दोबस्ती | ड्रिल/पि.टि., रेजिमेण्टल सिंग्नल, जि.पि.एम.जी./ एम.एम.जि. |

⊗ पहिलो संशोधनद्वारा झिकिएको ।

• दोस्रो संशोधनद्वारा झिकिएको ।

❦ छैटौं संशोधनद्वारा थप ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

| | | | |
|---|---|---|---|
| | अमल्दार | सम्बन्धी कुनै एक तालिम मात्र । | एकासी मि.मि.मोर्टार, एण्टि ट्याङ्क, स्ट्रेचर बियरर, एफ.ई., आर्मी सेकेण्ड क्लास, सि.आई.जे.डब्लु, माउण्टेन वारफेयर, ड्राईभिङ्ग, हाईजिन एण्ड स्यानिटेशन, सैनिक प्रहरी |
| ३ | अमल्दारबाट हुद्दा | बिल्लादार •........ ग्रेड दुई | आर्मी सेकेण्ड क्लास, सि.आई.जे.डब्लु, माउण्टेन वारफेयर, आर्मी फष्ट क्लास, हाईजिन एण्ड स्यानिटेशन, ईण्टेलिजेन्स |
| ४ | हुद्दाबाट जमदार | ⊛एस.ई.ई. वा सो सरह, आर्मी फष्ट क्लास र बिल्लादार ग्रेड एक | आर्मी फष्ट क्लास, ईण्टेलिजेन्स हाइजिन एण्ड स्यानिटेशन, मेथड अफ ईन्सट्रक्शन, |
| ५. | जमदारबाट सुवेदार | ⊛एस.ई.ई. वा सो सरह, आर्मी फष्ट क्लास जेष्ठ पदिक ☙वा नेतृत्व विकास तालिम | मेथड अफ ईन्सट्रक्शन, ईण्टेलिजेन्स तथा सेक्युरिटी |
| ६. | सुवेदार | | ईण्टेलिजेन्स तथा सेक्युरिटी |

☗द्रष्टव्य:

१. “मद्दती सम्बन्धी तालिम” भन्नाले जि.पि.एम.जी., ए.जि.एल., एम.एम.जि., ८१ मि.मि. मोर्टार, एण्टी ट्याङ्क (४० मि.मि. आर.एल., ८४ मि.मि. कार्ल गुस्ताव), आई.ई.डि.डि. वा नेपाली सेनाले साङ्गठनिक व्यवस्थाअनुसार प्रयोगमा ल्याउने सो सरहको मद्दती हतियारसम्बन्धी तालिम, रेजिमेण्टल सिग्नल, स्नाइपर तालिम सम्झनु पर्छ।

२. “बन्दोबस्ती सम्बन्धी तालिम” भन्नाले ड्राईभिङ्ग एण्ड मेन्टिनेन्स, स्ट्रेचर वियरर, भण्डारे, फायर फाइटिङ्ग, प्रि-नर्सिङ असिस्टेण्ट, नर्सिङ असिस्टेण्ट ग्रेड तीन र प्रबन्ध तथा स्टोर किपर वा सो सरहको तालिम सम्झनु पर्छ।

## ३. नेपाल क्याभलरी

| सि.नं. | दर्जा | बढुवा प्रयोजनको लागि गर्नुपर्ने तालिम, योग्यता | पेशागत दक्षता अभिवृद्धिको लागि गर्न सक्ने तालिम, योग्यता |
|---|---|---|---|
| १. | सिपाहीबाट | युनिट आधार तालिम, | टेण्ट पेगिङ्ग, ड्रम्पेटर, सो जम्प, नालबन्दी, ड्रिल/पि.टी. |

⊛ दोस्रो संशोधनद्वारा संशोधित ।

☙ छैटौं संशोधनद्वारा थप ।

☗ छैटौं संशोधनद्वारा संशोधित ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

| | | | |
|---|---|---|---|
| | प्युठ | आर्मी थर्ड क्लास , घोडचडी वेशिक | |
| २. | प्युठबाट अमल्दार | घोडचडी एडभान्स, बिल्लादार •...... ग्रेड तीन | सो जम्प, टेण्ट पेगिङ्ग, नालबन्दी, ड्रिल/पि.टी., आर्मी सेकेण्ड क्लास, सैनिक प्रहरी, नयाँ घोडा तालिम वेशिक |
| ३. | अमल्दारबाट हुद्दा | नयाँ घोडा तालिम, बिल्लादार •........ ग्रेड दुई | आर्मी सेकेण्ड क्लास, सो जम्प, टेण्ट पेगिङ्ग, |
| ४. | हुद्दाबाट जमदार | बिल्लादार •....... ग्रेड एक, आर्मी सेकेण्ड क्लास, नयाँ घोडा शिक्षक तालिम | आर्मी फष्ट क्लास, मेथड अफ ईन्सट्रक्शन, कोच डि.एण्ड एम. |
| ५. | जमदारबाट सुवेदार | आर्मी फष्ट क्लास जेष्ठ पदिक •........ कोच एण्ड ड्राईभिङ्ग | मेथड अफ ईन्सट्रक्शन, कोच डि. एण्ड एम., ईण्टेलिजेन्स तथा सेक्युरिटी |
| ६. | सुवेदार | कोच डि. एण्ड एम. | ईण्टेलिजेन्स तथा सेक्युरिटी |

४. [⊛]**विशेष फौज बाहिनी अन्तर्गत**

(क) श्री भैरबनाथ गण

| सि.नं. | दर्जा | बढुवा प्रयोजनको लागि गर्नुपर्ने तालिम, योग्यता | पेशागत दक्षता अभिवृद्धिको लागि गर्न सक्ने तालिम, योग्यता |
|---|---|---|---|
| १. | सिपाहीबाट प्युठ | आर्मी थर्ड क्लास, प्यारा वेशिक, प्यारा कमाण्डो, बिल्लादार•....... ग्रेड तीन | एकासी मि.मि.मोर्टार, जि.पि.एम.जी./ एम.एम.जि., एण्टीटयाङ्क रेजिमेण्टल सिग्नल, स्ट्रेचर बियरर, एफ.ई., बिगुलर/ड्रमर /पाईपर, स्नाईपर, भण्डारे, फायर फाईटिङ्ग, डकर्मी/सिकर्मी, ड्रिल/पि.टी., ड्राईभिङ्ग |
| २. | प्युठबाट अमल्दार | मद्दती वा वन्दोवस्ती मध्ये कुनै एक •....... मात्र | नर्सिङ्ग असिस्टेण्ट, एकासी मि.मि.मोर्टार, जि.पि.एम.जी./ एम.एम.जि., एण्टि टयाङ्क, रेजिमेण्टल सिग्नल, एफ.ई., आर्मी सेकेण्ड क्लास, माउण्टेन वारफेयर/ सि.आई.जे.डब्लु, |

